# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ३४ बुधबार, ११ चैत २०८२ | SOURYA NATIONAL DAILY | Wednesday, 25 March 2026 | पृष्ठ : ८+४ | मूल्य रू. ५


# कांग्रेसमा फेरि बल्झियो गुटको लडाइँ

## ■ २४-२६ भदौमा महाधिवेशन गर्ने संस्थापनको प्रस्ताव, पहिले आधिकारिकता विवाद टुंगिनुपर्ने देउवा पक्षको अडान

■ विक्रम रत्न

काठमाडौँ । नेपाली कांग्रेसको १५औँ महाधिवेशनलाई लिएर गुटको लडाइँ र किचलो पुनः बल्झिएको छ। प्रतिनिधिसभा चुनावताका मत्थर भएको विवाद चुनावी परिणामलगत्तै फेरि चुलिएको हो । सभापति गगन थापाले महाधिवेशनको नयाँ कार्यतालिका प्रस्ताव गरेको छ भने पूर्वसभापति देउवा समूहले अदालतको फैसलाअघि महाधिवेशन गर्न नहुने धारणा सार्वजनिक गरेको छ। संस्थापनले आगामी २४-२६ भदौमा महाधिवेशन गर्ने प्रस्ताव गरेको छ। महाविधेशनकै विषयमा सहमति जुट्न नसक्दा विशेष महाधिवेशनले देउवा पक्षलाई पाखा लगाउँदै गगन पक्षको नेतृत्व स्थापित गरेको थियो । सो किचलोको असर २१ फागुनको चुनावमा देखियो। ८८ सिटसहित तत्कालीन प्रतिनिधिसभामा पहिलो दल रहेको कांग्रेस ३८ सिटमा खुम्चिएको छ। गुटबन्दी र अन्तरघातले क्षत्विक्षत् भएको कांग्रेस एकताबद्ध भएर अघि बढ्नुको सट्टा पुनः गुटकै लडाइँमा सक्रिय भएको छ।

देउवाकोइराला पक्षले समानान्तर गतिविधि थालेसँगै दबाबका परेको संस्थापनले आगामी भदौमा महाधिवेशन गर्ने प्रस्ताव गरेको छ। सभापति गगन थापाले मंगलबार सुरु केन्द्रीय समिति बैठकमा आगामी २४-२६ भदौ, २०८३ मा महाधिवेशन गर्ने प्रस्ताव गरेका हुन् । उनले महाधिवेशनका लागि आगामी १ वैशाखदेखिको कार्यतालिका ल्याएका छन् । गत २६-२८ पुसमा दोस्रो विशेष महाधिवेशनमार्फत् थापाको सभापतित्वमा नयाँ केन्द्रीय कार्यसमिति बनेको थियो । निवर्तमान सभापति शेरबहादुर देउवा पक्षधरले विशेष महाधिवेशनलाई मान्यता नदिन माग गर्दै सर्वोच्च अदालतमा हालेको मुद्दा विचाराधीन छ। गत आइतबार देउवा समूहले उपलब्ध शीर्ष नेताहरूको बैठक बसेर १४औँ महाधिवेशनको केन्द्रीय कार्यसमिति बैठक बोलाउने निर्णय गरेको थियो । विशेष महाधिवेशनलगत्तै प्रतिनिधिसभा चुनाव आएपछि विवाद थाती राखेर देउवा पक्ष पनि चुनावमा होमिएको थियो । चुनावको नतिजा आइसकेपछि देउवा पक्षले समानान्तर गतिविधि थालेको हो । महाधिवेशनको नयाँ मिति प्रस्ताव गर्दै सभापति थापाले इतर पक्षलाई पनि महाधिवेशनमा केन्द्रित हुन आग्रह गरेका छन् । ▸▸▸ बाँकी पृष्ठ ६



### ■ रास्वपालाई बधाई दिँदै सरकारको गतिमा साथ दिने बाचा

सभापति थापाले रास्वपालाई ५ वर्ष स्थिर सरकार सञ्चालनको म्यान्डेट पाएकामा बधाई दिएका छन् । उनले संविधान र जेनजी विद्रोहको मर्मअनुसार काम गर्न शुभेच्छा व्यक्त गर्दै भने, 'संविधानको मर्म र भावनाअनुसार, नौजवानहरूको विद्रोहको मर्मअनुसार उहाँहरूले सफलतापूर्वक आफ्नो कार्यकाल पूरा गर्नुहुन्छ भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।' सभापति थापाले कांग्रेसलाई चुनावले प्रमुख प्रतिपक्षको जिम्मेवारी दिएको भन्दै सरकारसँग बढी तागत भएका बेला प्रतिपक्षको झन् बढी भूमिका हुने बताए । उनले आगामी ५ वर्ष सुशासन, विकास र सेवा प्रवाहमा पहिलेको भन्दा ५/७ गुणा बढी काम हुनुपर्ने भन्दै रास्वपाले सो जिम्मेवारी पाएको बताए । यस काममा कांग्रेसको पूर्ण साथ रहने उनको प्रतिबद्धता छ । 'सुशासनको, विकासको, सेवा प्रवाहको गतिमा लिएर जाने मूल जिम्मेवारी पाउनुभएको छ । कांग्रेसको पूर्ण साथ रहन्छ । गति बढाउने, अप्ठ्यारोमा प्रोत्साहन गर्ने र प्रश्न गर्ने ठाउँमा प्रश्न रहन्छ । मूलतः यो सरकारलाई हाम्रो साथ रहन्छ,' उनले भने । सभापति थापाले आगामी ५ वर्ष देश द्वन्द्वमा पर्नु नहुने भन्दै त्यसका लागि कांग्रेसले भूमिका निर्वाह गर्ने बताए । 'यो ५ वर्ष नेपाल कुनै पनि दुर्घटनामा पर्नु हुन्न । द्वन्द्वमा पर्नु हुन्न । कुनै पनि अतिवादको चपेटामा पर्नु हुन्न । कांग्रेसको यो भूमिका हामी सतर्क र सचेत भएर निर्वाह गर्छौं,' उनले भने । सरकारले आगामी दिनमा अघि सार्ने कार्यक्रममा कांग्रेसको साथ रहने उनले बताए ।

### ■ ४८ सालदेखि २४ भदौमा जलेको पैसासम्म छानबिन गर्न माग

सभापति थापाले २०४८ देखि २०८२ सालसम्मको सरकारमा बसेका, सार्वजनिक पदमा बसेका सबैको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्न माग गरे । गलत ढंगले सम्पत्ति आर्जन गरेको पाइएमा जफत गर्नुपर्ने उनको माग छ । त्यस्तै, गिरिबन्धु जग्गा प्रकरण, ललितानिवास प्रकरण, वाइडबडी र २४ भदौमा नेताहरूको घरमा भेटिएको तथा जलेको पैसाबारे अनुसन्धान गर्नुपर्ने उनको माग छ । कानुनसम्मत् अनुसन्धान गरेर दोषीलाई सजायको दायरामा ल्याउनुपर्ने बताएका उनले जेनजी आन्दोलनका घटना छानबिन गर्न गठित आयोगको प्रतिवेदन तत्काल सार्वजनिक र कार्यान्वयन हुनुपर्ने पनि बताए ।

■ **गगन थापा**, *सभापति*



अब हामी सबैको अर्जुनदृष्टि अधिवेशनमा लाग्नुपर्नेछ । म यो समितिमा नभएका साथीहरूलाई पनि अपिल गर्न चाहन्छु– एउटा विशिष्ट अवस्थामा विशेष महाधिवेशन भयो । त्यो विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आयो, चुनावमा भाग लियौँ । अब हामी नियमित महाधिवेशनतर्फ जाँदै छौँ । विशेष महाधिवेशनमा कसले भाग लियो वा लिएन भन्ने विषय सकियो ।

■ **श्यामकुमार घिमिरे**, *देउवापक्षीय नेता*



सर्वोच्च अदालतलाई मेरो आग्रह छ– मुद्दा अल्झाएर राख्दा सर्वोच्चप्रतिको जनविश्वास गुम्ने खतरा हुन्छ । त्यसकारण चाँडो फैसला दिनुस् । त्यो फैसला आइसकेपछि जसको आधिकारिकता प्रमाणित हुन्छ, त्यसलाई मानेर त्यसैको नेतृत्वमा नियमित महाधिवेशनमा जानुपर्छ । नियमित महाधिवेशन त गर्नैपर्छ, चाहे देउवा पक्षले जितोस् वा गगन पक्षले ।

देउवा पक्षले भन्यो–

### ■ सर्वोच्चको फैसला नआई महाधिवेशन हुँदैन

१४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति बैठक बोलाउने निर्णय गरेर संस्थापनलाई दबाबमा राखेको देउवा समूह आगामी रणनीतिको गृहकार्यमा छ । पूर्णबहादुर खड्का, शेखर कोइरालालगायत नेता रणनीति बनाउन व्यस्त छन् । गगनकै हस्ताक्षरमा टिकट लिएर चुनाव लडेको सो पक्ष चुनावमा पराजय भोगेपछि भने छुट्टै गतिविधिमा लागेको हो । महाधिवेशनका लागि सर्वोच्च अदालतको फैसला कुर्नुपर्ने देउवा पक्षको धारणा छ । मुद्दा विचाराधीन रहेको अवस्थामा महाधिवेशनमा जानु नहुने देउवा पक्षीय नेता श्यामकुमार घिमिरे बताउँछन् । फैसला आएर कुनै एक पक्षले आधिकारिकता पाएपछि मात्रै महाधिवेशन गर्नुपर्ने उनको भनाइ छ । 'फैसलामा जसले आधिकारिकता पाउँछ, उसैले नियमित महाधिवेशनमा गराउने हो,' उनले भने, 'नियमित महाधिवेशन त गर्नैपर्छ ।'

## ■ बालेनसँगै सबै मन्त्रीको एकै पटक शपथ !

# १६ सदस्यीय मन्त्रिपरिषद् बनाउने तयारी, १८ सम्म पुऱ्याउनुपर्ने दबाब

■ सौर्य समाचार

काठमाडौँ । चैत १३ गते प्रधानमन्त्रीको रुपमा शपथ लिने गरी बालेन्द्र शाह (बालेन)ले तयारी थालेका छन् । र, सोही दिन नै पूर्ण मन्त्रिपरिषद् पनि गठन गर्ने रास्वपाको योजना छ । प्रधानमन्त्रीसँगै बाँकी मन्त्रीहरुले पनि एकैसाथ शपथ लिने गरी तयारी अघि बढेको रास्वपाका एक नेता बताउँछन् । तर, कति जना र क-कस्लाई मन्त्री बनाउने भन्ने बारे अहिलेसम्म कुनै टुंगो लागि सकेको छैन । टुंगो लागिसकेका नामहरु पनि रास्वपाबाट बाहिरिएको छैन । सांसदका रुपमा निर्वाचित भएपछि प्रधानमन्त्रीका उम्मेदवार बालेन एक पटक पनि सार्वजनिक रुपमा देखा परेका छैनन् । केही दिनअघि रास्वपा उपसभापतिले बालेनसहितको तस्बिर सार्वजनिक गर्दै सरकार निर्माणमा व्यस्त भएको संकेत गरेका थिए ।

बालेन निकट स्रोतका अनुसार उनी अहिले मन्त्रालय निर्धारण, मन्त्रीको छनोट तथा सुशासनका सबालमा तत्काल र दीर्घकालिन रुपमा चाल्न सकिने विषयहरुको तालिकिकरणमा व्यस्त छन् । 'प्रधानमन्त्री बनेपछि छलफल गर्नुभन्दा आफ्ना योजना तथा काम निर्धारण गरेर जाँदा सहज हुन्छ, त्यही भएर उहाँ त्यसमा व्यस्थ हुनुहुन्छ,' बालेन निकट एक नेताले बताए । यसका लागि बालेनले पार्टीभित्र र विज्ञहरुसँग पनि सुझाव लिइरहेका छन् । प्रधानमन्त्रीसँगै सबै मन्त्रीहरुको तय गर्नसके सरकार निर्माणमा अभिनु नपर्ने र 'फस्ट डे' बाटै एक्सनमा आउन सजिलो हुने ती नेता बताउँछन् ।

रास्वपाका अधिकांश सांसदहरु कुनै नकुनै क्षेत्रका विज्ञ र जुझारु भएकाले मन्त्री छान्नका लागि रास्वपाभित्रै सकस छ । रास्वापाकै पुराना नेता तथा दोहोरीएका सांसदहरु क्षमता हुँदा पनि



अवसर नपाएर बसिरहेको अवस्थामा उनीहरुसँगै 'बालेन टिम'लाई सहज बनाउन क-कस्लाई सरकारमा पठाउने भन्ने बारे रास्वपाभित्रै लामो छलफल चलेको थियो । तर, केही सिमित अनुहारबाहेक मन्त्रिपरिषद्को खाका अझै तयार भएको छैन । विषय विज्ञसँगै सम्बन्धीत मन्त्रालय हाँक्न सक्ने र जेनजी आन्दोलनका मागअनुसारका मुद्दालाई अघि बढाउनसक्ने गरिको अनुहार रास्वापको पहिलो रोजाइमा छ ।

स्वर्णीम वाग्ले, सोभित गौतम, डोलप्रसाद अर्याल, सुनिल लम्साल, इन्दिरा राना मगर, मनिष झा जस्ता नेताहरुको नाम मन्त्रीका रुपमा अघि बढे पनि कस्लाई कुन मन्त्रालय दिने वा सरकार बाहिरका सभामुख, समिति सभापतिलगायतको नेतृत्वमा कसरी व्यवस्थापन गर्ने भन्ने बारे छलफल चलिरहको छ । रास्वापाभित्र मन्त्रीका लागि पुराना पार्टी जसरी लामलस्कर नलागेको रास्वापाका एक सांसद् बताउँछन् । सांसद् अभिमुखिकरण कार्यक्रममा सभापति रवि लामिछानेले पनि यसमा प्रस्ष्ट सन्देश दिएकाले पार्टीका शिर्ष नेतृत्वसम्म मन्त्रीकै लागि कसैले पनि लबिइङ नगरेको ती नेता सुनाउँछन् । ▸▸▸ बाँकी पृष्ठ ६



जनकपुरमा चैती छठको मुख्य दिन मंगलबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिइँदै बर्तालु । नेपाल र भारतका मिथिला क्षेत्रमा गत आइतबार चतुर्थीदेखि धार्मिक विधिपूर्वक सुरु भएको ४ दिने चैती छठको मुख्य दिन षष्ठी तिथिको साँझ विभिन्न जलाशयमा पसेर बर्तालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठ मनाएका हुन् । प्रत्येक वर्ष चैत र कात्तिक शुक्ल षष्ठीमा गरी २ पटक छठ पर्व मनाइन्छ । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

## ■ नयाँ सांसदको शपथ नयाँ भवनमा !

# १७ वर्षपछि सिंहदरबार फर्कियो संसद्

■ सौर्य समाचार



काठमाडौँ । नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथग्रहणका लागि संघीय संसद् सचिवालयले तयारी पूरा गरेको छ । सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाका अनुसार शपथ र सभाका प्रारम्भिक बैठकका लागि आवश्यक तयारी पूरा भएको हो । उनका अनुसार मुख्य हल निर्माण नहुँदासम्मका लागि बहुउद्देश्यीय हललाई नै प्रयोग गरिनेछ । त्यसका लागि आवश्यक कुर्सी, साउन्ड सिस्टम, भिडियो सिस्टमलगायत व्यवस्थापन भइसकेको उनले बताए । त्यस्तै, प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटै दलका लागि संसदीय सचिवालयसमेत उपलब्ध गराइसकेको कोइरालाले बताए । नवनिर्वाचित सांसदहरूको शपथ भोलि १२ गते सोही बहुउद्देश्यीय हलमा हुँदै छ । संसद् सचिवालयका अनुसार मंगलबारसम्म ३८ जनाले मातृ भाषामा शपथ लिन दर्ता गराइसकेका छन् भने बुधबार यो संख्या अझ थपिन सक्ने जनाइएको छ । यस पटक संस्कृतसँगै, मैथिली, भोजपुरी, डोटेलीलगायत भाषामा सांसदहरूले शपथ लिँदै छन् ।

कामचलाउ हिसाबमा बहुउद्देश्यीय हल तयार गरिए पनि संयुक्त सदन सञ्चालनका लागि भने समस्या पर्न सक्ने सचिवालयको आकलन छ । तर, हाल व्यवस्थापन गरिएका कुर्सीको ग्याप कम गरेर थप कुर्सी व्यवस्थापन गरेर भए पनि बैठक सञ्चालन गर्नुपर्ने बाध्यता रहेको सहायक प्रवक्ता कोइराला बताउँछन् । 'संयुक्त सदनमा राष्ट्रपतिज्यूले मात्र सम्बोधन गर्ने र सभामुखले धन्यवाद ज्ञापन गर्ने र अन्य सांसदले बोल्नुनपर्ने भएकाले कुर्सी थप गरेर भए पनि बैठक सञ्चालन गर्न सकिन्छ भन्ने छ,' कोइरालाले भने ।


### ■ २०६५ मा सिंहदरबारबाट बाहिरिएको थियो संसद्

पहिलो संविधानसभा चुनावपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ । गत २१ फागुनको चुनानवबाट गठित प्रतिनिधिसभाको बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्नेछ । २८ चैत, २०६४ मा भएको चुनावबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । संविधानसभाअघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित ग्यालरी बैठक भवनमै बस्दै आएको थियो । नेपालको संसदीय इतिहास (२०१६ साल) त्यही भवनबाट सुरु भएको थियो । राष्ट्रियसभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायी रूपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ ।

संघीय संसद् सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक ५ करोड ६० लाख रुपैयाँ तिर्ने गरी बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो । प्रत्येक वर्ष १० प्रतिशतका दरले भाडा वृद्धि भई पछिल्लो समय गत असोजसम्म आइपुग्दा वार्षिक १६ करोड ५० लाख रुपैयाँ पुगेको थियो । सचिवालयले संसदीय गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभाहलसहित ८ वटा विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैँचालगायत, त्यसभित्रका सम्पूर्ण क्षेत्र प्रयोग गर्दै आएको थियो । तर, गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएपछि संसद् सचिवालयले गत असोजदेखि एकतर्फी रूपमा उक्त सम्झौता रद्द गरिसकेको छ ।

### ■ आज राष्ट्रपतिबाट शपथ लिँदै केसी

प्रतिनिधिसभाका ज्येष्ठ सदस्यका रूपमा कांग्रेस सांसद अर्जुननरसिंह केसीले आज बुधबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिँदै छन् । राष्ट्रपति कार्यालयका अनुसार केसीको शपथ आज बिहान सवा ११ बजे शीतलनिवासमा हुनेछ । नवनिर्वाचित २७५ सांसदमध्ये केसी सबैभन्दा पाका पहिचान गर्दै संसद् सचिवालयले उनको नाम राष्ट्रपति कार्यालय पठाएको थियो । केसीले राष्ट्रपतिबाट शपथ लिएपछि उनैले बाँकी २७४ सदस्यलाई भोलि शपथ गराउनेछन् । सभामुख निर्वाचित नहुँदासम्म केसीले नै सभाको अध्यक्षतासमेत गर्नेछन् । ७८ वर्षीय केसी समानुपातिक सांसद चुनिएका हुन् ।



### ■ ६ वर्षमा पनि बनिसकेन भवन

सिंहदरबारस्थित पुतली बगैँचामा १ असोज, २०७६ मा नयाँ संसद् भवनको शिलान्यास गरिएको थियो । सहरी विकास तथा भवन निर्माण विभागका अनुसार भवनको अधिकांश काम सकिएको छ भने केही प्राविधिक काम बाँकी छ । तर, पूर्ण रूपमा निर्माण नभइसकेको र मुख्य हल पनि निर्माण बाँकी नै रहेकाले संसद् सचिवालयले सोही भवनको बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्नेछ । सचिवालयका अनुसार मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरी शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको छ ।

भवन निर्माण विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब साढे ५ अर्ब हाराहारी खर्च हुने अनुमान छ भने इन्टेरियरका लागि थप २ अर्ब ३४ करोड लागत अनुमान छ । १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि संघीय संसद्का सम्पूर्ण गतिविधि यहीँबाट सञ्चालन हुनेछन् । यसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । संसद् भवनभित्र मुख्य भवन ८ वटा छन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने सानाठुला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन् । साथै ४ अतिरिक्त विशिष्ट कक्ष, २ संसद् सचिवालय भवन, संसद् लाइब्रेरीलगायत संरचना निर्माण गरिएको छ ।

# समपूरक र विशेष अनुदानमा प्रदेश र स्थानीय तहले मागे ३५०० आयोजना

■ सौर्य समाचार

काठमाडौँ । संघीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय सरकारहरूले साढे ३ हजार आयोजना प्रस्ताव गरेका छन् । राष्ट्रिय योजना आयोगका अनुसार आगामी आव २०८३/८४ का लागि प्रदेश र स्थानीय तहबाट करिब ३ हजार ५०० आयोजनाको प्रस्ताव परेको हो । स्थानीय तहबाट ३ हजार ३५८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको आयोगका सहायक प्रवक्ता डा. दिवाकर लुइँटेलले बताए । लुइँटेलका अनुसार आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो ।

हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको उनले बताए । उनले भने, 'समपूरक र विशेष अनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायत अध्ययन भइरहेको छ ।'



आयोगका अनुसार आगामी आवका लागि यी शीर्षकको अनुदान लिन २ हजार ८२० वटा नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ । नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन १ हजार ४६४ र समपूरक अनुदान लिन १ हजार ३५६ वटा प्रस्ताव परेका छन् । त्यसैगरी क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ । योजना आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिन योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो । जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो । प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ ।

अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसनसहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । वातावरणीय अध्ययन प्रतिवेदनलगायत कागजात आवश्यक हुन्छ । अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ ।

# निर्वाचनमा प्रयोग नभएका ४० प्रतिशत मतपत्र धुल्याइने

■ सौर्य समाचार

काठमाडौं । गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रयोग नभएको करिब ४० प्रतिशत मतपत्र धुल्याइने भएको छ । प्रतिनिधिसभा निर्वाचनमा ५९ प्रतिशत मत खसेकाले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीका लागि छापिएकामा ४० प्रतिशत मतपत्र प्रयोगविहीन भएका हुन् । निर्वाचनका लागि कुल १ करोड ८९ लाख ३ हजार ६६९ मतदाता रहेकामा आयोगले दुवै प्रणालीका लागि मतदाता संख्याभन्दा ७ प्रतिशत बढी हुने गरी जनक शिक्षा सामग्री केन्द्रमार्फत मतपत्र छपाइ गरेको थियो । आयोगले प्रत्यक्षतर्फ २ करोड ३ लाख २३ हजार र समानुपातिकतर्फ २ करोड ८ लाख ४३ हजार गरी ४ करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरी सम्बन्धित निर्वाचन क्षेत्रमा ढुवानी गरेको थियो ।

आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १ करोड ११ लाख ६८ हजार ३२ मतदान भएको र त्यसमध्ये १ करोड ५ लाख ९ हजार १७ (९४.५५ प्रतिशत) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा १ करोड ८ लाख ३५ हजार २५ (९६.०५ प्रतिशत) मत सदर भएको थियो । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सामान्यतः मतदाताको संख्याभन्दा बढी संख्यामा मतपत्र छापिने अभ्यासबमोजिम यसपटक पनि ४ करोड ११ लाख ४३ हजार मतपत्र छापिएकोमा प्रयोग नभएका मतपत्र कानुनी प्रबन्धबमोजिम तत्तत् क्षेत्रमा धुल्याउने प्रक्रियामा जाने बताए । मतदाताभन्दा बढी मतपत्र छपाइ भएकामा कुनै दुरूपयोग त भएन ? वा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ कि ? भन्ने कतिपयले प्रश्न उठाएको सन्दर्भमा प्रवक्ता भट्टराईले भने, 'शंका त गर्न पाइयो तर निर्वाचनको निष्पक्षतामा कुनै शंका छैन । हामीले प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाइसकेको र कुनै दल वा पक्षबाट औपचारिकरूपमा त्यस्तो प्रश्न नआएकाले मतपत्र खेर गयो भन्ने आधारमा कुनै शंका गर्नु उचित हुँदैन ।'

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले पाठ्यपुस्तक छपाइलगायत नियमित कामका अतिरिक्त राष्ट्रको जिम्मेवारीलाई बोध गर्दै आयोगको कार्यादेशबमोजिम दैनिक १३ लाख मतपत्र छपाइ गरी सुरक्षितरूपमा समयमै हस्तान्तरण गरिएको बताए । उनले मतपत्र छपाइको कामले केन्द्रलाई घाटापूर्ति गर्न पनि सघाएको बताए । 'सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ (पहिलो संशोधन, २०७०' मा धुल्याउने भन्नाले 'सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहोरा पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ' भनिएको छ ।

# शिक्षा समितिका निर्णय कार्यान्वयन मूल्यांकनमा महानगर

■ सौर्य समाचार



काठमाडौं । काठमाडौं महानगरपालिकाले २०७४ सालपछि शिक्षा समितिले गरेका निर्णय कार्यान्वयनको समीक्षा थालेको छ । समितिका अध्यक्ष एवं कार्यवाहक महानगरप्रमुख सुनिता डंगोलको अध्यक्षतामा मंगलबार बसेको बैठकमा शिक्षा अधिकृत केशव ज्ञवालीले गएको ८ वर्षमा समितिले गरेका मुख्य मुख्य निर्णय र त्यसको कार्यान्वयन अवस्थाका विषयमा प्रस्तुतीकरण गरेका हुन् । बैठकले महानगरलाई साक्षर नगर घोषणा गर्ने, सार्वजनिक तथा निजी गुठीको विधान शिक्षा अधिकारीलाई प्रमाणित गर्ने अधिकार दिने, तहगत प्रधानाध्यापक व्यवस्थापन गर्ने जिम्मेवारी शिक्षा विभागलाई दिने, कक्षा १ को कक्षा सञ्चालन अनुमति नदिने, विद्यालयको परिचय पाटीमा नेपाली, अंग्रेजी र नेपाल भाषामा नाम लेख्न लगाउन शिक्षा विभागलाई निर्देशन दिनेलगायत निर्णय गरेको छ । यस्तै, शिशु स्याहार, मन्टेश्वरी, पूर्वप्राथमिक तहको कक्षा सञ्चालन अनुमति दिने तथा अभिलेखनको जिम्मेवारी शिक्षा विभागलाई दिने निर्णय कार्यान्वयनमा ल्याइएको अधिकृत ज्ञवालीले बताए ।

समितिले २०७८ सालमा शुल्क निर्धारण समितिको प्रतिवेदनअनुसार संस्थागत विद्यालयको शुल्क निर्धारण गरेको छ । दर्ता भएर सञ्चालनमा नदेखिएका १०७ वटा विद्यालय खारेजीको सार्वजनिक सूचनामा ४२ वटा सम्पर्कमा आएको पनि जनाइएको छ । तीमध्ये ७ वटाले सञ्चालन भइरहेको र ३५ वटाले सञ्चालन तयारीमा रहेको जानकारी दिएको विभागले जनाएको छ । विगतको समीक्षासँगै बैठकमा ९ वटा प्रस्ताव पेस भएका थिए । ती प्रस्तावमा छलफल गर्दै अध्यक्ष डंगोलले विद्यालयको सामाजिक नक्सांकनको काम १० दिनभित्र सम्पन्न गर्न विभागलाई निर्देशन दिइन् । उनले भनिन्, 'शैक्षिक सत्र सुरु हुनुअघिका सबै तयारी सम्पन्न गर्नुहोला । विद्यालयको बेरुजु घटाउन, शिक्षकलाई प्रविधि र प्राविधिक क्षेत्रमा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेर अगाडि बढाउनुहोला ।'

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले मापनयोग्य शैक्षिक नतिजाका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न विभागले नवीनतम कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिँदै प्रविधि र प्राविधिक क्षेत्रको शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने बेला आएको बताए । स्वास्थ्य शिक्षा समितिका संयोजक चिनीकाजी महर्जनले विद्यालय छोड्ने समस्याबारे गम्भीर भएर सोच्नुपर्ने धारणा राखे । उनले भने, 'विद्यार्थी भर्नाको समय आउँदै छ, अभियानका क्रममा विद्यालय छोडेर जाने बालबालिकासँग सम्बन्धित सामाजिक कारण खोज्नुपर्छ, अनि मात्र कार्यक्रम दिगो हुन्छ ।'


## Belkotgadhi Municipality
### Office of the Municipal Executive
Baghkhor, Nuwakot
Bagamati Province , Nepal

**Letter of Intent**

**Date of Publication: 2082/12/11 (March 25, 2026)**

Belkotgadhi Municipality, Office of the Municipal Executive, Baghkhor, Nuwakot informs hereby all concerned bidders selected as substantially responsive lowest evaluated bid to award the contract for execution of the Projects as mentioned below compliance with Section 27 (2) of Public Procurement Act, 2063.

| S.N. | Contract ID No. | Description of Works | Name and Address of Bidders | Contract Amount (With VAT ) |
|---|---|---|---|---|
| 1. | BGM/NCB/ Works/15/082-083 | Upgrading of Kolpu Khola Kumari Phant Pumping Irrigation Belkotgadhi Ward No.-2 | Bhatta And Neupane Brothers Builders Private Limited, Kispang 02,Nuwakot | NRs. 60,23,629.48 |
| 2. | BGM/NCB/ Works/16/082-083 | Upgrading of 1. Keshav ko Mode Beltari Jimire Patal hudai Bahattari Road 2. Pakhure Pasang Lamu Road to Ramche hudai Ward No.1 Jodne Krishi Road & 3.Construction Of Support Wall for Ward No.13, Belkotgadhi Ward No.13 | Focus Engineering Construction and Consultancy, Bidur Municipility 4, Nuwakot | NRs. 53,26,010.38 |
| 3. | BGM/NCB/ Works/17/082-083 | Upgrading of 1.Belkotgadhi 8 Jiling Gabisa Bhawan Khatiwada Gaun Duipipal Sadak & 2. Nuwakot Jilla Belkotgadhi 8 ma Dhulimati Dhungana Bhattathok Road , Belkotgadhi Ward No .8 | Bhatta And Neupane Brothers Builders Private Limited, Kispang 02,Nuwakot | NRs. 51,78,825.23 |
| 4. | BGM/NCB/ Works/18/082-083 | Upgrading of Ghodghad phant Irrigation Project Belkotgadhi Ward No.12 | Bhatta And Neupane Brothers Builders Private Limited, Kispang 02,Nuwakot | NRs. 18,75,463.54 |
| 5. | BGM/NCB/ Works/19/082-083 | Upgrading of Nuwakot Jilla Belkotgadhi 8 ma Keurini Lapse Road, Belkotgadhi Ward No. 8 | Bhatta And Neupane Brothers Builders Private Limited, Kispang 02,Nuwakot | NRs. 18,34,156.62 |

**Chief Administrative Officer**

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०८२/१२/११**

यस नगरपालिकाले राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधिभित्र दर्ता हुन आएका १ वटा बोलपत्र मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ बोलपत्रदाताको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | बोलपत्रको नाम | स्वीकृत बोलपत्रको नाम र ठेगाना | कबोल अंक ( भ्याट सहित ) |
|---|---|---|---|
| ठेक्का नं.रा./०२/०८२/०८३ | उर्लाबारी नगरपालिकाका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको मावा खोला (प्याकेज-१)बाट बालुवा, ढुंगा, गिटी/मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री सम्बन्धी कार्य | G. Samrat Construction and suppliers pvt. ltd, Milklajung-3, Mornag | १,०५,५५,५५१.०१/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## Urlabari Municipality
### Office of Municipal Executive
Urlabari, Morang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

**Second Date of Publication: 2082/12/11 (25 March, 2026).**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Road-Ward 1,4,7& 9-W-NCB-33-082/83 | Ward 1 Dhaunne chowk dekhe Bihibare chowk samma & Urlabari -4 sthit purn Ghimireko ghar ko bato kalopatre marmat, pancheshwar shivalay marg & paropkar paving block nirman Urlabari-7, Baghkhor dakshin krishi marg samma urlabari-7 & Lama tole sadak kalopatre nirman urlabari-9, Morang. | 1,30,46,124.00 | 2,89,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सुन्दरहरैँचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।१२।०९**

प्रस्तुत विषयमा यस सुन्दरहरैँचा नगरपालिकाको वेवसाइटमा प्रकाशित गरीएको BOQ अनुसारको कार्य गर्नका लागि उपकरण खरिद गर्नुपर्ने भएको हुँदा माथी उल्लेखित प्रकृतिका फर्महरुले मिति २०८२/१२/१५ गते दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको आर्थिक प्रस्ताव (तोकिए बमोजिम पालिकाको websiteबाट प्राप्त गरी) शिलबन्दी गरी पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ । प्रस्तावको मुल्याङ्कन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) बमोजिम ८५ (४) को सापेक्षतामा गरिनेछ । प्रस्ताव सोहि दिन दिनको २:०० बजे खोलिने हुँदा प्रस्तावदातालाई उपस्थितिका लागि समेत अनुरोध छ ।

**देहाय**

**कार्य/सेवा- प्रिन्टर, स्क्यानर उपकरण सम्बन्धी**

नोट: १) विस्तृत विवरण BOQ बाट लिनुहुन साथै BOQ लगायतका कागजात sundarharaichamun.gov.npबाट प्राप्त गर्नुहुन ।
२) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।
३) रितपुर्वक स्वीकृत प्रस्ताव दातासँग सम्झौता गर्दा कवोल अंकको धरौटीमा ५% रकम धरौटीको रुपमा अधिकतम १३ महिनाका लागि कट्टा गरी पछी फिर्ता हुने गरी राखिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ब्याँस गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्याल
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**( प्रकाशित मिति : २०८२।१२।११)**

यस गाँउपालिकाको आ. व. २०८२/०८३ अन्तर्गत तपशिलको निर्माण कार्यको लागि मिति २०८२।१०।११ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार विधुतीय खरिद प्रक्रियामा दर्ता हुन आएका बोलपत्रहरु र तपशिलको प्राविधिक प्रस्ताव स्वीकृति भएको बोलपत्र न्यूनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृति गर्ने आशयको ७ (सात) दिने सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं र निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (VAT र PS समेत) रु. |
|---|---|---|
| IFB :-VRM/NCB/Works-02/2082-083 (Construction of Dokat Lifting Khanepani Aayojana) | Kharpunatha/Kureli/Nyinba Construction Service J/V, Kharpunatha-5, Humla | २,१९,८८,९४२.९१/- |

**प्रमुख प्रशासकिय अधिकृत**

## Nepal Electricity Authority

**Notice Regarding Intent to Award the Contract**

**Notice Publication Date : 2082/12/11**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Lumbini Provincial Office, Butwal (Tel No : 071-438536) | NEA-LPO-2082/83-06 | M/s Inter Trade Nepal, Biratnagar-06, Morang | NRs. 57,96,900.00 |
| Bagmati Province Division Office, Hetauda Tel No : (057-524367) | NEA/BPDOH/ 2082/083-01 | M/s Sarada and Sumnima International /Vishan Construction JV Neelkantha-5 Dhading. | NRs.17,46,37,258.13 |
| Gandak Hydropower Station (Contact No. : 9857081787) | NEA-GHPS-2082/83-CST-01 | M/s Arsha Infrastructure Pvt. Ltd, Rupandehi | NRs. 16,53,427.80 |
| Sindhupalchowk Distribution Centre Lamosanghu, (Tel No.: 011-482140) | NEA/SDC/2082/083/ SQW-03(RE) | M/s Laxmi Apsara Construction & Suppliers Pvt. Ltd. | NRs. 14,64,007.46 |
| Bhadrapur Distribution Centre (Tel No. : 023-452215) | NEA-BDRDC-2082/083-04SQ | M/s M.T. Construction & Suppliers, Bhadrpur-7, Jhapa. | NRs. 7,13,708.00 |

# अझै ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर

**सौर्य समाचार**




भक्तपुर । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं : राष्ट्रिय अभियान, हाम्रो योगदान' नाराका साथ विविध चेतनामूलक कार्यक्रमका साथ देशका विभिन्न भागमा क्षयरोग दिवस मनाइएको छ । सन् २०३५ सम्ममा क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्ममा देशलाई क्षयरोग मुक्त बनाउने लक्ष्य हासिल गर्न सबैले आआफ्नो क्षेत्रबाट आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका साथ यो दिवस मनाइएको राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा.भुवन पौडेलले जानकारी दिए । मुलुकमा अझै पनि ४२ प्रतिशत क्षयरोगी उपचार बाहिर रहेका बताउँदै उनले अधिकांश बिरामीमा रोग लुकाउने, परीक्षण नगर्ने बरू उनीहरूबाट रोग सर्ने प्रवृत्ति देखिएको, प्रविधिको प्रयोग गर्न नसक्दा परीक्षणमा पनि समस्या भएको बताए ।

आर्थिक वर्ष २०८१/०८२ मा औषधि-संवेदनशील क्षयरोगका ३९ हजार ५५१ जना नयाँ बिरामी पहिचान भएका जानकरी दिँदै उनले त्यसमध्ये ३९ प्रतिशत महिला, ६१ प्रतिशत पुरुष र ५.६ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका बताए । क्षयरोग नियन्त्रणका लागि सरकारले ६ हजार २४१ स्वास्थ्य संस्थामा क्षयरोग उपचार सेवा सञ्चालन गरेको जानकारी दिँदै उनले ७८५ संस्थामा निर्दिष्ट माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुत परीक्षण सेवा निःशुल्क रूपमा सञ्चालन भइरहेको बताए ।

औषधि-प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालन रहेको तथा १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरिएको, ९ वटा एआई जडित डिजिटल एक्स-रे सञ्चालन गरी परीक्षण गरिरहेको उनले जानकारी दिए । विश्वमा प्रत्येक वर्ष १ करोड ७ लाखमा सक्रिय क्षयरोग रहेको जानकारी दिँदै उनले जसमा १२ लाख ३० हजारको क्षयरोगकै कारण मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांकमा रहेको छ ।

### पूर्वी नवलपरासीमा गण्डकीकै सबैभन्दा बढी क्षयरोगी

गण्डकी प्रदेशका ११ जिल्लामध्ये पूर्वी नवलपरासीमा सबैभन्दा बढी क्षयरोगी भेटिएका छन् । गत आव र चालु आवको तथ्यांकका आधारमा पूर्वी नवलपरासीमा प्रदेशकै सबैभन्दा बढी क्षयरोगी भेटिएका हुन् । चालु आवको फागुन मसान्तसम्म जिल्लामा १६ जना क्षयरोगीको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय पूर्वी नवलपरासीका क्षयरोग स्थानीय स्रोत व्यक्ति डिल्लीराम तिवारीले जानकारी दिए । चालु आवमा गण्डकी प्रदेशका अन्य जिल्लामध्ये कास्कीमा ३३१, तनहुँमा १८३, स्याङ्जामा १६०, गोरखामा १३४, बागलुङमा १३०, लमजुङ ६२, पर्वतमा ५२, म्याग्दीमा २९ र मुस्ताङमा १० जना क्षयरोगी भेटिएका छन् । गत आव २०८१/०८२ मा नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा ६७२ जना क्षयरोगी भेटिएका थिए । तीमध्ये १५ जनाको मृत्यु भएको क्षयरोग स्थानीय स्रोत व्यक्ति तिवारीले बताए । 'गत आवमा कास्कीमा ६५०, स्याङ्जामा ३४८, तनहुँमा ३१८, गोरखामा २७५, बागलुङमा २६२, लमजुङमा १०४, पर्वतमा ८४, म्याग्दीमा ५०, मुस्ताङमा १६ र मनाङमा ४ जना क्षयरोगी भेटिएका थिए,' उनले भने, 'क्षयरोगी भेटिएको संख्याका आधारमा पूर्वी नवलपरासी गण्डकी प्रदेशमै पहिलो जिल्ला हो ।'

### मोरङमा क्षयरोगबाट १ वर्षमा ३५ जनाको मृत्यु

जिल्लामा आव २०८१/०८२ मा क्षयरोगका कारण ३५ जनाको मृत्यु भएको छ । विश्व क्षयरोग दिवसका पूर्वसन्ध्यामा स्वास्थ्य कार्यालय मोरङ र वाग्मती सेवा समाजद्वारा सोमबार मोरङमा आयोजित सञ्चारकर्मीसँगको अन्तर्क्रियामा स्वास्थ्य कार्यालयका अधिकृत मुलकचन्द र ाजवंशीले १ वर्षमा क्षयरोगबाट ३५ जनाको मृत्यु भएको जानकारी दिएका हुन् ।

उनका अनुसार आव २०८०/०८१ मा क्षयरोगबाट ३० जनाको मृत्यु भएको थियो भने चालु आवको हालसम्म ३५ जनाको मृत्यु भएको हो । जिल्लामा चालु आवको हालसम्म ९०९ क्षयरोगका संक्रमित देखिएकामा गत आवमा १ हजार २२२ संक्रमित फेला परेका थिए । मोरङका सुन्दरहरैँचा, पथर ाशनिश्चरे, उर्लाबारी क्षेत्रमा क्षयरोगका संक्रमित बढी फेला परेका छन् ।

# झापामा बर्ड फ्लू प्रकोप : पक्षीजन्य वस्तु ओसारपसारमा रोक

**सौर्य समाचार**

झापा । जिल्लाका दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिक रूपमा पालिएका कुखुरामा बर्ड फ्लू देखापरेपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ । प्रशासनले मंगलबार एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रविन्दु मानी चारै दिशामा संकटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको जनाएको छ । निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा संक्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्ण रूपमा रोक लगाइएको उल्लेख छ । भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्ड फ्लु पुष्टि भएको छ । संक्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताए ।

### मोरङका ५ स्थानमा बर्ड फ्लू

मोरङ । जिल्लाका ५ स्थानमा बर्ड फ्लू संक्रमण फैलिएको छ । यहाँ विराटनगरको दाहाल कृषि फर्म, सुन्दरहरैचा नगरपालिकाको हलेसी महादेव फर्म, उर्लाबारी नगरपालिकाको अठियावारी फर्म र कटहरीको ए टू जेड र कामख्या पोल्टी फर्ममा कुखुरामा बर्ड फ्लू देखिएको पशुपक्षी रोग अन्वेषण प्रयोगशाला विराटनगरले पुष्टि गरेको छ । संक्रमण पुष्टि भएका क्षेत्रमा पक्षी, अण्डा, दाना र अन्य सामग्री नष्ट गर्ने प्रक्रिया अघि बढाएको छ । पछिल्ला केही दिनयता बोइलर र लेयर्स कुखुरा फर्ममा कुखुरा मर्ने क्रम वृद्धि भएसँगै दैनिक ८ देखि ९ जना किसान परीक्षणका लागि मरेका कुखुरा लिएर आउने गरेको प्रयोगशालाका प्रमुख डा.कमल गिरीले बताए । उनका अनुसार गत साउनयता परीक्षण गरिएका १९८ नमुनामध्ये ४५ वटामा बर्ड फ्लू पुष्टि भइसकेको छ ।


## पाँचखाल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**सूचना संसोधन सम्बन्धमा**

**सूचना प्रकाशित मितिः २०८२/१२/११**

पाँचखाल नगरपालिकाबाट मिति २०८२/११/१७ मा सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचनामा क्र.सं. १, ३, ४ र ५ मा रहेका निर्माण कार्य सम्बन्धी बोलपत्रहरूको Estimated रकममा VAT र PS समावेश रहेको, क्र.सं. २ मा रहेको बोलपत्रको Estimated रकम VAT र PS सहित रु. ९७,४०,४६९।५१/- हुनुपर्ने र क्र.सं. ४ मा रहेको बोलपत्रको बिड डकुमेन्टमा बोलपत्र जमानत रु. ५०,०००।००/- (अक्षरुपी पचास हजार मात्र) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धीत सबैको जानकारी गराइन्छ ।



## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**तपसिल**

**सम्बन्धित कार्यालयः** शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहट

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं, जारी जिल्ला र मिति | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सत्यनारायण राय | प्रतापपुर पल्टुवा ०८ , रौतहट | २७६, रौतहट, २०५८/०५/१३ | राजिन्द्र राय | प्रसाद राय | सरल कृषि कर्जा | ५००,०००.०० | ५६,०००.०० | ५५६,०००.०० |
| २. | राम सोमारी देवी | रमौली बैरीया ०१, रौतहट | ०३२३०९६/२७२, रौतहट, २०६३/१२/२६ | बिरेन्द्र राय यादव | औतार राय यादव | सरल कृषि कर्जा | १२५,०००.०० | १६,१४५.०९ | १४१,१४५.०९ |
| ३. | चिना श्रेष्ठ | चन्द्रपुर ०६ झनझनीटोल, रौतहट | २७२९/०५७, रौतहट, २०५७/१२/१२ | बैध नाथ कोइराला | राम प्रसाद कोइराला | व्यापार कर्जा | २००,०००.०० | ३०,०४७.०० | २३०,०४७.०० |
| ४. | राम बिनोद राय यादव | बिश्रामपुर , रौतहट | २८६३, रौतहट, २०६२/०३/०७ | रामबाबु राय | हनुमान राय यादव | सरल कृषि कर्जा | ८००,०००.०० | १६५,९७४.८१ | ९६५,९७४.८१ |
| ५. | जगदेव राउत कुर्मी | बिश्रामपुर ०४, रौतहट | ३५६, रौतहट, २०४४/११/१९ | महाबिर राउत | | सरल कृषि कर्जा | १५०,०००.०० | २१,८६०.१९ | १७१,८६०.१९ |
| ६. | राजु प्रसाद यादव | भसेढवा ०१, रौतहट | ३३८८, रौतहट, २०५७/१२/०१ | अर्जुन राय यादव | भानु राय यादव | घरायसी कर्जा | २९०,०००.०० | ५०,८७५.०० | ३४०,८७५.०० |
| ७. | संजिता कुमारी देवी | सिमराभवानीपुर ०२, रौतहट | ३२३०७१/११३४, रौतहट, २०६४/०१/११ | भुटा चौधरी | सुखल चौधरी | व्यापार कर्जा | २००,०००.०० | ३०,८३०.५४ | २३०,८३०.५४ |
| ८. | लाल प्रसाद चौधरी | सखुअवा धमौरा ०३ रौतहट | २०३५, रौतहट, २०४६/१२/०९ | उदय नारायण चौधरी | दुखा चौधरी | सरल कृषि कर्जा | ७००,०००.०० | १२०,०५१.२७ | ८२०,०५१.२७ |
| ९. | देव नारायण महतो सुढी | सखुअवा धमौरा ०७ रौतहट | ६९०५००५४, रौतहट, २०३८/०२/२५ | ठागा महतो | जियालाल महतो | उधोग कर्जा | १२५,०००.०० | २५,५४९.३६ | १५०,५४९.३६ |
| १०. | शेख सैनुल्लाह | गुजरा ०६ खतवैया, रौतहट | ३६७, रौतहट, २०३४(०४(२५ | शेष यार | शेख ज्रयान अली | सरल कृषि कर्जा | ४३०,०००.०० | १४०,८२७.६४ | ५७०,८२७.६४ |
| ११. | राधा कुमारी | गुजरा ०२ रंगपुर, रौतहट | २७४७, रौतहट, २०५२/०२/२५ | पल्टन चौधरी | झपस चौधरी | सरल कृषि कर्जा | ९५०,०००.०० | १५१,५४५.०० | १,१०१,५४५.०० |
| १२. | मेघु राय | प्रतापपुर पल्टुवा , रौतहट | ४८४२, रौतहट, २०४५/०१/१९ | सुखा राय यादव | गोबरधन राय यादव | सरल कृषि कर्जा | ५००,०००.०० | ७८,९७२.०० | ५७८,९७२.०० |
| १३. | बिरेन्द्र चौधरी | रंगपुर ०८, रौतहट | ११००, रौतहट, २०५९/११/०५ | नारायण चौधरी | तनकिर खा थारु | सरल कृषि कर्जा | ९००,०००.०० | ४०३,८४१.७१ | १,३०३,८४१.७१ |
| १४. | कैलाश महरा चमार | जुडिबेला ०९ , रौतहट | १३३९, रौतहट, २०५६/०४/१६ | श्री राम महरा | महेश सिहं महरा | घरायसी कर्जा | २००,०००.०० | २८,०५५.०० | २२८,०५५.०० |
| १५. | प्रभु साह सोनार | चन्द्रपुर १० परसीया, रौतहट | २४९२, रौतहट, २०६०/११/२४ | सत्यनारायण साह | जिमदार साह | सरल कृषि कर्जा | ३००,०००.०० | १००,०९९.६६ | ४००,०९९.६६ |
| १६. | **कर्जा ग्राहकको नाम** | **ठेगाना** | **दर्ता भएको निकाय** | **प्रा.फ.नं.:** | **जारी मितिः** | **उद्देश्य** | **साँवा रकम रु.** | **व्याज** | **जम्मा तिर्नु पर्ने रकम** |
| | सजिना किराना पसल | चन्द्रपुर ०४, रौतहट | घरेलु तथा साना उद्योग कार्यालय, रौतहट | ३५५५/१४५ | २०७१/०६/३० | व्यापार कर्जा/बैंक जमानत दाबी कर्जा | ४५९,४३१ | ४५९,४३१.०० | ४,००९,४३१.०० |
| | **प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः** | | | | | | | | |
| | **नाम** | **ठेगाना** | **नागरीकता नं,जारी जिल्ला र मिति** | **बाबु/पतिको नाम** | **बाजे/ससुराको नाम** | | | | |
| | तेज राज खरेल | चन्द्रपुर ०४, रौतहट | १७२७, रौतहट, २०६२/१०/१४ | दिनानाथ खरेल | कृष्णा हरी खरेल | | | | |
| १७. | **कर्जा ग्राहकको नाम** | **ठेगाना** | **दर्ता भएको निकाय** | **प्रा.फ.नं.:** | **जारी मितिः** | **उद्देश्य** | **साँवा रकम रु.** | **व्याज** | **जम्मा तिर्नु पर्ने रकम** |
| | अरुण फर्निचर उधोग | वृन्दावन ०६, रौतहट | घरेलु तथा साना उद्योग कार्यालय, रौतहट । | ४५४४/३३४ | २०७२/०३/०९ | व्यापार कर्जा | ९००,०००.०० | १३६,२७५.४२ | १,०३६,२७५.४२ |
| | **प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम** | | | | | | | | |
| | **नाम** | **ठेगाना** | **नागरीकता नं,जारी जिल्ला र मिति** | **बाबु/पतिको नाम** | **बाजे/ससुराको नाम** | | | | |
| | अच्छेलाल पंडित | वृन्दावन ०६, रौतहट | १९१५ रौतहट, २०५२/०९/०४ | रामनाथ राउत कुम्हार | सटहु पंडित | | | | |
| १८. | **कर्जा ग्राहकको नाम** | **ठेगाना** | **दर्ता भएको निकाय** | **प्रा.फ.नं.:** | **जारी मितिः** | **उद्देश्य** | **साँवा रकम रु.** | **व्याज** | **जम्मा तिर्नु पर्ने रकम** |
| | मनोकामना फेस हाउस | चन्द्रपुर ०४, रौतहट | घरेलु तथा साना उद्योग कार्यालय, रौतहट । | ७६४९/६१५/३७४/१४७ | २०७६/११/१९ | व्यापार कर्जा | २,०००,०००.०० | ३८१,०८०.०० | २,३८१,०८०.०० |
| | **प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम** | | | | | | | | |
| | **नाम** | **ठेगाना** | **नागरीकता नं,जारी जिल्ला र मिति** | **बाबु/पतिको नाम** | **बाजे/ससुराको नाम** | | | | |
| | लोक बहादुर आचार्य | चन्द्रपुर ०४, रौतहट | ८३४, रौतहट, २०४६/१०/०९ | बलभद्र आचार्य | नरी हरी आचार्य | | | | |
| १९. | **कर्जा ग्राहकको नाम** | **ठेगाना** | **दर्ता भएको निकाय** | **प्रा.फ.नं.:** | **जारी मितिः** | **उद्देश्य** | **साँवा रकम रु.** | **व्याज** | **जम्मा तिर्नु पर्ने रकम** |
| | गढीमाई रीया कन्स्ट्रकसन | कटहरीया ०२ रौतहट | घरेलु तथा साना उद्योग कार्यालय, रौतहट । | ५०१०/१५९ | २०७३/०५/२७ | ओ डी कर्जा/बैंक जमानत दाबी कर्जा | २,५०७,०७४.०० | २५८,६००.०० | २,७६५,६७४.०० |
| | **प्रोप्राईटर/साझेदार/ संचालकहरुको नाम** | | | | | | | | |
| | **नाम** | **ठेगाना** | **नागरीकता नं,जारी जिल्ला र मिति** | **बाबु/पतिको नाम** | **बाजे/ससुराको नाम** | | | | |
| | सरोज कुमार यादव | भसेढवा ०५, रौतहट | ३२/१/६९/५३७५, रौतहट, २०६९/०७/२० | राजमोहन राय | बिसुनदयाल राय | | | | |

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

## सम्पादकीय


# निष्क्रिय विधेयकका सान्दर्भिक विषयमा नयाँ संसद्ले अपनत्व लेओस्

संसद्को मुख्य काम र प्राथमिक जिम्मेवारी कानुन निर्माण हो। यद्यपि, नेपालको संविधान (२०७२) जारी भएयताका करिब १० वर्षलाई सूक्ष्म ढंगले हेर्ने हो भने संघीय संसद् मुख्य कार्यभारभन्दा बढी सरकार गठन तथा विघटनको फोहोरी खेलमै अल्झिएको देखिन्छ। सत्ताको लुकामारीमा संसद् अल्झिएका कारण कतिपय महत्त्वपूर्ण कानुन निर्माणका कामहरू वर्षौंदेखि ओझेलमा परेका छन्। तर, यसपटकको आमनिर्वाचनपछि राजनीतिक परिदृश्य फेरिएको छ। रास्वपा एक्लैले करिब दुईतिहाइ बहुमत प्राप्त गरेको मात्र छैन, विगतका गलत नजिर र संसदीय विकृतिबाट पाठ सिकेर नयाँ ढंगले अघि बढ्ने सार्वजनिक प्रतिबद्धतासमेत जनाएको छ। त्यसैले अबको संसद् सरकार बनाउने र ढाल्ने दाउपेचमा मात्रै सीमित हुने छैन, बरु कानुन निर्माणको मुख्य जिम्मेवारीलाई इमानदारीका साथ अघि बढाउनेछ भन्ने आमजनअपेक्षा जाग्नु स्वाभाविक हो। संविधान जारी भएको एकदशक बितिसक्दा पनि यसको मर्म र भावना अनुकूलका धेरै कानुन निर्माण तथा संशोधन हुन बाँकी नै छन्। संविधान अनुकूलका कानुनहरू समयमै निर्माण नहुनु भनेको वास्तवमा संविधानको पूर्ण कार्यान्वयनमा अवरोध सिर्जना हुनु हो। विगतमा जसरी हुन्छ सत्ता समीकरण टिकाउने वा भत्काउने खेलमा मात्रै राजनीतिक दलहरूको अर्जुनदृष्टि रहँदा विधायिकी कामहरू दोस्रो प्राथमिकतामा परेका थिए। अब ५ वर्षका लागि यो अस्थिरताको खेल बन्द हुने गरी जनताले दिएको स्पष्ट जनमतलाई सम्मान गर्दै रास्वपा नेतृत्वको सरकारले आवश्यक कानुन निर्माण तथा संशोधनमा ध्यान दियो भने मात्र नागरिकले वास्तविक सुशासनको महसुस गर्न पाउनेछन्। यसका लागि समयको सही सदुपयोग गर्न कत्ति पनि चुक्नु हुँदैन।

सम्भवतः १६ चैतदेखि सुरु हुन लागेको यस पटकको हिउँदे अधिवेशनको समय अत्यन्त छोटो छ। यही छोटो अवधिभित्र बैठक सञ्चालनको नियमावली बनाउनुपर्ने र सभामुख, उपसभामुखलगायत संसदीय समितिहरू चयन गर्नुपर्ने कार्यभार रहेकाले कानुन निर्माणका लागि उपलब्ध समय निकै कम छ। संवैधानिक प्रावधानअनुसार साविकको प्रतिनिधिसभा विघटन भएपछि अघिल्लो सदनले अघि बढाएका विधेयकहरू स्वतः निष्क्रिय हुन्छन्। नयाँ प्रतिनिधिसभाले ती विधेयकलाई फेरि सुरुआती चरणबाटै अघि बढाउनुपर्ने कानुनी बाध्यता रहन्छ। यही कारण अघिल्लो प्रतिनिधिसभाले अघि बढाएका करिब ३० वटा महत्त्वपूर्ण विधेयकहरू हाल अलपत्र वा निष्क्रिय अवस्थामा छन्। अर्कातर्फ, संविधानले नै जेठ १५ गते बजेट ल्याउनुपर्ने अनिवार्य व्यवस्था गरेका कारण आगामी वैशाख अन्तिम सातादेखि संसद्को वर्षे (बजेट) अधिवेशन सुरु गर्नैपर्ने हुन्छ। त्यसैले संसद्को यो हिउँदे अधिवेशनले यथास्थितिमा धेरै विधेयक पारित गर्ने सम्भावना प्राविधिक रूपमा कम देखिन्छ। सामान्यतया वर्षे अधिवेशनमा बजेट र आर्थिक विधेयकबाहेक अन्य प्रकृतिका विषयमा घनीभूत छलफल गर्ने समय रहँदैन, किनकि बजेटमाथिको दफावार छलफलमै लामो समय व्यतीत हुन्छ। असोजको पहिलो साताभित्र वर्षे अधिवेशन अन्त्य गर्ने परम्परा छ। यस्तो अवस्थामा समय र स्रोतको सदुपयोगका लागि अघिल्लो प्रतिनिधिसभाले अघि बढाएका विधेयकहरूको अधिकतम उपयोग गर्नु वाञ्छनीय हुने विज्ञहरूको सुझाव मननीय छ। आफ्नो पार्टीको घोषणापत्र र सिद्धान्तसँग नबाझिने अवस्थाका विधेयकहरू पुरानो संसद्ले जहाँ पुऱ्याएर छाडेको थियो, त्यहीँबाट बाँकी प्रक्रिया सुरु गर्दा समय तथा राष्ट्रिय साधनस्रोतको ठुलो बचत हुनेछ। एउटा विधेयकको उत्पत्तिदेखि पारित गरेर प्रमाणीकरणको तहसम्म पुऱ्याउँदा राज्यको ठुलो लगानी भइसकेको हुन्छ। त्यसैले यस्ता विधेयकलाई कसरी छिटो र प्रभावकारी रूपमा सदुपयोग गर्ने भन्ने सन्दर्भमा रास्वपाले विज्ञहरूको परामर्श लिएर अघि बढ्नु सान्दर्भिक हुनेछ।

नयाँ संविधान निर्माण भएयताको एक दशकमा संघीय संसद् सञ्चालनका लागि भएको अर्बौंको खर्च र त्यसको तुलनामा पारित भएका विधेयकहरूको अनुपात हेर्ने हो भने स्थिति निकै कहालीलाग्दो र चिन्ताजनक छ। एउटै विधेयकका लागि राज्यको झण्डै १ करोड रुपैयाँसम्म खर्च भएको हुनसक्ने विज्ञहरूको आकलन छ। यति ठुलो लगानी र समय खर्च हुँदाहुँदै पनि संघीयता कार्यान्वयनका लागि आवश्यक ३०० भन्दा बढी कानुनहरू अहिलेसम्म बन्न सकेका छैनन्। अन्य महत्त्वपूर्ण कानुनहरूको अवस्था पनि उस्तै छ। कानुन निर्माण तथा संशोधनमा भइरहेको यो ढिलाइको मुख्य कारण सत्तारूढ दलहरूमा इच्छाशक्तिको अभाव र सत्ता स्वार्थ केन्द्रित राजनीति नै हो। त्यसबाहेक अर्को प्रमुख कारण झन्झटिलो संसदीय प्रक्रिया पनि हो। बिनाअवरोध प्रक्रिया अघि बढ्दा पनि एउटा विधेयक उत्पत्ति भएको करिब ३० देखि ४५ दिनपछि मात्रै राष्ट्रपतिसमक्ष पुग्ने अवस्था रहन्छ। तर यही बीचमा हुने सरकार परिवर्तन र राजनीतिक खिचातानीका कारण कतिपय विधेयक वर्षौंदेखि दराजमा थन्किएका छन्। यो विकृतिबाट नयाँ सरकारले पाठ सिक्नैपर्छ। अत्यावश्यक विधेयकहरू द्रुत मार्ग (फास्ट ट्र्याक) बाट छिटो पारित गर्ने संसदीय अभ्यासलाई अब थप प्रभावकारी बनाउनु पर्छ। अहिलेको सरकारसँग स्पष्ट जनमत र बहुमत भएका कारण आवश्यक विधि निर्माण गर्न र जनसरोकारका विधेयकहरू पारित गराउन खासै अवरोध हुने देखिँदैन। अबको सरकार र विशेष गरी रास्वपाले चाहने हो भने अघिल्लो संसद्मा सर्वसम्मतिले अघि बढेका विधेयकहरूलाई अपनत्व ग्रहण गर्दै कानुन निर्माणको गतिलाई तीव्रता दिन र सुशासनको प्रत्याभूति गराउन ढिला गर्नु हुँदैन।

# लोकतन्त्रका दर्शकबाट निर्णायक सहभागीतासम्मको यात्रा



अञ्जु कार्की

> नागरिकहरुले बुझे कि उनीहरु केवल शासित हुनका लागि जन्मिएका होइनन्, बरु शासनको हिस्सेदार हुन् । उसो भए अहिले सम्मका निर्वाचनमा नेपाली नागरिकहरु किन दर्शक मात्र बने, अहिले एकाएक किन निर्णायक बने ?

भरखरै सम्पन्न आमनिर्वाचनको परिणाम केवल सत्ता परिवर्तन मात्रै नभएर नेपाली लोकतन्त्रको नयाँ मोड हो भन्ने सन्दर्भमा विभिन्न कोणबाट बहस हुनु स्वाभाविकै हो। किनकि कसैले पनि यो परिणामलाई सामान्य ठानेका छैनन्। लोकतन्त्रमा देशको सार्वभौम अधिकार जनतामा निहित हुन्छ। जनताले निर्वाचनको माध्यमबाट यो अधिकार आफ्ना प्रतिनिधिमार्फत प्रयोग गर्छन्। तर अहिलेसम्मको अभ्यास हेर्दा जनताले केही निश्चित दलहरूलाई अनुमोदन गर्दै आएका थिए। तर यसपटक पुराना दलहरूलाई भारी बहुमतले अस्वीकृत गर्दै नयाँ दल रोजे। जनताबाट भारी बहुमतका साथ अनुमोदन भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यसलाई मतक्रान्ति भनेको छ।

नेपाली लोकतन्त्रको आरम्भ विन्दु २००७ लाई जनक्रान्ति भन्ने गरिए जस्तै आमनिर्वाचन २०८२ को परिणामलाई मतक्रान्ति किन भन्नुपर्छ ? भन्ने सन्दर्भमा विभिन्न तर्कपूर्ण कारणहरू छन्। किनकी २००७ सालको जनक्रान्तिले जनताको हातमा अधिकार त दियो, तर जनता दर्शक जस्तै सावित भए। जसका कारण यो अवधिमा मुलकमा धेरै उतारचढाव आए, जनअधिकार गुम्ने र बहालीका लागि फेरी संविधान बाहिरबाट संघर्ष गर्नुपर्ने चरणमा मुलुक गुज्रिरह्यो। तर यस पटकको निर्वाचनमा जनताले निर्णायक भूमिका निर्वाह गरे। मतदानबाटै क्रान्ति सम्भव छ भन्ने उदाहरण जनताले प्रस्तुत गरे।

प्रसिद्ध दार्शनिक जिन-ज्याक रुसोका अनुसार, जब नागरिकहरू आफ्नो सार्वभौम अधिकार केवल मतपत्रमा सीमित गर्छन् र त्यसपछि निष्क्रिय बस्छन्, तब उनीहरू स्वतन्त्र रहँदैनन्। तर भरखर सम्पन्न आमनिर्वाचनले निष्क्रियताको यो पर्खाल भत्काउँदै नागरिकलाई 'दर्शक'बाट 'निर्णायक सहभागी'मा रूपान्तरण गरेको छ। यो निर्वाचन केवल सत्ता परिवर्तनको माध्यम बनेन, बरू यो नेपाली समाजको 'चेतनाको महाविस्फोट' साबित भयो।

लोकतन्त्र केवल आवधिक निर्वाचन र बहुमतको गणित मात्र होइन, नागरिकहरूको सक्रिय र सचेत सहभागितामा आधारित एक जीवित सामाजिक सम्झौता हो। अब्राहम लिंकनले लोकतन्त्रको संक्षिप्त परिभाषा गर्दै 'जनताद्वारा, जनताका लागि, जनताको शासन' भनेका छन्। अब्राहम लिंकनको आदर्श वाक्यले नागरिकको केन्द्रीयतालाई स्पष्ट त गर्छ, तर व्यवहारमा यो कति लागू भएको छ भन्ने प्रश्न नेपालका सन्दर्भमा २००७ सालदेखि नै सधैँ पेचिलो रहँदै आयो। यो दशक लामो राजनीतिक संघर्षको इतिहासले भन्छ, नेपाली नागरिकहरू व्यवस्था बदल्न सहभागी त भए, तर व्यवस्था फेरिएपछि पुनः 'मौन दर्शक' को भूमिकामा खुम्चिए।

### सत्ताको आधिपत्य विरूद्धको विष्फोट

समाजशास्त्रीय दृष्टिले हेर्दा, लोकतन्त्रको सफलता नागरिक संस्कृतिमा निर्भर हुन्छ। भारतीय समाजशास्त्री आन्द्रे बेतेले भनेका छन्, 'लोकतन्त्र केवल संविधान र संस्थाहरूको संरचना मात्र होइन, यो नागरिकहरूको दैनिक व्यवहार र संस्कृतिमा झल्किनुपर्छ।' नेपालमा लामो समयसम्म 'प्रजाबाट 'नागरिक' बन्ने प्रक्रिया त चल्यो, तर राजनीतिक दलहरूले नागरिकलाई केवल भोट बैंकको रूपमा प्रयोग गरे।

इटालेली समाजशास्त्री एन्टोनियो ग्राम्सीको 'हेजेमनी' वा सांस्कृतिक आधिपत्यको सिद्धान्त यहाँ सान्दर्भिक देखिन्छ। पुराना राजनीतिक शक्तिहरूले दशकौँसम्म एउटा यस्तो भाष्य निर्माण गरे कि हामीबाहेक अरू विकल्प छैन। नागरिकहरू यो भाष्यको घेराभित्र दर्शक बनेर बस्न बाध्य भए। तर २०८२ सम्म आइपुग्दा, सूचना प्रविधिको विस्तार र वैश्विक चेतनाले यो आधिपत्यलाई चुनौती दियो। नागरिकहरूले बुझे कि उनीहरू केवल शासित हुनका लागि जन्मिएका होइनन्, बरू शासनको हिस्सेदार हुन्।

उसो भए अहिलेसम्मका निर्वाचनमा नेपाली नागरिकहरू किन दर्शक मात्र बने, अहिले एकाएक किन निर्णायक बने ? भन्ने कुराका सन्दर्भलाई सजिलोसँग बुझ्न पञ्चतन्त्रको एउटा कथा सान्दर्भिक हुन्छ।

### कथाको सार

एक व्यापारीको संजीवक नामको एउटा बलियो गोरु यमुना किनारको हिलोमा फस्छ। निकै प्रयास गर्दा पनि निस्कन नसकेपछि व्यापारीले उसलाई त्यहीँ छाडेर हिँड्छ। तर, केही समयपछि संजीवक हिलोबाट निस्कन सफल हुन्छ र जंगलको हरियो घाँस खाएर झनै हृष्टपुष्ट र बलियो बन्छ। खुसी भएको संजीवक जंगलमा जोडले डुक्रन थाल्छ।

त्यही जंगलको राजा पिंगलक नामको सिंह थियो। उसले गोरुको त्यो डरलाग्दो आवाज पहिले कहिल्यै सुनेको थिएन। सिंह डराउँछ र आफ्ना मन्त्रीहरू करटक र दमनक (दुई स्याल) सँग सल्लाह गर्छ। चलाख दमनकले सिंहको डर बुझ्छ र गोरुसँग भेट गरी उसलाई सिंहको दरबारमा लिएर आउँछ। बिस्तारै सिंह (पिंगलक) र गोरू (संजीवक) बीच गहिरो मित्रता गाँसिन्छ। सिंहले सिकार गर्न छाडेर गोरुसँगै समय बिताउन थाल्छ। यो देखेर स्यालहरू (विशेषगरी दमनक) चिन्तित हुन्छन्, किनकि सिंहले सिकार नगर्दा उनीहरूले खाने जुठो मासु पाउन छाडेका थिए।

आफ्नो स्वार्थका लागि दमनकले 'मित्रभेद' (मित्रता तोड्ने) योजना बुन्छ। उसले सिंहलाई गएर भन्छ, 'महाराज, यो गोरुले तपाईंलाई मारेर आफैँ जंगलको राजा बन्ने योजना बनाउँदै छ।' अर्कोतिर, उसले गोरूलाई गएर भन्छ, 'सिंहले तपाईंलाई मारेर आफ्नो आहार बनाउने तयारी गर्दै छ।'

दमनकको कुरा पत्याएर दुवै एकअर्काप्रति शंकालु बन्छन्। अन्ततः, महान् मित्रहरू शत्रुमा परिणत हुन्छन् र उनीहरूबीच भीषण युद्ध हुन्छ, जसमा संजीवक गोरुको मृत्यु हुन्छ। सिंहले आफ्नो प्रिय मित्र गुमाउँछ भने स्यालहरूले आफ्नो स्वार्थ पूरा गर्छन्।

यो कथामा उल्लेख गरिए जस्तै बारम्बारको सरकार परिवर्तन र भ्रष्टाचारका काण्डहरूले नागरिकमा राजनीतिप्रति वितृष्णा पैदा गऱ्यो। कथामा पिंगलक सिंह र संजीवक गोरुको मित्रतालाई चलाख स्यालहरूले आफ्नो स्वार्थका लागि तोडिदिएका थिए। नेपालमा पनि 'बिचौलिया' र 'स्वार्थी पात्र' हरूको हालीमुहालीले जनता र नेतृत्वबीचको विश्वासको डोरी काटिदिएको थियो।

राजनीतिमा 'दमनक' जस्ता स्वार्थी पात्र वा बिचौलियाहरू हुन्छन्, जसले नेता र जनता (वा शक्ति र नागरिक) बीचको सम्बन्ध बिगारेर आफ्नो स्वार्थ पूरा गर्छन्। जब नेतृत्वले नागरिकको आवाज सुन्न छाडेर स्वार्थी समूहको कुरा सुन्छ, तब सत्ता र जनताबीच 'मित्रभेद' हुन्छ। पुराना दलहरू (सिंह) र नागरिक (गोरु) बीचको विश्वास यही 'दमनक शैली' को बिचौलिया राजनीतिको कारण टुट्यो, जसले गर्दा नागरिकहरूले नयाँ विकल्प रोज्नुपऱ्यो।

### किन असफल भए पुराना दल ?

समाजशास्त्री म्याक्स वेबरका अनुसार, आर्थिक अवसरको अभावले मानिसलाई राजनीतिक रूपमा निष्क्रिय बनाउँछ। नेपालको करिब ५० लाख युवा जनसंख्या विदेशिनु र बाँकी रहेकाहरू दैनिक जीविकोपार्जनमै अल्झिनुले लोकतन्त्रमा 'गुणस्तरीय सहभागिता' घटायो। कार्ल मार्क्सले भनेझैं, सत्तासीन वर्गले फैलाएको 'मिथ्या चेतना' का कारण नागरिकहरूले आफ्नै हित र अधिकार चिन्न सकेका थिएनन्। उनीहरू 'झोले' कार्यकर्ता बनेर नेताको रक्षा गर्नुलाई नै लोकतन्त्र ठानिरहेका थिए।

त्यसैले २०८२ सालको निर्वाचन नेपाली राजनीतिको 'टर्निङ प्वाइन्ट' सावित भयो। यसले दशकौँदेखि सत्तामा कब्जा जमाएका 'पुराना शक्ति' को आधारभूत जग हल्लाइदियो। २०७९ सालको निर्वाचनमा देखिएको असन्तुष्टि २०८२ सालमा आइपुग्दा ज्वालामुखी बनेर विस्फोट भयो। तथ्यांकअनुसार, नेपाली कांग्रेस र नेकपा एमाले जस्ता ठुला दलहरूको 'पपुलर भोट' मा २०७९ सालको तुलनामा करिब ५० प्रतिशतले कमी आयो।

विशेषगरी सहरी क्षेत्र र शिक्षित युवा मतदाता भएको क्षेत्रमा पुराना दलका 'दिग्गज' भनिएका नेताहरू समेत पराजित भए। नेकपा माओवादी केन्द्र जस्ता 'क्रान्तिकारी' भनिएका शक्तिहरूको आधार इलाका (गढ) समेत भत्कियो, जहाँ नागरिकहरूले 'परिवर्तनको नारा' र 'व्यवहारको भ्रष्टाचार' बीचको अन्तर प्रष्ट बुझे।

रास्वपाको उदय केवल एउटा राजनीतिक दलको जन्म मात्र होइन, यो नेपाली समाजको 'डिजिटल र सचेत विद्रोह' को स्वरूप हो। रास्वपाले 'डेटा' र 'डेलिभरी' लाई आफ्नो मूल एजेन्डा बनायो। यो निर्वाचनमा रास्वपाले प्राप्त गरेको सिट संख्या र मत प्रतिशतले के पुष्टि गर्छ भने नागरिकहरू अब 'विचारधारा' को दास होइन, 'परिणाम' को भोका छन्। रास्वपाले परम्परागत राजनीतिको 'सिन्डिकेट' लाई सामाजिक सञ्जाल र सार्वजनिक बहसमार्फत परास्त गऱ्यो।

२०८२ सालको निर्वाचनले सहभागी लोकतन्त्रका लागि केही नयाँ आयामहरू स्थापित गरेको छ। सोसल मिडियालाई केवल मनोरञ्जनको साधन मान्ने सोच गलत सावित भयो। यसलाई जनचेतना र बहसको सशक्त माध्यम बनाइयो। रोबर्ट डलले सूचनाको पहुँचलाई परिवर्तनको सर्वाधिक बलियो मोड भनेका छन्। नेपालका सन्दर्भमा पनि जनताको 'सूचनामा पहुँच' लाई प्रविधिले पूर्णता दियो। वडा र गाउँपालिकामा नागरिकहरूले 'हाम्रो पैसा कहाँ खर्च भयो ?' भनी प्रश्न सोध्न थाले। यसले तृणमूलमा लोकतन्त्रलाई बलियो बनायो।

विदेशमा रहेका करिब ५० लाख नेपालीहरूको 'डिजिटल सहभागिता' ले निर्वाचनको नतिजा बदल्न मुख्य भूमिका खेल्यो। उनीहरूले घरमा रहेका परिवारलाई परिवर्तनको पक्षमा उभिन प्रेरित गरे। एनजिओ र आइएनजिओको घेराभन्दा बाहिर निस्केर स्वतन्त्र अभियन्ता र बौद्धिक वर्गले नागरिकलाई 'वाचडग' (प्रहरी) को रूपमा उभ्याउन सफल भए। उता परम्परागत राजनीतिक दलहरू यी सबै प्रक्रियाबाट बेखबर थिए। एकाएक जनता एकजुट भएर नयाँ शक्तिको उदय गराउँछन् र आफूहरू असान्दर्भिक हुन पुगिन्छ भन्ने हेक्का पुराना दलका नेताहरूले समयमै राख्न सकेनन्। उनीहरूले आफ्नो सिन्डिकेटले निरन्तरता पाइरहने कुरामा उनीहरू ढुक्क भए।

### कसरी तोडियो सिन्डिकेट ?

पञ्चतन्त्रको 'तन्त्रभेद' खण्डमा एउटा सानो चराले भ्यागुतो, झिँगा र सुगाको सहयोगमा विशाल हात्तीलाई पराजित गरेको कथा छ। यो आमनिर्वाचनमा नेपाली नागरिकहरूले पनि त्यही गरे, साना-साना समूहमा संगठित भएर राजनीतिक 'सिन्डिकेट' को विशाल हात्तीलाई परास्त गरे।

### कथाको सार

एउटा ठुलो जंगलमा एउटा विशाल र अहंकारी हात्ती थियो। एकदिन मदमस्त भएको उसले एउटा रूखको हाँगा जथाभावी भाँचिदियो, जहाँ एउटा चराको दम्पती (चट्याक) को गुँड थियो। हाँगासँगै गुँड भुइँमा खस्यो र चराका फुलहरू फुटेर नष्ट भए। आफ्नो सन्तानको मृत्युले चरा दम्पती निकै रोए। उनीहरूको रूवाइ सुनेर उनीहरूको मित्र काष्ठकुट्टक (काठफोरुवा चरा) त्यहाँ आयो। उसले सल्लाह दियो, 'रोएर मात्र केही हुँदैन, यो अहंकारी हात्तीलाई सजाय दिनुपर्छ।' काष्ठकुट्टकले आफ्ना अन्य दुई मित्रहरू, एउटा झिँगा र एउटा भ्यागुतो (मेघनाद) सँग मद्दत माग्यो। यी चारवटा साना जीवहरूले मिलेर विशाल हात्तीलाई हराउने एउटा गुरूयोजना बनाए।

पहिलो चरणमा झिँगाले हात्तीको कानमा गएर निकै मधुर स्वरमा गुनगुन गऱ्यो। त्यो धुनमा भुलेर हात्तीले आनन्दले आफ्ना आँखाहरू चिम्लियो। दोस्रो चरणमा हात्तीले आँखा चिम्लने बित्तिकै कठफोरुवाले आफ्नो तिखो ठुँगले हात्तीका दुवै आँखाहरू फुटाइदियो। हात्ती अन्धो भयो र पीडाले छटपटाउँदै पानी खोज्न थाल्यो। अन्धो हात्ती तिर्खाले व्याकुल भएर पानी खोज्दै भौतारिरहेको थियो। तब भ्यागुतो एउटा ठुलो भिरको खाडलको छेउमा बसेर 'ट्वार-ट्वार' कराउन थाल्यो। हात्तीलाई लाग्यो, 'भ्यागुतो कराइरहेको छ, पक्कै यहाँ ठुलो पोखरी हुनुपर्छ।'

हात्ती त्यही आवाजको पछि लाग्यो र सिधै भिरबाट खसेर मऱ्यो। यसरी साना जीवहरूको एकताले एउटा विशाल र शक्तिशाली हात्तीको अन्त्य गऱ्यो। यो कथाले 'शक्ति संख्यामा होइन, संगठित सहभागितामा हुन्छ' भन्ने पाठ सिकाउँछ। चरा, झिँगा र भ्यागुतो : आमनागरिक, जो एक्ला-एक्लै हुँदा कमजोर देखिन्छन् तर जब एउटै 'एजेन्डा' मा संगठित हुन्छन्, तब जस्तोसुकै विशाल सत्तालाई पनि ढाल्न सक्छन्। यो निर्वाचनमा रास्वपाको उदय र पुराना शक्तिको पतन ठ्याक्कै यही कथाको आधुनिक संस्करण हो, जहाँ ससाना समूहमा रहेका सचेत नागरिकहरूले 'डिजिटल र वैचारिक एकता' मार्फत राजनीतिक 'हात्ती' हरूलाई चुनौती दिए।

तर, लोकतन्त्रमा चुनौती सधैँ रहन्छ। म्याक्स वेबरले भनेको 'करिस्माटिक नेतृत्व' को एउटा जोखिम यो हुन्छ कि नागरिकहरू पुनः नयाँ नेतृत्वको पूजा गर्न थाल्छन् र आफ्नो 'सहभागी' भूमिका बिर्सिन्छन्। रास्वपा वा कुनै पनि नयाँ शक्तिले पनि यदि डेलिभरी दिन सकेन भने, सचेत नागरिकले उनीहरूलाई पनि उस्तै ढंगले विस्थापित गर्नेछन्। लोकतन्त्रको सफलता केवल चुनाव जित्ने र सरकार बनाउने प्रक्रियामा मात्र निर्भर हुँदैन। यो त नागरिकको चेतना, निरन्तर सहभागिता र उत्तरदायित्वमा आधारित हुन्छ। यो आमनिर्वाचनले नेपालमा 'दर्शक नागरिक' को युग समाप्त भएको घोषणा गरिदिएको छ। अबको नागरिक 'भोटर' मात्र होइन, 'अडिटर' (लेखापरीक्षक) पनि हो। यदि हामी पुनः 'दर्शक' मात्र बस्ने हो भने लोकतन्त्र औपचारिकतामा सीमित हुन्छ र नयाँ शक्तिहरू पनि पुरानै लयमा फर्किन सक्छन्। त्यसैले, आजको आवश्यकता 'सचेत, सक्रिय र जिम्मेवार सहभागी नागरिक' हो। लोकतन्त्रको सुन्दरता मतपत्र खसाल्नुमा मात्र होइन, खसालेको मतले सही दिशा लियो कि लिएन भनेर निरन्तर निगरानी गर्नु र सहभागी हुनुमा छ। यो निर्वाचनले दिएको सबैभन्दा ठुलो सन्देश यही हो, 'जब नागरिक उठ्छन्, तब मात्र लोकतन्त्र ब्युँझिन्छ।'

# अमेरिका, इजरायल र इरान युद्ध



कृष्ण बोहरा

> इरानमाथि हमला गर्ने दुई वटा देशहरुको दुई फरक स्वार्थहरु स्पष्ट देखिन्छन् । इजरायलको स्वार्थ लेबनानको हिजबुल्ला, यमनका हुथी विद्रोही आदिलाई इरानले साथ दिएको हुनाले इरानमाथि हमला गरेको देखिन्छ । तर अमेरिकाको स्वार्थ छुट्टै छ । इरानको तेल भण्डार कब्जा गर्नु नै उसको मुख्य स्वार्थ हो

कुनै बेला विश्व महाशक्ति राष्ट्र बेलायत थियो। जसको साम्राज्यमा कहिले पनि घाम अस्ताउँदैनथ्यो। यसको कारण यो थियो कि संसारको अधिकांश भाग उसको अधिनस्थ थियो। बेलायतको औद्योगिक क्रान्तिपछि कारखानाहरूबाट सामानको उत्पादन ज्यादा बढेपछि त्यो खपत गराउन बजारको खोजीमा निस्किँदा बेलायतले उपनिवेशहरू खडा गर्दै विशाल साम्राज्यको स्थापना गरेको थियो। यस्ता साम्राज्यवादी देशहरू अरू पनि थिए तर साम्राज्य जित्ने होडमा बेलायत नै सबैभन्दा अगाडि थियो। तर दोस्रो विश्वयुद्धपछि बेलायतको शक्ति घट्यो। यसपछि विश्व राजनीतिमा अमेरिका र सोभियत संघ अगाडि आयो।

सन् १९९१ मा सोभियत संघको पतनपछि अहिले अमेरिका अग्रपंक्तिमा छ। अमेरिका विश्वलाई एकातिर शान्ति र लोकतन्त्र र जनअधिकारको पाठ पढाउँछ। अर्कातिर उसले विश्वभरि नै युद्ध थोपर्छ। हिजोका साम्राज्यवादी राष्ट्रहरू आफ्ना उत्पादित मालसामानहरू बिक्रीका लागि विश्वभरि हस्तक्षेपको नीति अवलम्बन गर्दथे। आजको विश्वमा महाशक्ति राष्ट्रको हस्तक्षेप सामानहरू बिक्रीका लागि होइन बरु ती देशहरूमा भएको खनिज र तेलमाथि आधिपत्य जमाउनको लागि हो। सामान बिक्री गर्ने काम अब विश्वभरि कार्टेल र बहुराष्ट्रिय कम्पनीमार्फत हुँदै आएको छ।

यसैले शक्ति राष्ट्रहरूको उहिले र अहिलेको संसारलाई प्रभाव पार्ने र आफ्नो प्रभाव बनाइराख्ने तौरतरिकामा फरकपना आएको छ। गत पुस १९ मा अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई मध्यरातमा गिरफ्तार गरी अमेरिका पुऱ्यायो। एउटा सार्वभौम राष्ट्रमाथि गरेको यो उसको रवैया देखेर विश्वभरिका मानिसहरू चकित परेका थिए।

यत फेब्रुअरी २८ मा इरानमाथि अमेरिका र इजराइलको संयुक्त हमला भएको छ। अचानक भएको यो हवाई हमलामा इरानका सर्वोच्च नेता आयोतोल्ला अलि खामिनी र केही उच्च अधिकारीहरूको समेत हत्या भएको छ। सिआइएको विशेष निगरानीले यो सम्भव भएको हो। सर्वोच्च नेता खामिनीसहित केही उच्च अधिकारीहरूको एउटा बैठक बसिरहेको थियो। यही मौकामा उनीहरूबाट यो हमला भएको हो। यसमा सूचना चुहाउने व्यक्तिको पहिचान गरी कारबाहीसमेत भइसकेको जनाएको छ।

अमेरिकाले विगतमा अफगानिस्तान, इराक र सिरियाजस्ता मुलुकहरूमा हमला गरी आधिपत्य जमाउने कोसिस गरेको थियो। उसले विश्वका विभिन्न देशहरूमा आफ्नो प्रभाव बनाउन दुई किसिमको नीति अपनाउँदै आएको छ। (१) उसले त्यस देशको सत्ता परिवर्तन गर्नका लागि विभिन्न जातजातिलाई एकअर्काविरुद्ध उचालेर द्वन्द्व मच्चाउँदै आएको छ भने (२) शान्ति र लोकतन्त्र जस्ता लोकप्रिय नारा दिई सत्ता परिवर्तन गराउने प्रयास गरेको देखिन्छ। सत्ता परिवर्तनमार्फत कठपुतली सरकार निर्माण गर्दै आफ्नो नीति र स्वार्थ त्यही सरकारमार्फत पूरा गर्दै आएको छ।

विश्वका विभिन्न देशहरूमा उसले ती देशहरूको सुरक्षाको लागि भन्दै अमेरिकी सैनिक क्याम्पहरू राख्ने काम पनि गर्दै आएको छ। मध्यपूर्वका युएई, कतार, कुवेत, बहराइन आदि देशहरूमा उसले यसैगरी अमेरिकी सैनिक क्याम्पहरू राखेको छ। अमेरिकी तथा इजरायली हमलाको कारण इरानका सर्वोच्च नेतासहित उच्च अधिकारीहरूको हत्या भइकेपछि इरानले पनि बदला लिन सुरु गरेको छ। उसले मध्यपूर्वका देशहरूमा रहेका सैनिक क्याम्पहरूमा छानीछानी मिसाइल तथा ड्रोन हमलालाई तीव्र बनाएको छ। यसबाट धेरैजना अमेरिकी सैनिकहरूको पनि हताहत भएको समाचारहरू आएको छ।

अमेरिकाले पनि आफ्नो देशका नागरिकलाई मध्यपूर्व छाड्न भनेको छ। मध्यपूर्वका सैनिक क्याम्पहरू धमाधम पछि हट्न थालेका छन्। अहिले त उसले अमेरिकी दूतावास र तिनीहरूका तेलका केन्द्रहरूमा पनि प्रहार गर्न थालेको छ। इजराइलको तेल्हबी र महत्त्वपूर्ण ठाउँमा समेत मिसाइल आक्रमण गरी ब्यापक क्षति गराएको छ। जसबाट इजराइलका प्रधानमन्त्री बेन्जामिन न्यातन्याहुसमेत हायलकायल भएका छन्। इजरायलका सारा मानिसहरू बंकरभित्र लुक्नुपर्ने अवस्था आएको छ। कैयौँ मानिसहरू देश छोड्न पैदलै पहाड उक्लिरहेका छन्।

विश्वभरि ग्यास र कच्चा तेल ढुवानी गर्ने हर्मुज जलमार्गमा इरानले प्रहार गरिरहेको छ। हर्मुज जलडमरुको घाँटी हुँदै जाने जुनसुकै जहाजलाई पनि नछोडिने घोषणा गरेपछि विश्वभरि हाहाकार मच्चिएको छ। एकातिर विश्वभरि तेल र ग्यास आपूर्तिमा संकट उत्पन्न भएको छ भने अर्कातिर अमेरिकी बेस क्याम्पहरूमा तीव्र रूपमा मिसाइल र ड्रोन हमलाहरू भएकाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अहिले सोच्न बाध्य भएका छन्। सुरुका दिनहरूमा उनले भनेका थिए कि, 'इरानमा तीन दिनमा त्यहाँको सत्ता कायापलट हुनेछ।'

उनको यही बुझाइका कारण इरानका सर्वोच्च नेता तथा उच्च अधिकारीहरूको हत्या उनीहरूबाट भएको थियो। तर ट्रम्पको सोचाइ विपरीत सर्वोच्च नेताको मृत्युपछि उनका छोरा नियुक्त भए। यो हमलापछि देसका सारा जनता हमलाकारीहरूविरुद्ध एकजुट भएका छन। इरानी जनताहरूमा कुनै झगडा र विवाद छैन यसबेला। सारा जनता देशभक्तिको भावनाले ओतप्रोत भएका छन्। यसैले ट्रम्पको सत्ता परिवर्तनको कल्पना कल्पनामा मात्र सीमित भएको छ। ट्रम्प आत्तिएका छन् आजकाल। इरानको हतियार भण्डार २-३ दिनमा सकिहाल्छ भन्ने कल्पना गरेका ट्रम्प अचम्मित भएका छन्।

वास्तवमा इरानले त इराकसँगको ऐतिहासिक युद्धपछि नै चट्टानी पहाडको सयौँ फिटमुनि मिसाइल र ड्रोनको सहर नै स्थापित गरिसकेको रहेछ। इरानसँग लामो दुरी, मध्यम दुरी र छोटो दुरीका क्षेप्यास्त्रहरू रहेको खुल्न आएको छ। लामो दुरीमा २ हजारदेखि ४ हजार किलोमिटरसम्म टाढा हान्न सक्ने छेप्यास्त्रहरू छन्। मध्यम दुरीमा १ हजार ५०० देखि २ हजार किलोमिटरसम्म हान्न सक्ने र छोटो दुरीमा १५० देखि ८०० किलोमिटरसम्म हान्न सक्ने छन्। यी हतियारहरूले मध्यपूर्वका देशहरूमा तैनाथ सबै अमेरिकी क्याम्पहरूमा हान्न सक्षम देखिन्छन्। वर्षौंसम्म लड्न पुग्ने हतियारहरूको तागत इरानसँग भएको देख्दा सबै चकित छन आजकाल।

लडाकु विमानहरू त इरानसँग छैन नै तर मिसाइल र ड्रोनको आक्रमणले शत्रुलाई आजित बनाएको छ। कैयौँ क्षेप्यास्त्र र ड्रोन हमलाले अमेरिकी र इजरायलीको प्रतिरक्षा प्रणालीलाई पनि नाकाम सिद्ध गरिदिएको छ। रुसले पनि ४०० वायु रक्षा प्रणाली र महत्त्वपूर्ण खुफिया जानकारी इरानलाई सेयर गरेको रिपोर्टहरू सार्वजनिक भएका छन्। चीनले इरानलाई उन्नत हाइपरसोनिक एन्टी-सिप मिसाइल उपलब्ध गराएको बताइएको छ। मिसाइलहरू अमेरिकी विमानबाहक पोतलाई लक्षित गर्न सक्षम रहेको उल्लेख गरिएको छ।

यतिखेर इरानका विदेशमन्त्री अब्बास अराघचीले स्ट्रेट अफ होर्मुज पूर्णरूपमा बन्द नभएको र अमेरिका तथा इजरायलका जहाजलाई मात्र रोक लगाइएको बताएका छन्। उनले सुरक्षाका कारण मात्रै धेरै जहाजहरूले स्ट्रेट अफ होर्मुजको मार्ग प्रयोग नगरेको तर केही जहाजहरू आवतजावत गरिरहेको बताए। इन्धन ढुवानीमा अवरोध गरेको आरोपमा अमेरिकाले इरानको स्वार्ग द्वीपमा आक्रमण गरेको र इन्धन आपूर्ति जारी राख्न अरू विभिन्न देशले युद्धपोत पठाउन सक्ने बताएका छन्। यस्तो अवस्थामा इरानले पनि अमेरिका र इजरायल बाहेकलाई बन्द नगर्ने भनेको छ। स्वार्ग द्वीपको क्षतिको जबाफ अब अमेरिकी भूमिमा नै दिने इरानले धम्की दिएको छ।

अमेरिकी र इजरायली शक्ति यतिखेर एक्लो महसुस गर्दै छन्। किनकि युरोपियन युनियनका अधिकांश देशहरूले भेनेजुएलालगायत इरानको सार्वभौम अधिकारमा यो खालको ठाडो हस्तक्षेप राम्रो भएन भनी साथ नदिने भन्दै पन्छिएका छन्। बेलायत र स्पेनका प्रधानमन्त्रीको पनि यस्तै भनाइ आयो। क्यानडाले कूटनीतिक र शान्तिपूर्ण समाधानमा आफूले विश्वास गर्ने कुरा गरेको छ। यस्तो बेलामा पनि भारतका प्रधानमन्त्री मोदीको विचार भने फरक देखियो। उनी आफ्नो मित्र देश रुसको सोचाइ विपरीत इजरायललाई समर्थन गर्न पुगेका छन्। यही बेला विशाल भारतको कुरा समेत गरेकाले दक्षिण एसियाका साना राष्ट्रहरू सन्दिग्ध बनेका छन्। नेपालले पनि यसलाई सकारात्मक रूपमा लिन सक्ने ठाउँ छैन।

### दुई देशका फरक स्वार्थ

इरानमाथि हमला गर्ने दुईवटा देशहरूको दुई फरक स्वार्थहरू स्पष्ट देखिन्छन्। इजरायलको स्वार्थ लेबनानको हिजबुल्ला, यमनका हुथी विद्रोही आदिलाई इरानले साथ दिएको हुनाले इरानमाथि हमला गरेको देखिन्छ। तर अमेरिकाको स्वार्थ छुट्टै छ। इरानको तेल भण्डार कब्जा गर्नु नै उसको मुख्य स्वार्थ हो। ट्रम्प एउटा व्यापारी पनि हुन् यसैले उनले भेनेजुएलामा पनि तेलमा आँखा गाडे इरानमा पनि तेल भण्डारमै उनको स्वार्थ गाँसिएको देखिन्छ।

इरानसँगको युद्ध नजित्ने लक्षण देखिसकेपछि अमेरिकाले बेकारमा इजरायलले आफूलाई युद्धमा फसाएको महसुस गर्दै छ। इरानले कुनै पनि सर्वसाधारण र मानव बस्ती भएको स्थानमा प्रहार गरेको त्यति पाइएको छैन। तर अमेरिका र इजरायलले विद्यालय जस्तो संवेदनशील स्थान र सर्वसाधारण बस्ने स्थानलाई समेत प्रहारको निशाना बनाउन छोडेको छैन।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | खराब कार्य गर्ने। | मिथुन | चिन्ता। | सिंह | पदोन्नती। | तुला | चिन्ता। | धनु | रोग नाश। | कुम्भ | भय। |
| वृष | आनन्द। | कर्कट | वृद्धि। | कन्या | परेशानी। | वृश्चिक | सुख। | मकर | अशान्त। | मीन | धन बृद्धि। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# संसद्‌मा महिला : विगत र वर्तमान

## प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ १४ महिला निर्वाचित भएका छन्, जसमा १३ जना रास्वपा र १ जना कांग्रेसका छन् ।









■ **चमिना भट्टराई**

२०१५ सालमा भएको पहिलो आमचुनाववाट संसद्‌मा महिलाको प्रवेश भएको हो । उक्त पहिलो चुनावमा द्वारिकादेवी ठकुरानी १ जना मात्र महिला मात्रै डडेलधुराबाट निर्वाचित भएर सुरु भएको प्रत्यक्ष निर्वाचितको संख्या २०४८ सालको चुनावदेखि क्रमशः बढिरहेको छ ।

२०७२ सालको संविधानमा व्यवस्था भएअनुसार ३३ प्रतिशत महिला सहभागिता अनिवार्य भएपछि संसद् सदस्यमा प्रत्यक्ष निर्वाचित हुने संख्यामा वृद्धि भएको हो । आमचुनाव २०८२ सालमा १६५ प्रत्यक्ष निर्वाचित हुने क्षेत्रहरूमध्ये ८.४८ प्रतिशत अर्थात १४ जनाले निर्वाचन जितेका छन् ।

२०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित हुने महिलाको संख्या ५.४५ प्रतिशतमा सीमित थियो । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित हुनेको संख्या ३.६३ प्रतिशत रहेको थियो । २०७२ सालको संविधान जारी भएपछि प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र विभाजन गरिएको छ भने ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरी प्रत्यक्षबाट नपुग महिला सदस्यलाई समानुपातिक सहभागितामार्फत सुनिश्चित गरी ३३ प्रतिशत पूरा गर्ने व्यवस्था छ ।

जेनजी आन्दोलनपछि भएको २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित महिलाको संख्या २०६४ सालको चुनावभन्दा पछि सबैभन्दा बढी हो । २०६४ सालको संविधानसभा निर्वाचनमा ३० जना अर्थात् १०.९० प्रतिशत महिला प्रत्यक्ष निर्वाचित भएका थिए । दोस्रो संविधानसभा निर्वाचनमा भने १० जना महिला प्रत्यक्ष निर्वाचित थिए । यो संख्या प्रत्यक्ष निर्वाचिततर्फको ३.६३ प्रतिशत थियो ।

२०४८ सालको आमनिर्वाचनमा ८ जना महिलाले प्रत्यक्ष निर्वाचन जितेका थिए । यो संख्या तत्कालीन संसद्‌को ३.९० प्रतिशत हो । त्यसपछि २०५१ सालको प्रतिनिधिसभा निर्वाचनमा ७ जना अर्थात् ३.४१ प्रतिशत र २०५६ सालमा १२ जना अर्थात् ५.८५ प्रतिशत महिलाले प्रत्यक्ष निर्वाचन जितेका थिए । यसअघि २०७९ सालमा ९ जना र २०७४ सालमा ६ जना महिला सांसद प्रत्यक्ष प्रणालीतर्फबाट निर्वाचित भएका थिए ।

### २०८२ आइपुग्दा

नियमित समयभन्दा २ वर्षअगाडी २१ फागुनमा भएको प्रतिनिधिसभाको चुनावमा निर्वाचनमा प्रत्यक्षतर्फ १४ महिला निर्वाचित भएका छन् । प्रत्यक्षतर्फ निर्वाचित हुनेमा १३ जना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का र १ जना नेपाली कांग्रेसकी उम्मेदवार छन् । यो चुनावमा दशकौं राजनीति गरेको अनुभव भएका पुराना दलका नेतालाई हराउँदै वैकल्पिक शक्ति भनिएको रास्वपाका महिलाले जित हासिल गरेका हुन् । उनीहरूमध्ये अधिकांशले पुराना भनिएका दलका नेतालाइ ठुलो मतान्तरले हराएका छन् ।

प्रत्यक्षमा रास्वपाबाट जित निकाल्ने महिलामा झापा क्षेत्र नं.१ मा इन्दिरा रानामगर, चितवन क्षेत्र नं.३ मा सोविता गौतम, मोरङ क्षेत्र नं.६ मा रुविना आचार्य, झापा क्षेत्र नं.१ मा निशा डाँगी, सर्लाही क्षेत्र नं.१ मा नितिमा भण्डारी, ललितपुर क्षेत्र नं.३ मा डा.तोसिमा कार्की, धादिङ क्षेत्र नं.१ मा आसिका तामाङ, सप्तरी क्षेत्र नं.१ मा पुष्पाकुमारी चौधरी, कास्की क्षेत्र नं.३ मा बिना गुरुङ, मोरङ क्षेत्र नं.५ मा आशा झा, महोत्तरी क्षेत्र नं.४ मा गौरी कुमारी, कैलाली क्षेत्र नं.१ मा कोमल ज्ञवाली, काठमाडौँ क्षेत्र नं.१ मा रञ्जु न्यौपाने छन् । इन्दिरा, तोसिमा, सोबिता र निशा दोहोऱ्याएर प्रतिनिधिसभा सदस्य बनेका हुन्, अन्य भने नयाँ हुन् ।

रास्वपाबाट जित्ने महिलाहरूले निकै पुराना र राजनीतिमा दिग्गज भनिएका नेतालाई अकल्पनीय रूपमा हराएका छन् । यो चुनावमा जनताले नयाँ शक्तिलाई हेर्ने भन्दै पुराना दलको विरासत गल्र्यांमगुर्लुम्म पारे । चुनावको परिणाम जसरी आयो धेरैले यो तहको आउला भन्ने कल्पना गरेका थिएनन् । हङ पार्लामेन्ट बन्ने विश्लेषणलाई पनि परिणामले गलत सावित गरेको छ ।

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ विजयी भएका रास्वपाका १३ महिला र कांग्रेसबाट विजयी एक महिला गरी प्रत्यक्षतर्फ विजयी हुने महिलाको हिस्सा संसदमा करिब ८ प्रतिशत छ । संसदमा ३३ प्रतिशत पुऱ्याउन अब दलले समानुपातिकबाट लैजानु पर्ने छ ।

-पूर्वउपसभामुख इन्दिरा राना मगर झापा क्षेत्र नं.२ मा पूर्वसभामुख देवराज घिमिरेलाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य बनेकी छन् । उनले ६० हजार ११० मत ल्याउँदा एमालेका घिमिरेले ११ हजार ३३८ मत ल्याए । उनी २०७९ सालमा समानुपातिक प्रणालीबाट प्रतिनिधिसभा सदस्य भएकी थिइन् । राजनीतिमा आउनुअघि उनी गैरसरकारी संस्था बन्दी सहायता नेपालकी अध्यक्ष थिइन् ।

-रास्वपाबाटै तोसिमा कार्की ललितपुर क्षेत्र नं.३ बाट लगातार दोस्रोपटक विजयी भएकी हुन् । उनले यसपालि ४३ हजार ९६ मत पाइन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका जितेन्द्रकुमार श्रेष्ठले ९ हजार ४५ मत ल्याए । तोसिमा २०७२ सालको भूकम्प र कोभिड महामारीमा नागरिकको सेवामा खटिएकी चिकित्सक हुन् । मधेस प्रदेश, सिन्धुपाल्चोक, नुवाकोटलगायत जिल्लामा उनले स्वयंसेवा गरेकी थिइन् । उनले केही समय पाटन अस्पतालमा समेत काम गरिन् । २०७१/०७२ सालदेखि चिकित्सा क्षेत्रका विकृतिविरुद्ध आवाज उठाउँदै आएकी छन् । उनी माघ २०७९ सालमा पुष्पकमल दाहाल नेतृत्वको सरकारमा छोटो समय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनिन् । उनले संसद्‌को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेर नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा र चिकित्सा शिक्षाका विषयमा आवाज उठाउँथिन् । गत भदौको जेनजी आन्दोलनको समर्थनमा उनी सडकमा निस्किएकी थिइन् ।

-रास्वपाबाट उम्मेदवार बनेकी रुविना आचार्यले मोरङ क्षेत्र नं.६ मा कांग्रेस नेता शेखर कोइरालालाई पराजित गर्दै सांसद बनेकी छन् । उनले ५५ हजार ५१३ मत ल्याउँदा कोइरालाले १२ हजार ८५० मत पाएका छन् । कोइराला कांग्रेस पार्टीका हेभिबेट नेता हुन् । उनलाई आचार्यले फराकिलो मतान्तरले हराएकी हुन । विराटनगर-४ को आयल निगम क्षेत्रमा जन्मिएकी रुविनाले काठमाडौँ विश्वविद्यालयबाट एमबिए अध्ययन गरेकी छन् ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा उनी विवेकशील साझाबाट चुनावी प्रचार अभियानमा सक्रिय थिइन् । उनले विवेकशील साझा पार्टीको युवा संगठनको बागमती प्रदेश समितिमा रहेर काम गरिन् । पार्टीमा सक्रिय रहँदै उनी केन्द्रीय सदस्यसमेत बनिन् । उनी चिकित्सा शिक्षा सुधारका लागि डा. गोविन्द केसीले सञ्चालन गरेको आन्दोलनमा संलग्न थिइन् ।

-रास्वपाबाट गएको संसद्‌मा सांसद रहेकी सोबिता गौतमले भने निर्वाचन क्षेत्र फेरेर दोस्रोपटक चुनाव जितेकी छन् । २०७९ सालमा काठमाडौँ क्षेत्र नं. २ मा चुनाव जितेकी उनले यसपालि चितवन क्षेत्र नं. ३ मा उम्मेदवारी दिएकी थिइन् । सोबिता ५९ हजार २७७ मतसहित विजयी हुँदा उनको निकटतम प्रतिस्पर्धी नेकपाकी रेनु दाहालले २० हजार ६१५ मत ल्याइन् । अधिवक्तासमेत रहेकी सोबिताले ४ वर्षभन्दा बढी समयसम्म नेपाल टेलिभिजनमा 'स्वास्थ्य सरोकार' नामक कार्यक्रम चलाएकी थिइन् ।

-२०७९ सालमा समानुपातिकबाट प्रतिनिधिसभा सदस्य बनेकी निशा डाँगी यसपालि झापा-१ बाट विजयी भएकी छन् । उनले ४५ हजार ६८० मत ल्याइन भने उनको निकटतम प्रतिस्पर्धी कांग्रेसका केशवराज पाण्डेले १० हजार ५५० मत पाएका छन् । निशा अघिल्लो प्रतिनिधिसभाकी कान्छी सदस्य थिइन् । भद्रपुर नगरपालिकाकी उनी राजनीतिमा आउनुअघि सञ्चारकर्ममा सक्रिय थिइन् ।

-रास्वपाका तर्फबाट काठमाडौँ क्षेत्र नं. १ मा उम्मेदवार बनेकी रन्जु न्यौपाने पनि विजयी भएकी छन् । उनको संसद यात्रा पहिलो हो । उनले १५ हजार ४५५ मत पाएर जित हासिल गरेकी हुन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका प्रबल थापा क्षेत्रीले ६ हजार ३६४ मत ल्याएका छन् । रन्जु २०७० सालतिर विवेकशील नेपाली पार्टीसँग जोडिएकी थिइन् । २०७४ सालमा काठमाडौँ महानगरपालिकाको मेयरमा उम्मेदवार बन्दा उनी केवल २१ वर्षकी थिइन् । उनले २०७९ सालमा स्वतन्त्र रूपमा काठमाडौँ क्षेत्र नं. ५ मा उम्मेदवारी दिएकी थिइन् तर चुनाव जित्न सकिनन् । गत मंसिरमा रास्वपासँग एकता हुनुअघि रन्जु विवेकशील साझा पार्टीमा महासचिव थिइन् ।

-रास्वपाले प्रत्यक्षतर्फ उम्मेदवार बनाएको आशा झा मोरङ क्षेत्र नं. ५ बाट विजयी भएकी छन् । झाले ३० हजार ४३४ मत पाएकी छन् । उनको निकटतम प्रतिद्वन्द्वी कांग्रेसका फूलकुमार लालवानीले ९ हजार ४१५ मत प्राप्त गरेका छन् । विराटनगर-१३ की आशाले जनस्वास्थ्यमा स्नातक गरेकी छन् । राजनीतिमा आउनुअघि उनी स्वास्थ्य स्वयंसेविका थिइन् । उनी निर्माण व्यवसायीसमेत हुन् ।

कास्की क्षेत्र नं.३ बाट विजयी भएकी बिना गुरुङले ३७ हजार ७५० मत पाइन् । उनको निकटतम प्रतिद्वन्द्वी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० मत प्राप्त गरे । पर्वतमा जन्मिएर पोखरालाई कर्मथलो बनाएकी ५३ वर्षीया बिना समाजसेवामा सक्रिय थिइन् । सञ्जीवनी दिदीबहिनी संघ नेपालको संस्थापक अध्यक्ष रहेकी उनले महिला एकता र सशक्तीकरणका लागि काम गरेकी छन् । रास्वपामा आबद्ध भएपछि उनी गण्डकी प्रदेश समितिमा कोषाध्यक्ष भइन् । उनी गण्डकीबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट निर्वाचित एकमात्र महिला हुन् ।

-कैलाली क्षेत्र नं.१ मा कोमल ज्ञवाली १७ हजार ८६२ मतसहित विजयी भएकी छन् । उनको निकटतम प्रतिद्वन्द्वी कांग्रेसका जनकराज चौधरीले १२ हजार ८६७ मत ल्याएका छन् । २०३५ सालमा जन्मिएकी कोमल टीकापुरकी बासिन्दा हुन् । व्यवस्थापन संकायमा स्नातक (बिबिएस) उत्तीर्ण गरेकी कोमल राजनीतिमा पूर्णकालीन हुनुअघि कृषि व्यवसायी थिइन् । उनको सक्रिय राजनीतिक यात्रा भने नागरिक उन्मुक्ति पार्टीबाट सुरु भएको थियो । उन्मुक्ति पार्टीबाट अलग भएर उनी रास्वपा प्रवेश गरेकी हुन् ।

-सर्लाही क्षेत्र नं.१ बाट चुनाव जितेकी नीतिमा भण्डारी कार्कीले ४४ हजार १८१ मत पाएकी छन् । उनको निकटतम प्रतिस्पर्धी कांग्रेसका शम्भुलाल श्रेष्ठले ७ हजार ८७१ मत प्राप्त गरेका छन् । उनी महिला सशक्तीकरण, शिक्षा प्रवर्द्धन र स्थानीय विकासलाई प्राथमिकता दिएर चुनावमा होमिएकी थिइन् ।

-धादिङ क्षेत्र नं.१ मा उम्मेदवार बनेकी आसिका तामाङले पनि पहिलोपटक संसद्‌मा प्रवेश पाएकी छन् । समाजका बेथिति र विकृतिका विरुद्ध आवाज उठाउँदै आएकी तामाङ ३९ हजार १२८ मत प्राप्त गरेर उनी विजयी भएकी हुन् । उनको निकटतम प्रतिस्पर्धी एमालेका भूमिप्रसाद त्रिपाठीले १५ हजार ३२ मत ल्याए ।

-महोत्तरी-४ मा रास्वपाबाट उम्मेदवार बनेकी गौरी कुमारी ३० हजार १३२ मतसहित विजयी भएकी छन् । उनका प्रतिस्पर्धी जनता समाजवादी पार्टीका सुरेन्द्रकुमार यादवले ८ हजार ७४२ मत ल्याएका छन् । गौरीले विज्ञान विषयमा प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरेकी छन् ।

-रास्वपाबाट सप्तरी-१ मा उम्मेदवार बनेकी पुष्पाकुमारी चौधरीले पनि सांसदका यात्रा सुरु गर्दैछिन् । उनले ३८ हजार १९५ मतसहित जित हासिल गरेकी छन् । उनीसँग प्रतिस्पर्धामा रहर दोस्रो स्थानमा रहेका स्वाभिमान पार्टीका सुमितकुमारले ७ हजार ८४७ मत ल्याएका छन् ।



रास्वपाले प्रत्यक्षमा उम्मेदवार बनाएको बाँकी ३ महिला उम्मेदवारले भने यो पटक संसद्‌मा प्रवेश पाएका छैनन् । यो पटकको चुनावमा पराजित हुने सो पार्टीका महिलामा विनिता कठायत (जुम्ला), गोमा तामाङ (सुनसरी-१) र टासी ल्हान्जोम (हुम्ला) छन् ।


यसअघि २०७९ सालमा ९ र २०७४ सालमा ६ महिला विभिन्न पार्टीबाट प्रत्यक्षबाट निर्वाचित भएका थिए । संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) मा ३३ प्रतिशत महिला सहभागिता गराउनैपर्ने संवैधानिक व्यवस्था छ । यो पटकको चुनावमा भने पुराना भनिएका दल कांग्रेसबाट १ जना महिला मात्रै प्रत्यक्षतर्फ चुनाव जितेका छन् । अहिलेको परिणाम हेर्दा प्रत्यक्ष निर्वाचनबाट आएका महिलाको संख्या निकै निराशाजनक देखिन्छ । यो निराशालाई केही आशा जगाउन ठाउँ भने रास्वपाबाट जितेका युवा पुस्ताको संख्याले केही हदसम्म दिएको छ ।

### संसद्‌मा महिलाको इतिहास

२०१५ सालमा १ जना
२०४८ सालको पहिलो प्रतिनिधिसभा चुनावमा ८ जना ३.९० प्रतिशत
२०५१ सालको प्रतिनिधिसभा चुनावमा ७ जना ३.४१ प्रतिशत
२०५६ सालको प्रतिनिधिसभा चुनावमा १२ जना ५.८५ प्रतिशत
२०६४ सालको संविधानसभा चुनावमा ३० जना १०.९० प्रतिशत
२०७० सालको दोस्रो संविधानसभा चुनावमा १० जना ३.६३ प्रतिशत
२०७४ सालको प्रतिनिधिसभा चुनावमा ६ जना ३.६३ प्रतिशत
२०७९ सालको प्रतिनिधिसभा चुनावमा ९ जना ५.४५ प्रतिशत
२०८२ सालको प्रतिनिधिसभा चुनावमा १४ जना ८.४८ प्रतिशत






**Buddhashanti Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Budhabare, Jhapa**
**Koshi Province, Nepal**

**INVITATION FOR ELECTRONIC BID**

**Date of First Publication: 2026/03/25**

Buddhashanti Rural Municipality office invites electronic bid from Nepalese eligible bidders under National Competitive Bidding (1S1E) procedures as mentioned below.

| SN. | Contract Id No. | Description of Project | Bid Security Amount & Validity | Estimated Cost (Exclusive of VAT and Contingencies) |
|---|---|---|---|---|
| 1 | 14-BRM/WORKS/082/83 | Nepal Jalwayu Namuna Karyakram | NRs 1,20,000 & 120 Days | NRs. 43,89,827.67 |

| | |
|---|---|
| Last Date and Time of bid Submission | 12:00 PM, on 2026/04/24 |
| Date & Time of bid Opening | 1:00 PM, on 2026/04/24 |
| Cost of bid Document | Rs. 3000 |

Bid is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
For detail notice bidder can access from www.bolpatra.gov.np/egp.

**Notice:- Letter of Intent**

The notice of E-bid Published by Buddhashanti Rural municipality for the implementation of civil works, dated 2082/11/18 on Sourya National daily newspaper,while evaluating the bids received within the deadline mentioned in the notice, this is to notify to concerned bidders for 7 (seven) days of intent to accept the substantially responsive lowest evaluated bid according to The Public Procurement Act 2063's Section 27's sub-section 2 and Section 47.

| SN. | IFB No | Name of Tender | Bidder | Bid Amount (With VAT) |
|---|---|---|---|---|
| 1 | BRM/SQ/GOODS/ 082/083-03 | Supply, Delivery and Installation of Server at Buddhashanti RM | Param Trade Inc Pvt. Ltd., Lalitpur | Rs. 13,74,645 |
| 2 | BRM/SQ/GOODS/ 2082/083-04 | Supply and delivery of Assistive device in Buddhashanti Rural Municipality | Samsunesha traders. Chapkaiya | Rs.13,93,515 |

**Chief Administrative Officer**



**नबिल बैंक लिमिटेड, हाकिमचोक शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मितिः : २०८२/१२/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनी/फर्मको नाम र ठेगानाको विवरण**

१. ऋणी कम्पनी/फर्म : प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश, भरतपुर चितवनमा मिति २०७८/०४/०१ मा प्रमाण पत्र नं. ०४/२०७८/०७९ स्थानिय ब्यापार अर्न्तगत दर्ता भई चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ३, भरतपुर, चितवनमा रजिष्टर्ड कार्यालय रहेको **सार्सा सप्लार्यस ।**

१. ऋणी कम्पनी/फर्म : प्रदेश सरकार, पर्यटन उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोत्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी वर्दघाट सुस्ता पुर्व नवलपुर गण्डकी प्रदेशमा मिति २०७९/०३/०६ मा प्रमाण पत्र नं. ३११७/०७८/०७९ स्थानिय ब्यापार अर्न्तगत दर्ता भई चितवन जिल्ला गैडाकोट नगरपालिका वडा नं. ५, गैडाकोटमा रजिष्टर्ड कार्यालय रहेको **समर सप्लार्यस ।**

**ऋणी कम्पनीका पोप्राइटर/संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१.कोशी प्रसाद ढकालको नाती, कुल प्रसाद ढकालको छोरा झापा जिल्ला, सुरङ्गा न.पा वडा नं. ०१ भई हाल नवलपरासी जिल्ला, गैडाकोट नगरपालिका वडा नं. ४ बस्ने ना.प्र.नं. ०४१०३१/१७१२ (जारी मितिः २०६७/०४/२३, स्थान झापा) भएका **सरोज ढकाल** ।

२. कुल प्रसाद ढकालको बुहारी, सरोज ढकाल को पत्नी नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ०२ घर भई हाल नवलपरासी जिल्ला, गैडाकोट नगरपालिका वडा नं. ४, बस्ने, ना.प्र.नं. ३६२०१६/३६२२ (जारी मितिः २०७१/०३/१६, स्थान नवलपरासी) भएकी **समीता अर्याल** ।

३. प्रयाग दत्त ढकालको नाती, कोशी प्रसाद ढकालको छोरा झापा जिल्ला, सुरङ्गा न.पा वडा नं. ०१ भई ना.प्र.नं. ९१५२,७०,(जारी मितिः २०४६/०३/०६, स्थान झापा) भएका **कुल प्रसाद ढकाल** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. झापा जिल्ला, सुरङ्गा न.पा वडा नं. ०१ बस्ने **कुल प्रसाद ढकालको** नाममा दर्ता भई यस बैंकको पक्षमा धितो पारित भई दृष्टिबन्धक रोक्का समेत रहेको झापा जिल्ला, सुरङ्गा न.पा वडा नं. ०१ नक्सा सिट नं. १ क मा अवस्थित कि.न ६२४२ क्षेत्रफल, ०-१-११-० बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. कावासोती न.पा वडा नं. ०२ बस्ने **समीता अर्यालको** नाममा दर्ता भई यस बैंकको पक्षमा धितो पारित भई दृष्टिबन्धक रोक्का समेत रहेको झापा जिल्ला, सुरङ्गा न.पा वडा नं. ०१ नक्सा सिट नं. १ क मा अवस्थित कि.न ४१३४ र ४१३५ क्षेत्रफल, ०-०-१०-० र ०-०-१०-० बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत

३. कावासोती न.पा वडा नं. ०२ बस्ने **समीता अर्यालको** नाममा दर्ता भई यस बैंकको पक्षमा धितो पारित भई दृष्टिबन्धक रोक्का समेत रहेको नवलपरासी वर्दघाट सुस्ता पुर्व शिवमन्दीर ३ नक्सा सिट नं. ३ क मा अवस्थित कि.न २३३५ क्षेत्रफल, ०-०-६-० बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
गढवा शाखा, गढवा गाँउपालिका, दाङ्ग
सम्पर्क फोन: + ०८२-४१०१०९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री करबिरे राना मगरको नातिनी, दुर्गा बाहादुर राना मगरको छोरी, लुम्बिनी प्रदेश दाङ्ग जिल्ला, गढवा गाँउपालिका वडा नं. ०६ मनिकापुर बस्ने ५२ वर्षकी श्री ओम कुमारी घर्ति मगरको मिति २०८२/१०/१३ (ई.सं. २७/०१/२०२६) मा मृत्यु भएकोले स्व. ओम कुमारी घर्ति मगरको पती हाल गढवा - ०६ मनिकापुर बस्ने श्रीमान धन बहादुर घर्ति मगरले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकका गढवा शाखा, गढवा गाँउपालिका,दाङ्गमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence · ISO 9001 Certified Bank
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बेशिसहर शाखा, बेशिसहर नगरपालिका, त्रिवेणीटोल लमजुङ
सम्पर्क फोन: + ९७७-०६-६५२१४००/०१

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री दल बहादुर जोगीको नाति, लीला बहादुर जोगीको छोरा, गण्डकी प्रदेश लमजुङ जिल्ला, दोर्दी गाउँपालिका वडा नं. ०९, हिलेटक्सार निवासी ६९ वर्षको श्री हरि बहादुर जोगीको मिति २०८२/१०/१९ (ई.सं. ०२/०२/२०२६) मा मृत्यु भएकोले स्व. हरि बहादुर जोगीको पत्नी हाल दोर्दी गाउँपालिका वडा नं. ०९, हिलेटक्सार निवासी श्रीमती डल्ली कुमारी जोगीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बेशिसहर शाखा, बेशिसहर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence · ISO 9001 Certified Bank
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# आमाको नामबाट ३ हजारलाई नागरिकता

■ सौर्य समाचार




काठमाडौं । नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट २ हजार ९४८ जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरूले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ । चौथोपटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । गत पुस ११ मा बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ । त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ । मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अंगीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ । नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्त्वपूर्ण आधारका रूपमा लिइनेछ । त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ ।

यसअघि वैवाहिक अंगीकृतबाहेकका अन्य अंगीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो । नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ । संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ । साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ ।

# Bhojpur Municipality
## Office Of Municipal Executive
**Bhojpur, Koshi Province, Nepal**

## INVITATION FOR BIDS

**Date of Publication: 2082/12/11 B.S. (25th March 2026)**

1. Bhojpur Municipality, office of Municipal Executive, Bhojpur invites electronics bids for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID No. | Description and Location of works | Estimated Amount in (NRs.) (with VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bidding process |
|---|---|---|---|---|---|---|
| 1 | BHJMUN/W/NCB/ 18-2082/83 (Re) | Construction of Ward Office Building work, Bhojpur Municipality-3, Bhojpur | 8176916.64 | 3,000.00 | 2,18,000.00 | Only E-bid |
| 2 | BHJMUN/W/SQ/ 23-2082/83 | Jamune Chautara Dekhi Dan Bahadur Karkiko Ghar Hudai Kumaldhara Gharelu Jodne Sadak Staronnati, Bhojpur-12, Bhojpur | 1391181.42 | 1,000.00 | 39,500.00 | Only E-bid |

2. Details of date and time for pre-bid meeting, bid submission, opening and bid security validity period.

| S. N. | Contract ID No. | Date and time of Pre-bid meeting | | Last Date and Time of Bid Submission | | Date and Time of Bid Opening | | Bid Security Period/ Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|---|
| | | Date | Time | Date | Time | Date | Time | |
| 1 | BHJMUN/W/NCB/ 18-2082/83 (Re) | 2082/12/17 31st March, 2026 | 12:00 | 2082/12/26 09th April, 2026 | 12:00 | 2082/12/26 09th April, 2026 | 13:00 | 90/120 days |
| 2 | BHJMUN/W/SQ/ 23-2082/83 | - | - | 2082/12/26 09th April, 2026 | 12:00 | 2082/12/26 09th April, 2026 | 13:00 | 75/90 days |

3. Details to deposit the fee of bidding document and bid bond.

| Employee's Bank Account Details | |
|---|---|
| **For purchasing of Bidding Document** | **For Bid Security** |
| Name of the Bank: Rastrya Banijya Bank<br>Name of Office: Bhojpur Municipality, Bhojpur<br>Office Code no.: 80107401001<br>Office Account no.: 2040100301010002 | Account Name: Bhojpur Municipality, Bhojpur<br>Bank Name: Rastya Banijya Bank<br>Bank Address: Bhojpur Municipality Ward No. 07, Bhojpur<br>Account Number: 2040100303000002 |

4. Eligible bidders may obtain further information at Bhojpur Municipality, office of Municipal Executive, Bhojpur during off hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
5. If the last date of purchase and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. The Municipality office reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason whatsoever. Matters not covered by this notice shall be in accordance with Bid document, public procurement act and regulation (Latest amendment).

Note: Contract Identification No BHJMUN/W/SQ/23-2082/83 is granted from Roads Board Nepal and is mandatory to complete within 2083 Jestha 30. After that completion date the contractor shall bear responsibility for delay in payment/breach of this contract.

**Chief Administrative Officer**

## कांग्रेसमा फेरि...

उनले आफूले सभापतिका रूपमा पार्टी हाँकेको भन्दै गाडी नरोकिने बताए । सबैलाई सहभागी गराएर अघि बढ्ने प्रतिबद्धता जनाउँदै उनले भने, 'हामी सबैको अर्जुनदृष्टि अधिवेशनमा लाग्नुपर्नेछ । म यो समितिमा नभएका साथीहरूलाई पनि अपिल गर्न चाहन्छु– एउटा विशिष्ट अवस्थामा विशेष महाधिवेशन भयो । त्यो विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आयो, चुनावमा भाग लियौं । अब हामी नियमित महाधिवेशनतर्फ जाँदै छौं । को विशेष महाधिवेशनमा भाग लियो वा लिएन भन्ने सकियो ।'

### १ वैशाखदेखि क्रियाशील सदस्यता वितरण, २४–२६ भदौमा केन्द्रीय महाधिवेशन

१५औं महाधिवेशनको नयाँ मिति प्रस्ताव गरेसँगै सभापति थापाले कार्यतालिका पनि सार्वजनिक गरेका छन् । १ वैशाखदेखि वैशाख मसान्तसम्म क्रियाशील सदस्यता नवीकरण र वितरण, १-१५ जेठमा वडाबाट प्रतिनिधिसभा क्षेत्र र जिल्लामा पठाइसक्ने, जेठ मसान्तसम्म केन्द्रमा पठाइसक्नुपर्ने र १५ असारसम्म सदस्यता व्यवस्थापन समितिले क्रियाशील सदस्यको अन्तिम सूची केन्द्रीय कार्यसमितिलाई बुझाइसक्ने भनिएको छ । असार मसान्तभित्र क्रियाशील सदस्यता वितरण निर्वाचन समितिलाई बुझाउने र नेपाली जनसम्पर्क समितिको अधिवेशन साउन मसान्तभित्र सम्पन्न गरिसक्ने कार्यतालिका छ । कार्यतालिकाअनुसार ६ साउनमा गाउँ, नगर वडा अधिवेशन, १२ साउनमा गाउँ/नगरपालिका अधिवेशन, २३ साउनमा प्रदेशसभा क्षेत्र अधिवेशन र ३० साउनमा प्रतिनिधिसभा क्षेत्र अधिवेशन गर्ने भनिएको छ । त्यस्तै, ६-७ भदौमा जिल्ला अधिवेशन र १५-१६ भदौमा प्रदेश अधिवेशनको मिति तोकिएको छ ।

### तेस्रो पटक मिति प्रस्ताव

२४-२८ मंसिर २०७८ मा सम्पन्न भएको कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदावधि गत मंसिर मसान्तमा सकिएको थियो । एकातिर कार्यसमितिको म्याद सकिएको, अर्कातर्फ गत २९ असोजमै विशेष महाधिवेशनको माग गरिएको सन्दर्भमा कांग्रेसले २६-२८ पुसमा १५औं महाधिवेशन गर्ने तय गरेको थियो । तर, निर्धारित समयमा महाधिवेशन नहुने भएपछि तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अग्रसरतामा २७ पुसदेखि दोस्रो विशेष महाधिवेशन भयो । विशेष महाधिवेशन आह्वान गर्नासाथ १८ पुसमा बसेको पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले यसअघि ल्याइएको कार्यतालिका परिमार्जन गर्दै आगामी वैशाख २८ देखि ३१ गतेसम्म महाधिवेशन गर्ने निर्णय गरेको थियो । कांग्रेसको नयाँ नेतृत्वले पनि सो समयमा महाधिवेशन गर्न नसकेपछि महाधिवेशनको मिति भदौमा पुर्‍याएको छ । कांग्रेस विधानअनुसार आगामी मंसिर मसान्तसम्म महाधिवेशन गरिसक्नुपर्ने हुन्छ । आधिकारिकता विवाद विचाराधीन रहेकाले सर्वोच्चले गर्ने फैसलाले महाधिवेशन प्रभावित पार्न सक्छ ।

**'हतास भएर राजीनामा दिएको होइन'**

चुनावमा कांग्रेसले बेहोरेको हारको जिम्मेवारी लिँदै सभापति थापाले दिएको राजीनामा आइतबारको केन्द्रीय समिति बैठकले अस्वीकृत गरेसँगै उनले मंगलबारको बैठकको अध्यक्षता गरेका थिए । आफूले हतास भएर राजीनामा नदिएको भन्दै उनले विशेष महाधिवेशनका कारण निर्वाचनमा यस्तो परिणाम आएको भन्ने निर्णयमा पनि आफू नपुगेको स्पष्ट पारे । 'मैले कुनै हतारोमा आएर राजीनामा दिएको पनि होइन । हतास भएर पनि होइन । विशेष महाधिवेशन गरेर कहीँकतै कमजोरी गर्‍यौं कि भन्ने कुराको बारेमा एक निमेष पनि अलमलिएर यो निर्णयमा पुगेको थिइनँ । कुनै दबाबबाट पनि यो निर्णयमा पुगेको थिइनँ ।'

### संविधान संशोधन अध्ययन समिति गठन गर्ने

कांग्रेसले संविधान संशोधन अध्ययन समिति गठन गर्ने भएको छ । बैठकमा सभापति थापाले पार्टीका नेता र विज्ञसहित समावेश भएको अध्ययन समिति बनाउने जानकारी दिए । समितिले संविधानभित्र संशोधन गर्नुपर्ने विषयमा अध्ययन गरी विषय पहिचान गर्ने र अन्य दलहरूसँग छलफल गर्ने उनको भनाइ छ । मंगलबारको बैठकमा उपसभापति पुष्पा भुसालको संयोजकत्वमा समिति गठन गर्ने प्रस्ताव गरिएको छ । संयोजकसहित २ जना केन्द्रीय सदस्य र ४ जना विज्ञ गरी ७ सदस्यीय समिति बनाउने तयारी छ ।

## १६ सदस्यीय...

उनले भने, 'आफूलाई सहज हुने गरी बालेनजीले मन्त्री चयन गर्नुहुन्छ । त्यसका लागि सुझाव दिने काम पार्टीले गर्छ ।' तर, अन्तिम समयसम्म आइपुग्दा पनि कसैको नाम किन टुंगिएन ? भन्ने प्रश्नमा ती नेताले करिब करिब टुंगिसकेको र शपथकै दिन सबैले थाहा पाउने बताए ।

### मन्त्रालय घटाउने विषय छलफलमै

रास्वापले आफ्नो वाचा पत्रमै मन्त्रालयको संख्या घटाउने बारे स्पष्ट पारेकाले बालेन नेतृत्वको सरकार गठन हुँदै गर्दा पहिलो काम त्यसमा गर्नुपर्ने छ । यसका लागि स्वर्णीम वाग्ले, बालेन शाहलगायत निरन्छर छलफल र परामर्शमा छन् । तर, कुन कुन मन्त्रालय हटाउने वा कुन मन्त्रालयलाई कुनमा गाभ्ने बारे अझै स्पष्ट खाका तय भइसकेको छैन । सकेसम्म १६ सदस्यीय मन्त्रिपरिषद् गठनको तयारी हुँदै गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाहेकका १५ मन्त्रालय के-के हुने भन्ने बारे बालेन स्वयं र पार्टीको तर्फबाट फरक फरक धारणा प्रस्तुत भएको बालेन निकट एक सहयोगी बताउँछन् । 'थुप्रै विषयमा सहमति भइसकेको छ, तर १-२ मन्त्रालयको विषयमा भने गाभ्ने कि नयाँ स्वरुपमा लाने भन्ने बारे छलफल जारी नै छ,' ती सहयोगीले भने । तर, मन्त्रालय गाभ्दै गर्दा क्षेत्रगत रुपमा काम गर्न समस्या हुने भएकाले १७ वटासम्म मन्त्रालय राखेर १८ सदस्यी मन्त्रिपरिषद् गठन गर्न सकिने रास्वापकै नेताहरु बताउँछन् ।

अर्थ, परराष्ट्र, रक्षा र गृह मन्त्रालयलाई साविककै अवस्थामा राखेर त्यसमा केही क्षेत्राधिकार थप्ने तयारी भएको छ भने (स्वास्थ्य तथा जनसंख्या र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई गाभेर एउटै बनाउने बारे करिब करिब टुंगो लागेको अवस्था छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयलाई एउटै बनाउनेमा समस्या नदेखिए पनि त्यसमा यातायातलाई पनि जोड्ने कि नजोड्ने भन्ने बारे अन्तिम टुंगो लागिसकेको छैन । यातायात क्षेत्रलाई सार्वजनिक सेवाअन्तर्गत बन्ने मन्त्रालयमा पनि राख्न सकिने बारे छलफल चलिरहेको छ । त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई एउटै बनाइने भएको छ । सञ्चार तथा सूचना प्रविधि र संघीय मामिला तथा सामान्य प्रशासनलाई सार्वजनिक सेवा मन्त्रालयको रुपमा अघि सारिएको छ ।

तर, शिक्षा मन्त्रालयको विषयमा कुरा मिल्नसकेको छैन । साविकको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलयलाई सोही स्वरुपमा राख्ने वा त्यसमा युवा तथा खेलकुद मन्त्रालय पनि समेट्ने भन्ने बारे विज्ञहरुसँग सुझावसमेत लिइएको छ । शिक्षा, युवा तथा खेलकुदलाई एउटा र विज्ञान तथा प्रविधिलाई अलग्गै मन्त्रलय बनाउनुपर्ने धेरैको सुझाव छ । तर, ती सबै क्षेत्रलाई समेटेर एउटै मन्त्रालय बनाइए पनि ती क्षेत्रबाट उच्चतम प्रतिफल आउने गरी बलियो संयन्त्र बनाउनुपर्ने रास्वापाका युवा सांसद्हरु बताउँछन् ।

स्थानीय सरकार

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(मिति : २०८२/१२/११)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट तपसिलका निर्माण कार्यको लागि मिति २०८२/१०/२६ गते प्रकाशित सूचना वमोजिम सूचनाको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुंदा तपसिल वमोजिमको बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्वीकृतिका लागि छनौट भई सिफारिस भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | वोलपत्र संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर सहित) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction of Infrastructure at A.G. Mandali (Paryatan Purbadhar) Musikot Rukum | SQ/MM/Ruk.W/W. 082/083/03 | M/S Gauri Shankar Nirman Sewa Pvt. Ltd. Benighat Dhading | 13,28,311.38 | 14.86% Less |
| 2. | Upgrading of Salle Panidhunga Kalicheuri Road | NCB/MM/ Ruk.W/W.082/083/03 | M/S Dasanami Nirman Sewa and Suppliers Musikot 04, Rukum (Western Part) | 12,79,042.78 | 48.90% Less |
| 3. | Construction of Mulpani Fulbari Gheukhola Road | NCB/MM/ Ruk.W/W.082/083/04 | M/S A.S.K. Construction and Suppliers Pvt.Ltd Musikot-13, Rukum (Western Part) | 14,47,829.83 | 42.69% Less |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२।०७।०१ मा दर्ता भएको **प्रा.लि. नं. १४१२६२** को **ब्रोडवे सोलुसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम बिशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/११

यस कम्पनीको मिति २०८१।०९।२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सि.टि.एफ. कन्सल्टीङ प्रा.लि. (दर्ता नं. २१२३७१)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।०९।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **राष्ट्रिय पठन संस्कृति विकास तथा प्रकाशन केन्द्र प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/११

यस कम्पनीको मिति २०८२।१२।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **एस.के. होम एप्लायन्स प्रा.लि. (दर्ता नं. ३२७८८२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१२।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एस.के. बिजनेश हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९।११।३० मा दर्ता भएको **प्रा.लि. नं. ३०८८८८** को **उर्मिला स:मिल एण्ड फर्निचर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# डाँडाखेत–राहुघाट प्रसारण लाइनको प्रगति ७८ प्रतिशत

## ३ करोडभन्दा बढी मुआब्जा वितरण, तारमुनिका जग्गाधनीलाई पनि क्षतिपूर्ति

■ सौर्य समाचार

म्याग्दी । नेपाल विद्युत् प्राधिकरणद्धारा निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइनको आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । म्याग्दी र राहुघाट बेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउने यो आयोजनाको भौतिक प्रगति ४ वर्षमा ७८ प्रतिशत पुगेको हो ।

उक्त प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा ३ अर्ब ५७ करोडमा लार्सन एन्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलोपटकको म्याद गत जुलाई १६ र दोस्रोपटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ मे १६ सम्मका लागि तेस्रोपटक म्याद थपिएको छ । प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेसन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधि लम्बिएको आयोजना प्रमुख रोशन अग्रवालले बताए । उनका अनुसार अबको ५ महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले निर्माणकार्यलाई तीव्रता दिएका छन् ।

१३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामध्ये ७१ वटा खडा भएका छन् । दुइटा बाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । १०.५ किलोमिटरमा तार तान्ने काम पनि सकिएको आयोजनाका इन्जिनियर सुरज गुरुङले बताए । प्रसारण लाइन र सबस्टेसनको उपकरण आयात भइसकेको छ । डाँडाखेतको सबस्टेसनमा ९५ प्रतिशत, प्रसारण लाइनमा ७० प्रतिशत र राहुघाट सबस्टेसनमा ६५ प्रतिशत प्रगति भएको छ । एलएनटीका आयोजना व्यवस्थापक सुभाषचन्द्र शर्माले मजदुर र उपकरण थपेर तोकिएको समयभित्र सम्पन्न गराउने प्रतिबद्धता जनाए ।



५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सबस्टेसनमा १३३-३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ । २२०-१३२-३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ । कुल ४ अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि १ अर्ब ५ करोड रुपैयाँ विद्युत् प्राधिकरण र ३ अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी छ । एसियाली विकास बैंकसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लोपटक बढाएर ३१ मिलियन डलर बनाइएको छ । एसियाली विकास बैंकले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाँडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो ।

### ३ करोडभन्दा बढी मुआब्जा वितरण

निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइनको टावर निर्माण भएको जग्गाका धनीहरूलाई ३ करोडभन्दा बढी मुआब्जा वितरण भएको छ । जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले कायम गरेको मूल्यअनुसार टावर निर्माण भएको जग्गाका धनीहरूलाई मात्र हालसम्म ३ करोड २९ लाख ६४ हजार ५६७ रुपैयाँ मुआब्जा वितरण भएको हो ।

आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमिल्सिनाले मुआब्जाबापत २ करोड २९ लाख २९ हजार ७२८ रुपैयाँ वितरण भएको जानकारी दिए । उनले भने, ‘ आयोजनाको ऋण लगानीकर्ता एसियाली विकास बैंक (एडिबी) को कार्यविधि अनुसार गरिब, महिला प्रमुख घरपरिवार, दलित-जनजाति, अशक्तको आधारमा थप १ करोड ३४ हजार ८३९ रुपैयाँ वितरण भइसकेको छ ।’

२५ किलोमिटर दुरीको प्रसारण लाइनका ८२ टावरमध्ये ४० वन क्षेत्र र ४२ व्यक्तिगत जग्गामा छन् । हालसम्म ६६ जनाले मुआब्जा लगिसकेका र ७ जनाले मुआब्जा लैजाने प्रक्रियामा रहेका प्रशासकीय अधिकृत तिमिल्सिनाले बताए । २०७९ सालमा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले यस आयोजनाको टावर रहने जग्गाका धनीहरूलाई प्रतिरोपनी ९ लाखदेखि १३ लाख ५० हजार रुपैयाँका दरले मुआब्जा निर्धारण गरेको थियो ।

### तारमुनिका जग्गाधनीलाई पनि क्षतिपूर्ति

प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने जग्गाका धनीहरूलाई पनि क्षतिपूर्ति वितरण गर्न दररेट निर्धारणको प्रक्रियामा रहेको आयोजनाले जनाएको छ । प्रसारण लाइनको बीच भागदेखि दायाँ र बायाँ ९-९ मिटरमा रहेको निजी जग्गाका धनीहरूले क्षतिपूर्ति पाउने व्यवस्था छ । ४५४ कित्ता जग्गा प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने प्रारम्भिक विवरण संकलन भएको छ । यसैगरी क्षतिपूर्ति वितरणका लागि पहिलो चरणमा तारमुनि पर्ने २२ वटा घरटहराको पहिचान भएको छ । तारमुनि पर्ने थप भौतिक संरचनाको पहिचान कार्यलाई निरन्तरता दिएको आयोजनाले जनाएको छ ।

आयोजनाले सबस्टेसन निर्माणका लागि मालिका गाउँपालिका-७ बिमको डाँडाखेतमा ५१ रोपनी र रघुगंगा गाउँपालिका-३ राहुघाट अम्बाङमा ९० रोपनी जग्गा अधिग्रहण गरेको थियो । वन क्षेत्र प्रयोग गरेबापत ४ करोड ५० लाखमा ५०४ रोपनी जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराइसकेको छ । प्रसारण लाइन प्रभावित क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १५ जनालाई सवारी चालक, १५ जनालाई हाउसवायरिङ र प्रभावित क्षेत्रमा पर्ने १९ सामुदायिक वनका २-२ जनालाई गैरकाष्ठ वनपैदावार तालिम प्रदान गरिएको छ ।

सामुदायिक वन उपभोक्ता समूहको मागअनुसार वन डढेलो नियन्त्रण र प्रशासनीय कार्य सञ्चालनमा आवश्यक सामग्री वितरण गरेको आयोजनाले प्रभावित क्षेत्रका १८ वटा सामुदायिक विद्यालय तथा विद्यार्थीलाई शैक्षिक सामग्री वितरणको तयारी गरेको छ । आयोजना प्रभावित मालिका गाउँपालिका-७, ६, मंगला गाउँपालिका-१, २, बेनी नगरपालिका-५, ९ र रघुगंगा गाउँपालिका-३ का मठमन्दिर, आमा समूह, विद्यालयलाई निर्माणजन्य जिन्सी सामग्री वितरण गरिएको छ । विभिन्न ठाउँमा जनचेतनामूलक होडिङ बोर्ड राखिएको छ ।

### म्याग्दी नदीमा ४ वटा जलविद्युत् आयोजना

म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको ४ वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मंगले, ४८ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठुलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठुलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन् । ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मंगले र संयुक्त ऊर्जाको ठुलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराएका छन् ।

# निर्यात बढाउन निजी क्षेत्रले खोज्यो प्रोत्साहन

■ सौर्य समाचार

काठमाडौं । निजी क्षेत्रले नेपालको निर्यात व्यापार बढाउन सरकारले नीतिगत स्पष्टता र प्रोत्साहन गर्नुपर्ने बताएको छ । आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रममा निर्यात प्रवर्द्धनका प्रभावकारी योजनाहरू समावेश गर्न व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधिहरूले यस्तो प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका हुन् ।

केन्द्रले निर्यातकर्ता, विभिन्न वस्तुगत महासंघ तथा उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधिमूलक संघसंस्थाहरूको उपस्थिति बृहत् अन्तरक्रिया गरेको थियो । अन्तरक्रियामा सहभागी निजी क्षेत्रका प्रतिनिधिहरूले बजेट तर्जुमा हुनुभन्दा अगावै यस प्रकारको छलफल हुनु सकारात्मक रहेको बताए । उनीहरूले निर्यातमा नगद प्रोत्साहनको सरल वितरण, कच्चा पदार्थ आयातमा सहुलियत, र अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको ‘ब्रान्डिङ’ का लागि विशेष बजेट विनियोजन गर्न सुझाव दिए ।

केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले निर्यात क्षेत्रले भोग्दै आएका समस्याहरूलाई पहिचान गरी आगामी बजेटमार्फत तिनको समाधान खोज्नु र देशको बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि ठोस मार्गीचित्र तयार पार्न छलफल कार्यक्रम आयोजना गरिएको बताए । उनले भने, ‘निर्यातकर्ताका वास्तविक आवश्यकता र सुझावहरूलाई बजेटमा समेट्न केन्द्र प्रतिबद्ध रहेको छ । देशको अर्थतन्त्रलाई गति दिन निर्यात वृद्धि अनिवार्य छ । त्यसैले आगामी वर्षको बजेटलाई बढी व्यावहारिक र निर्यातमुखी बनाउन हामीले यो पूर्व-तयारी थालेका हौँ ।’

त्यस्तै, व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिका सदस्य निराजनबहादुर चलाउनेले निर्यात प्रवर्द्धनका लागि छुट्याइने बजेटको आकार र दायरा दुवै बढाउनुपर्नेमा जोड दिए । उनले निजी क्षेत्र र सरकारबीचको समन्वयले मात्रै निर्यातमा देखिएका अवरोधहरू हटाउन सकिने धारणा व्यक्त गरे ।

छलफलमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, निर्यात व्यवसायी महासंघ लगायत चिया, कफी, गलैंचा, पश्मिना, हस्तकला, सिमेन्ट, जुत्ता-चप्पल, र जडीबुटी क्षेत्रका ३४ वटा भन्दा बढी वस्तुगत संघसंस्थाहरूको सहभागिता रहेको थियो । अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई एकीकृत गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिस गर्ने केन्द्रले जनाएको छ ।


**बिजवेल लिमिटेडको २०८१।८२ को वार्षिक साधारणसभा सम्वन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/१२/११ गते**

यस कम्पनीको मिति २०८२/१२/०७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१।०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०८२ चैत्र ३० गते सोमबार

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. १०, काठमाण्डौ ।

**समय** : विहानको ९:३० बजे ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरु**

१. आ.व. २०८१।०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१।०८२ को लेखापरिक्षण प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२।०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने सम्बन्धमा ।
४. बिबिध ।

**विशेष प्रस्तावहरु**

१. कम्पनीको रजिष्टर्ड ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितिलाई बाधा अड्काउ फुकाउको लागि अख्तियारी सम्बन्धमा ।
३. बिबिध ।

**संचालक समिति**

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नारायणगढको ३५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८२/१२/११ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना** :

गैडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैडाकोट, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रमाण पत्र नं. ३७ कायम भई मिति २०७५/०५/०६ मा दर्ता भएको नवलपरासी (वर्दघाट सुस्ता पूर्व) गैडाकोट नगरपालिका वडा नं. ०५ स्थित **सुधा सप्लायर्स** ।

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

हिरा सिंह पन्थीको नाती, इश्वरी पन्थीको छोरा, चितवन जिल्ला, रत्ननगर गा.वि.स./उ.म.न.पा. वडा नं. ०८ बस्ने **सुरेश पन्थी** ।

कृष्ण बहादुर भण्डारीको छोरी, सुरेश पन्थीको श्रीमती, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुरक्षा भण्डारी पन्थी** ।

**धितो सुरक्षणको विवरण :**

धनि सानिमा बैंक (ऋणी **सुधा सप्लायर्स**)को नाममा सम्बन्धित यातायात कार्यालयमा दर्ता रहेको निम्न सवारी साधन :

| क्र.सं. | मोडल | सवारी नम्बर | च्यासिस नम्बर | ईन्जिन नम्बर | बनेको साल |
|---|---|---|---|---|---|
| १. | Ace XL PICKUP | बा.प्र.-०३ ००१-च-०८८८ | MAT445483KVH47029 | 275IDI07HPYSB4796 | २०१९ |

सानिमा बैंक www.sanimabank.com

‘अलकापुरी’, नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

**Dudhauli Municipality**

**Office Of The Municipal Executive**

**Dudhauli, Sindhuli**

**Bagamati Province, Nepal**

**Invitation for E-Bids**

**First Date of publication: 2082/12/10**

1. **Dudhauli Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the construction of following work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli Municipality-9,Dudhauli, Sindhuli,** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Bidding Details**

| S. N. | Contract identification and number | Description of works | Estimated Value(Without VAT, General Items and Contingencies) | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | DMUN/09/NCB/ GOODS/2082/83 | Supply and delivery of HDEP Pipe and motor. | 50,32,792.20 | 1,50,000.00 | |
| 2 | Ward5/SQ/12/2082/83 | Upgrading of kungsang chhyoling bauddha gumba | 10,61,277.28 | 30,000.00 | |

**Chief Administrative Officer**

**दुधपोखरी गाउँपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**गौडा, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/१२/११**

यस कार्यालयको तपसिल बमोजिम पत्रिकामा प्रकाशित विधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार, दर्ता हुन आएका विद्युतीय बोलपत्र मुल्याङकन हुदाँ निम्न बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावकारी रहेकोले उक्त बोलपत्र स्वीकृतका लागि छनौट भएका हुदाँ सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम ( With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IFB No: 082-83/ DPRM/WORKS-08 | Construction of Bichor Thati Bazar Dhalan | Gongbo Brothers Nirman Sewa And Suppliers Pvt. Ltd, kispang-5, Nuwakot,Nepal. | रु. २५,९७,२२६.९९ |
| 2 | IFB No: 082-83/ DPRM/WORKS-09 | Construction of Lamjung Jilla ko Redio Bhottewodar Chock, Bell Ghaari Bhaarte Hudai Gaunda Jorne Sadak Starunnati Tatha Kaalpatre | New Ulidevi Nirman Sewa Doodhpokhri, Lamjung | रु. ६३,४०,३६७,५१ |
| 3 | IFB No: 082-83/ DPRM/WORKS-10 | Construction of Doodhopokhari Brihat Khanepani Yojana "Kha | New Hira Nirman Sewa Sundarbazar-09, Lamjung | रु. ३०,३६,१८१.६८ |
| 4 | IFB No: 082-83/SQ/ DPRM/WORKS-02 | Thulo Kaabre Taaji Road(B) | Subha Chepe Marsyangdi Construction(pvt.ltd), Gorkha-7, Gorkha | रु. १३,६९,९७१.३५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# ग्लोबल आइएमई र तिलगंगा आँखा प्रतिष्ठानबीच सहकार्य

■ सौर्य समाचार

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबीच समझदारी भएको छ । आर्थिक रूपमा कमजोर, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूमा मोतीबिन्दुको पहिचान गरी निःशुल्क शल्यक्रिया गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो ।

बैंकको कर्पोरेट कार्यालय कमलादीमा मंगलबार आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्राडा सन्दुक रुइतको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार, तिलगंगा आँखा प्रतिष्ठानले ग्लोबल आइएमई बैंकको वित्तीय सहयोगमा सातै प्रदेशका ७ स्थानमा आर्थिक रूपमा कमजोर, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूको निःशुल्क रूपमा मोतीबिन्दुको पहिचान गरी शल्यक्रिया गर्ने छ ।

साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्रा/छात्रहरूको आँखा परिक्षण गरी आवश्यकताअनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिने समेत समझदारी भएको छ । हस्ताक्षर समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनाकालदेखि नै नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताए ।

उनले भने, 'हामीले यो सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई सातै प्रदेशमा समान रूपमा पुर्‍याउने प्रयास गरेका छौं, किनकि हाम्रो विश्वास छ - हामी जहाँ व्यापार गर्छौं, जहाँबाट नाफा कमाउँछौं, त्यहीं समाजप्रति हाम्रो सबैभन्दा ठुलो दायित्व पनि रहन्छ ।' उनले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकका ७७ वटै जिल्लामा रहेका आफ्ना शाखा कार्यलयमार्फत शिक्षा, स्वास्थ्य, वातावरण, मानवीय सहायता, दिगो विकास लक्ष्य तथा बेलाबेलामा आइपर्ने विभिन्न दैविक प्रकोपहरूमा उद्दार तथा राहतमा विभिन्न कार्यक्रमहरू गर्दै आएको बताए ।

त्यसैगरी, तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्राडा रुइतले नेपाली बैंकसँगको सहकार्यमा अवसर र चुनौती दुवै रहेको बताउँदै ग्लोबल आइएमई बैंकसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए । उनले आफूहरूले कुनै पनि कार्यक्रममा पारदर्शिता र चुस्त व्यवस्थापनमा जोड दिने गरेको पनि उल्लेख गरे ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले नेपालकै ठुलो बैंक र तिलगंगाजस्तो प्रतिष्ठित संस्थाबीचको सहकार्यले बैंकलाई सामाजिक उत्तरदायित्वको कार्यक्रम सञ्चालन गर्न उत्साह मिलेको बताउँदै यस सहकार्यलाई आगामि दिनमा थप विस्तार गर्दै लैजाने बताए ।

■ ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माण

# १ वर्षदेखि भारतको जबाफको पर्खाइमा नेपाल



■ सौर्य समाचार

काठमाडौं । ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको लागि १ वर्षदेखि नेपाल आयल निगम भारतको जबाफ कुरिरहेको छ । भारतको मोतिहारीदेखि सर्लाहीसम्म ग्यास पाइपलाइन र भण्डारण गृह निर्माणका लागि भारतलाई पठाएको प्रस्ताव जबाफको पर्खाइमा नेपाल छ । १ वर्षअघि नै इन्डियन आयल कर्पोरेसनमार्फत त्यहाँको पेट्रोलियम मन्त्रालयमा ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव गरिएकोमा अझैं जबाफ प्राप्त नभएको आयल निगम कार्यकारी निर्देशक चण्डिका भट्टले बताए ।

बजारमा ग्यासको अभाव हुन नदिन भण्डारण पूर्वाधारमा लगानी गर्नुपर्नेमा भट्टले जोड दिए । उनले भने, 'अहिलेसम्मको अवस्थाले नेपाललाई एलपी ग्यास पाइपलाइन र कम्तीमा ३० दिनका लागि पुग्ने भण्डारण पूर्वाधार निर्माण गर्नु अत्यावश्यक छ ।'

देशमा इन्धनको पर्याप्त भण्डारण नहुँदा बेलाबखत अभाव हुने गरेको निगमका अधिकारी स्वीकार गर्छन् । सरकारले ३ महिनाको माग धान्न सक्नेगरी पेट्रोलियम पूर्वाधार निर्माण गर्ने घोषणा गरेको छ । डिजेल, पेट्रोल र मट्टितेलको भण्डारण क्षमता वृद्धि गरिए पनि हालसम्म खाना पकाउने ग्यासको भण्डारण व्यवस्था भएको छैन ।

ग्यास ढुवानीमा वार्षिक ६ अर्बभन्दा बढी खर्च हुँदै आएको छ । नेपालसँग आफ्नै ग्यास बुलेट नहुँदा ढुवानी लागत अधिक छ । 'ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माण भएमा अर्बौं बचत हुन्छ', कार्यकारी निर्देशक भट्टले भने, 'यसबाट आपूर्ति प्रणाली सुधार भई आमउपभोक्ताले सहजै ग्यास पाउने अवस्था बन्छ ।' ३ महिनाको पेट्रोलियम पदार्थ माग धान्ने पूर्वाधार निर्माण गर्ने राष्ट्रिय नीति भए पनि अझै त्यसले पूर्णता पाउन सकेको छैन ।

मध्यपूर्वमा जारी जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा विश्वव्यापी रूपमा असर परेको छ । पेट्रोलियमा पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने निकाय नेपाल आयल निगमले समस्या समाधानको प्रयासस्वरूप आधा सिलिन्डर ग्यास बजारमा पठाउन उद्योगीलाई निर्देशन दिएको छ, तर सहजै ग्यास नपाएको उपभोक्ताको गुनासो छ ।

निगमले खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिति नगर्न आमउपभोक्तामा आग्रह गर्दै आइरहेको छ । नेपालमा मासिक रूपमा ४६ हजार मेट्रिक ग्यास खपत हुँदै आएको छ । हरेक महिना सोही परिमाणमा आयात पनि भइरहेको छ । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले पेट्रोलियम भण्डारण नीतिको अस्पष्टता र अव्यवस्थित वितरण प्रणालीका कारण सहजै ग्यास उपलब्ध नभएको तर्क गरे । पेट्रोलियम पदार्थमा परनिर्भर हटाउन हामीले अधिकभन्दा अधिक विद्युत् उपभोगमा लाग्नुपर्नेमा उनले जोड गरे ।


## धनपालथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**(सूचना प्रकाशन मिति २०८२।१२।११)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८२।०९।०४ गतेको राष्ट्रिय स्तरको सौर्य दैनिक पत्रिकामा प्रकाशित बिधुतीय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बिधुतीय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस समेत) |
|---|---|---|---|---|
| १ | 07/DPTRM/NCB/ WORKS/082-083 | नोचा मुल सडक सुडियारी चौक देखि दक्षिण दुर्गापुर हुदै गडेरीया सिमाना सम्म जोड्ने सडक कालोपत्रे पिच निर्माण,कर्सिया पानी टंकी देखि उत्तर कालिका स्कुल हुदै फुटानी चौक जोड्ने सडक कालोपत्रे (नवौ खण्ड) र भंगापुल उत्तर रंगपुर हुदै फुटानी चौक जोड्ने सडक कालोपत्रे गर्ने(सातौ खण्ड) धनपालथान -१ र ५ | श्री सेलेक्ट कन्स्ट्रक्सन प्रा.ली.,काठमाण्डौ | रु.६३,१५,५९९।५९ |
| २ | 08/DPTRM/NCB/ WORKS/082-083 | अधुरो मालसिमाना सडक कालोपत्रे,सहनी टोलको सडक कालोपत्रे,राजाधनपालथान गेट देखि शान्ति वन सम्मको बाटो कालोपत्रे र तेलिया चौक देखि मुस्ताक मियाँको घर सम्मको बाटो कालोपत्रे धनपालथान -६ र ७ | श्री सेलेक्ट कन्स्ट्रक्सन प्रा.ली.,काठमाण्डौ | रु.७०,५०,१४२।५९ |
| ३ | 09/DPTRM/NCB/ WORKS/082-083 | पैटा काली मन्दिर देखि मसना खोला जाने सडक कालोपत्रे र डकुवा डाँडाको बाटोमा कालोपत्रे निर्माण गर्ने धनपालथान -२ र ३ | श्री सेलेक्ट कन्स्ट्रक्सन प्रा.ली.,काठमाण्डौ | रु.४८,५७,७०३।६४ |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा**

## कालीगण्डकी कोरिडोर (बेनी जोमसोम कोरला सडक योजना)
**मुस्ताङ, जोमसोम**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८२।१२।११)**

यस कार्यालयको सूचना नं. IFB02/082/83 मिति २०८२।१०।२५ मा eGP System मार्फत आव्हान गरिएको ठेक्का नं. KCBJKRP/337011184/NCB/082/83-6, KCBJKRP/337011184/NCB/082/83-7 and KCBJKRP/337011184/NCB/082/83-8 को बोलपत्रमा बोलपत्रदाताहरुबाट प्राप्त आर्थिक एवम् प्राविधिक प्रस्ताव मध्ये मिति २०८२।११।२६ मा खोलिएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन सम्पन्न भई तपशिल बमोजिमका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही रहेको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम निम्मानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समय:** २०८२।१२।१८ गते दिनको १३:०० बजे
**स्थान:** कालीगण्डकी कोरिडोर (बेनी जोमसोम कोरला सडक योजना),जोमसोम, मुस्ताङ । (eGP System मार्फत)

**तपशिल**

| सिं नं. | ठेक्का नं./ विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरू |
|---|---|---|
| १ | ठेक्का नं KCBJKRP/337011184/ NCB/082/83-6 को लागि | 1. M/S Gajindra Nirman Sewa (GNS) Pvt. Ltd., Syangja |
| | | 2. M/S Gurung Nirman Sewa (GURUNG) -Shankar Nirman Sewa (SHANKAR) -ShreeCreative Engineering & Construction Company Pvt. Ltd. (SHREE CREATIVE) J/V, Pokhara-17, Kaski |
| | | 3. M/S Jeevan Construction Nirman Sewa (JCNS)-Tandabeshwor Construction Pvt. Ltd. (TCPL)-Shanti Darshan Nirman Sewa (SDNS) J/V, Pokhara-9, Kaski |
| | | 4. M/S Kalimata Construction Company Pvt. Ltd. (KALIMATA)-Gaura Nirman Sewa (GAURA)-Mingma Suppliers & Construction Pvt. Ltd. (MINGMA), Mahankal-6, Kathmandu |
| | | 5. M/S Nayayug Nirman Sewa Pvt.Ltd. (Nayayug)-BRT Construction Pvt. Ltd. (B.R.T.)-Sahana Shakti Nirman Sewa (SAHANA) J/V, Pokhara, Kaski |
| २ | ठेक्का नं. KCBJKRP/337011184/ NCB/082/83-7 को लागि | 1. M/S Gajindra Nirman Sewa (GNS) Pvt. Ltd., Syangja |
| | | 2. M/S Kali Mata Construction Company Pvt. Ltd. (KALIMATA) - Thapakaji Innovative Construction Pvt. Ltd. (THAPAKAJI) - Rashuwa Engineers and Builders Pvt. Ltd. (RASHUWA) J/V, Bidur-4, Nuwakot |
| | | 3. M/S Himalayan Construction (H.C)-Tandabeshwor Construction Pvt. Ltd. (TCPL)-Shanti Darshan Nirman Sewa (SDNS) J/V, Pokhara-9, Kaski |
| ३ | ठेक्का नं. KCBJKRP/337011184/ NCB/082/83-8 को लागि | 1. M/S Gajindra Nirman Sewa (GNS) Pvt. Ltd., Syangja |
| | | 2. M/S Osnap Builders and Engineers Pvt. Ltd. (Osnap) - Budhisara Nirman Sewa Pvt. Ltd. (Budhisara) J/V, Kageshwori Manohara-6, Kathmandu |
| | | 3. M/S Puspanjali Nirman Sewa (Puspanjali) - Shree Creative Engineering and Construction Company Pvt. Ltd. (Creative) J/V, Tansen-9, Palpa |
| | | 4. M/S Kali Mata Construction Company Pvt. Ltd. (KALIMATA)-Thapakaji Innovative Construction Pvt. Ltd. (THAPAKAJI)-Rashuwa Engineers and Builders Pvt. Ltd. (RASHUWA) J/V, Bidur-4, Nuwakot |
| | | 5. M/S Sahayogi Construction Company Pvt. Ltd. (Sahayogi) - Public Construction (Public), Sukedhara, Kathmandu |

**योजना प्रमुख**



**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय
**मन्थली, रामेछाप, नेपाल**

**दोरम्बा शौलुङ गाउँपलिका वडा न २, दोमी गाउँ स्थित अँधेरी खोला पुल निर्माण, गोकुलगंगा गाउँपालिका वडा न १, चुचुरेमा चाकेखोला मोटरेबल पुल निर्माण, उमाकुण्ड गाउँपालिका वडा न २, डल्लेमाने शिवजीथान बाम्ती रोशी सडक अन्तर्गतको तातोपानी बाम्ती खोला मोटरेबल पुल निर्माण र खाँडादेवी गाउँपालिका वडा न ७ मा पाङ्गचेत भटौली खोला मोटरेबल पुल निर्माण योजनाको संक्षिप्त वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना**

बागमती प्रदेश, रामेछाप जिल्लाको दोरम्बा शौलुङ गाउँपालिका, गोकुलगंगा गाउँपालिका, उमाकुण्ड गाउँपालिका र खाँडादेवी गाउँपालिका मा पूर्वाधार विकास कार्यालय, मन्थलीद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, रामेछाप बाग्मती प्रदेश, नेपाल<br>फोनः ०४८-५४०७११.<br>इमेलः IDO.RAMECHHAP@GMAIL.COM |
| **प्रस्तावको व्यहोरा** | १. दोरम्बा शौलुङ गाउँपलिका वडा न २, दोमी गाउँ स्थित अँधेरी खोला पुल निर्माण आयोजना<br>२. गोकुलगंगा गाउँपालिका वडा न १. चुचुरेमा चाकेखोला मोटरेबल पुल निर्माण आयोजना<br>३. उमाकुण्ड गाउँपालिका वडा न २, डल्लेमाने शिवजीथान वाम्ती रोशी सडक अन्तर्गतको तातोपानी बाम्ती खोला मोटरेबल पुल निर्माण योजना<br>४. खाँडादेवी गाउँपालिका वडा न ७ मा पाङ्गचेत भटौली खोला मोटरेबल पुल निर्माण |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | १. दोरम्बा शौलुङ गाउँपलिका वडा न २<br>२. गोकुलगंगा गाउँपालिका वडा न १<br>३. उमाकुण्ड गाउँपालिका वडा न २<br>४. खाँडादेवी गाउँपालिका वडा न ७ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणालि, साँस्कृतिक प्रणाली, आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस स्थानको नगरपालिका/गाउँपालिका तथा यस क्षेत्रका
विद्यालय, अस्पताल, स्वास्थ्य चौकि, तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय/सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुनुवाई भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय/सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| १. दोरम्बा शौलुङ गाउँपलिका वडा न २, दोमी गाउँ स्थित अँधेरी खोला पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र २२ गते आइतबार<br>समयः १०.०० बजे | २. खाँडादेवी गाउँपालिका वडा न ७ मा पाङ्गचेत भटौली खोला मोटरेबल पुल निर्माण<br>स्थानः पुल निर्माण स्थल<br>मितिः २०८२ चैत्र २२ गते आइतबार<br>समयः ३.०० बजे |
| ३. उमाकुण्ड गाउँपालिका वडा न २. डल्लेमाने शिवजीथान बाम्ती रोशी सडक अन्तर्गतको तातोपानी बाम्ती खोला मोटरेबल पुल निर्माण योजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र २३ गते सोमबार<br>समयः ११.०० बजे | ५. गोकुलगंगा गाउँपालिका वडा न १, चुचुरेमा चाकेखोला मोटरेबल पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र २४ गते मंगलबार<br>समयः ११.०० बजेv |

# मुसहर बस्तीमा न व्यवस्थित घर, न शौचालय



■ सौर्य समाचार

सिरहा । नेपाल खुला दिसामुक्त घोषणा भएको साढे ६ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकाका मुसहर बस्तीमा स्वच्छताको अवस्था अझै दयनीय छ। हावाहुरी, घामपानी र बर्सातको समयमा टाउको लुकाउने सुरक्षित घर नहुँदा सास्ती खेपिरहेका मुसहर समुदायका लागि शौचालय त झनै सपना जस्तै बनेको छ। लहान नगरपालिका-१३ की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भनिन्, 'बस्ने घरकै टुंगो छैन, शौचालय कहाँ बनाउनु ? वर्षौंअघि सरकारले दिएको रिङ त छ, तर जग्गा नभएकै कारण अहिलेसम्म शौचालय ठड्याउन सकेका छैनौं।' भुटनीदेवीजस्तै वडा-१, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अहिले पनि खुला स्थानमा शौच गर्न बाध्य छन्। सुरक्षित आवास र आफ्नै स्वामित्वको जग्गा नहुँदा मुसहर समुदायमा शौचालय निर्माण र प्रयोग चुनौतीपूर्ण बन्दै गएको छ।

नगरपालिका र 'वाटरएड' संस्थाले हालै गरेको सर्वेक्षणअनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् ४ हजार २१० घरमा अझै शौचालय छैन। अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ। लहानमा करिब ३० हजार दलित जनसंख्यामध्ये ८ हजार मुसहर समुदायका छन्। ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले उनीहरूका लागि आवास र स्वच्छता दुबै गम्भीर समस्या बनेको 'विकन परियोजना'का निर्देशक कविन्द्र पुडासैनीले बताए।

समाजसेवी शंकरप्रसाद गुप्ताका अनुसार केवल गैरसरकारी संस्थाका कार्यक्रमले मात्र यो समस्या समाधान हुँदैन। यसका लागि स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवाको सक्रिय निगरानी समूह बनाएर समुदायमा निरन्तर शिक्षा र चेतना दिनु आवश्यक रहेको उनी बताउँछन्। लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले सन् २०१७ मै खुला दिसामुक्त घोषणा भएको नगरमा अझै यति ठुलो संख्यामा शौचालयविहीन हुनु चिन्ताजनक रहेको स्वीकार गरे।

उनले भने, 'यो स्वच्छताको चुनौती गम्भीर छ। अब हामी घरघर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं। भूमिहीन सुकुम्बासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रियासमेत अघि बढाइनेछ।' नगरपालिकाले अहिले 'विकन परियोजना'सँग मिलेर ती ४ हजार २१० घरधुरीमा शौचालय निर्माण गर्ने अभियान सुरु गरेको छ। यसका लागि जनप्रतिनिधि, सामाजिक परिचालक र युवा समूहको सहकार्यमा ३ महिनासम्म घरघरमै पुगेर प्रत्यक्ष अनुगमन र चेतना अभिवृद्धि गरिने नगरपालिकाले जनाएको छ।

# रौतहटमा बेमौसमी वर्षाले काँचो इँटा नष्ट : बिमा गर्न माग

■ सौर्य समाचार

रौतहट। गत शुक्रबार र शनिबार परेको बेमौसमी वर्षाले रौतहटमा सञ्चालित विभिन्न इँटा उद्योगको लाखौं मूल्य बराबरका काँचो इँटामा क्षति पुर्‍याएको छ। यहाँका ५० भन्दा बढी इँटा उद्योगमा पकाउनका लागि तयार पारिएका थिए। इँटा उद्योग व्यवसायी संघका अध्यक्ष रामविनोद साहका अनुसार वर्षाको कारण जिल्लामा सञ्चालित ५० इँटा उद्योगमा क्षति भएको छ। ती उद्योगमा करिब १ करोड ५० लाख रुपैयाँभन्दा बढी काँचो इँटा नष्ट भएको छ। प्रत्येक काँचो इँटाको लागत औसतमा ३ रुपैयाँभन्दा बढी पर्ने भएकाले कुल नोक्सानीको रकम करिब साढे ४ करोड रुपैयाँ बराबर भएको अनुमान छ।

जिल्लाको बिके इँटा उद्योग, वीर इँटा उद्योग, पूजा इँटा उद्योग, एमबिआई इँटा उद्योग, सोना इँटा उद्योग, रामजानकी इँटा उद्योगलगायत ५० उद्योगमा बेमौसमी वर्षाले नोक्सानी भएको छ। गरुडा-५ महम्मदपुरस्थित रहेको एसपिएल इँटा उद्योगका सञ्चालकसमेत रहेका साहले उद्योगले निर्माण गरेका काँचो इँटा खुला स्थानमा सुकाउने क्रममा बेमौसमी वर्षाले नष्ट गरेको गुनासो गरे। काँचो इँटाको समेत बिमाको व्यवस्था गरिदिन इँटा व्यवसायी महासंघका केन्द्रीय सदस्य मोहन साहले माग गरेका छन्।



गुजरा-७ स्थित रामजानकी इँटा उद्योगका सञ्चालक रहेका उनले बेमौसमी वर्षाको कारण इँटा व्यवसायी पलायन हुनुपर्ने अवस्था आएको बताए। सरकारले वा सम्बन्धित निकायले काँचो इँटाको बिमा प्रणाली अवलम्बन गरिदिने हो भने यस्ता प्राकृतिक प्रकोपबाट इँटा व्यवसायीले राहत पाउने उनको भनाइ छ।

राधाकृष्णा इँटा उद्योगका सञ्चालक प्रेमशंकर यादवले आफ्नो उद्योगबाट लाखौं मूल्य बराबरको काँचो इँटा नष्ट भएको गुनासो गरे। एउटा काँचो इँटा उत्पादन गर्न माटो, पानी, मजदुरीलगायतको लागत जोड्दा औसतमा ३ रुपैयाँभन्दा बढी खर्च हुने उनी बताउँछन्।

जिल्लामा १६० इँटा उद्योग दर्ता भए पनि हाल ५७ उद्योग मात्र सञ्चालनमा छन्। पछिल्लो समय इँटा उद्योग बन्द गर्ने क्रम बढेको छ। काचो इँटाको बिमा नहुँदा गत वर्ष पनि बेमौसमी वर्षाले इँटा उद्योगमा क्षति पुर्‍याएको थियो।


## Itahari Sub-Metropolitan City
### Office of the Municipal Executive
Itahari, Sunsari

**Invitation for Bids**

**Date of Publication: 2082/12/11 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount (without VAT but including PS) NRs. | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 48W/082/083 | Construction of a School Building at Shree Rastriya Secondary School, Itahari-1, Sunsari | 48,35,513.24 | 3,000 | 1,25,000.00 | 120 days | NCB |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

## Shuddhodhan Rural Municipality
### Office of the Rural Municipal Executive
Labani, Kapilvastu

**Invitation of Bid**

**Date of Publication : 2082/12/11**

1. Shuddhodhan Rural Municipality, Office of the Rural Municipal Executive invites E-Bids from eligible and qualified bidders for the following construction works.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 05/SRM/ BUILDING/ NCB/2082-083 | Construction of Primary Health Centre Building | 90/120 days | 76,000.00 | 3000.00 | 2083/01/11 till 12:00 Hrs | 2083/01/11 at 13:00 Hrs |

Information to deposit the cost of Bidding document and bid bond in the bank:

| Office Name | Shuddhodhan Rural Municipality, Labani Kapilvastu | |
|---|---|---|
| Rajaswa Khata No. | 06300257CA | Prime Commercial Bank, Labani, Kapilvastu |
| Dharauti Khata No. | 06300272CA | |

Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp. (online) only.
2. Pre-bid meeting shall be held at Shuddhodhan Rural Municipality, Labani, Kapilvastu,
Date: 2082/12/30, Time: 13:00 hrs
3. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese laws.
4. Shuddhodhan Rural Municipality reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
5. If last date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date.
6. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
सिन्धुपाल्चोक, नेपाल

**जुगल गाउँपालिका वडा न १ र २ जोड्ने जलविरे-ढाडे-सेलाङ-कुम्भेशोर सडक खण्डमा पर्ने सेलाङ खोला पुल निर्माण, हेलम्बु गाउँपालिका वडा न १ मा मेलम्ची (चोक्पू) खोला पुल निर्माण, चौतारा साँगाचोकगढी नगरपालिका वडा न १ र इन्द्रावती गाउँपालिका वडा नो १ जोड्ने झ्यादी खोला पुल निर्माण योजनाको संक्षिप्त वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना**

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका, हेलम्बु गाउँपालिका, चौतारा साँगाचोकगढी नगरपालिका र इन्द्रावती गाउँपालिका मा पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक, बाग्मती प्रदेश, नेपाल<br>फोनः ०११-२४२१५९, इमेलः idosindhupalchok@gmail.com |
| **प्रस्तावको व्यहोरा** | १. जुगल गाउँपालिका वडा न १ र २ जोड्ने जलविरे-ढाडे-सेलाङ- कुम्भेशोर सडक खण्डमा पर्ने सेलाङ खोला आयोजना<br>२. हेलम्बु गाउँपालिका वडा न १ मा मेलम्ची (चोक्पू) खोला पुल निर्माण आयोजना<br>३. चौतारा साँगाचोकगढी नगरपालिका वडा न १ र इन्द्रावती गाउँपालिका वडा नो १ जोड्ने झ्यादी खोला पुल निर्माण योजना |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | १. जुगल गाउँपालिका वडा न १ र २<br>२. हेलम्बु गाउँपालिका वडा न १<br>३. चौतारा साँगाचोकगढी नगरपालिका वडा न १<br>४. इन्द्रावती गाउँपालिका वडा नो १ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणालि, साँस्कृतिक प्रणाली, आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस स्थानको नगरपालिका/गाउँपालिका तथा यस क्षेत्रका
विद्यालय, अस्पताल, स्वास्थ्य चौकि, तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय/सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुनुवाई भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय/सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| १. जुगल गाउँपालिका वडा न १ र २ जोड्ने जलविरे-ढाडे-सेलाङ- कुम्भेशोर सडक खण्डमा पर्ने सेलाङ खोला आयोजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र १८ गते बुधबार<br>समयः ११.०० बजे | २. हेलम्बु गाउँपालिका वडा न १ मा मेलम्ची (चोक्पू) खोला पुल निर्माण आयोजना<br>स्थानः पुल निर्माण स्थल<br>मितिः २०८२ चैत्र १९ गते बिहिबार<br>समयः ११.०० बजे |
| ३. चौतारा साँगाचोकगढी नगरपालिका वडा न १ र इन्द्रावती गाउँपालिका वडा नो १ जोड्ने झ्यादी खोला पुल निर्माण योजना<br>स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ चैत्र २० गते शुक्रबार | |

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
## संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
मोरङ, विराटनगर
(प्रथम पटक प्रकाशित मिति २०८२।१२।११)
सूचना नं.-४०/२०८२/०८३

**आर्थिक प्रस्ताव स्वीकृत भएको आशय सम्बन्धी सूचना**

यस कार्यालयबाट निम्न योजनाहरुको लागि प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र PPMO को E-procurement Portal मार्फत रितपूर्वक दर्ता भई प्राविधिक प्रस्तावमा सफल सम्पूर्ण बोलपत्रहरुको आर्थिक प्रस्ताव मूल्यांकन गर्दा तपसिलका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | न्युनतम मूल्याङ्कित बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (पि.एस. सहित र मु.अ.कर बाहेक) | सूचना अवधि |
|---|---|---|---|---|---|
| 1. | FUDBC/Morang/ NCB/ Works/61-2082-083 | Repair, Rehabilitation and Structural Strengthening of Postal Directorate Buildings in Biratnagar, Morang damaged due to Gen-Z movement. | Pro Construction, Lahan-01, Siraha | ७४,८२,७१८।७८ | ३ दिन मात्र (विशेष परिस्थिति मार्फत खरिद गर्नु पर्ने भएकोले ।) |
| 2. | FUDBC/Morang/ NCB/ Works/62-2082-083 | Repair, Rehabilitation and Maintenance of Food Technology and Quality Control Office "Khadya Prawidhi" Buildings in Biratnagar, Morang damaged due to Gen-Z movement. | Jay Matribhumi Construction company Pvt. Ltd., Kathmandu-32 | ६३,४१,५०४।०५ | |
| 3. | FUDBC/Morang/ NCB/ Works/63-2082-083 | Repair, Rehabilitation and Structural Strengthening of Morang District Court damaged due to Gen-Z movement. | Jaya Matribhumi Construction Pvt.Ltd., Kathmandu-32,Kathmandu | ४०,१३,३३१।४९ | |
| 4. | FUDBC/Morang/ NCB/ Works/64-2082-083 | Repair, Rehabilitation and Maintenance of District Attorney Office, Biratnagar, Morang damaged due to Gen-Z movement. | Divya Construction, Budhiganga-1, Morang | १८,५४,३५६।५० | |

# बाढीपहिरोले क्षति पुऱ्याएको घरको पुनर्निर्माण गर्न डेढ वर्षपछि अनुदान सिफारिस

■ सौर्य समाचार




काभ्रे । जिल्ला विपद् व्यवस्थापन समितिले बाढीपहिरोले क्षति पुऱ्याएको डेढ वर्षपछि स्थायी आवास निर्माणार्थ पीडितको नामावली सिफारिस सुरुआत गरेको छ । समितिको सोमबार सम्पन्न बैठकले २०८१ असोजको बाढीपहिरोले पूर्ण तथा आंशिक क्षति पुगेका रोसी गाउँपालिकाका पीडितको सूची सिफारिस गर्ने निर्णय गरेको हो । समितिद्वारा पहिलो चरणमा उक्त गाउँपालिकाका १९९ घर स्थायी निर्माण गर्न तथा ४० घर रेट्रोफिटिङ (प्रवलीकरण) गर्न सिफारिस गरिएको छ । समितिका संयोजक प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले काभ्रेमा गत सालको विपत्तिमा आवासमा पुऱ्याएको क्षति छानबिन गरी स्थायी आवास निर्माणका लागि सिफारिस गर्न सुरु गरिएको बताए ।

उनका अनुसार रोसी गाउँपालिकाबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा स्थायी आवासका लागि सिफरिस सुरु गरिएकाले क्रमशः जिल्लाका अन्य स्थानीय तहका पनि सिफारिस गरिनेछ । सरकारले २०८१ असोजको बाढीपहिरोले क्षति पुऱ्याएको आवासको स्थायी पुनर्निर्माणका लागि ४ लाख रुपैयाँ अनुदान दिने निर्णय गरेको थियो । साथै सोही निर्णयअनुसार ४ लाख रुपैयाँमध्ये संघीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत तथा स्थानीय तहले २० प्रतिशत बेहोर्ने नीति बनाइएको थियो । यसअघि जिल्लाको १० स्थानीय तहका २ हजार ८९५ घरपरिवारलाई सरकारबाट प्राप्त अस्थायी आवास अनुदान वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । बाढीपहिरोले रोसी गाउँपालिकामा १२ जनाको निधन भएको थियो । यस्तै बाढीपहिरोबाट ४८२ पूर्ण रूपमा तथा ८८३ घर आंशिक रूपमा क्षति पुगेको थियो ।

यस्तै, २ हजार ५४४ परिवारको खेतबारीमा क्षति पुगेको जनाइएको छ । त्यसैगरी, ६० खानेपानी आयोजना, १ पक्की पुल, विद्यालय तथा ४ स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो । बाढीपहिरो निर्माण सम्पन्न भएको डम्फू पार्क, १० शय्याको १ अस्पताल, चिस्यान केन्द्रसहितको औद्योगिक ग्राम बगाएको थियो । गत साल असोजको बाढीपहिरोबाट जिल्लामा ८१ जनाले ज्यान गुमाएका थिए । ६ जना अझै बेपत्तामा सूचीकृत छन् भने १०० को हाराहारीमा घाइते भएका थिए । गत चैत अन्तिम साताबाट जिल्लामा सबैभन्दा बढी जनधनको क्षति बेहोरेको रोसी गाउँपालिकाबाटै निजी आवासको विस्तृत क्षति आकलन सुरु गरिएको थियो ।

# जानीजानी वनमा डढेलो लगाउने प्रवृत्ति !



■ सौर्य समाचार

तनहुँ । सामुदायिक वनमा मानिसले जानीजानी डढेलो लगाउने प्रवृत्ति बढ्दै गएको छ । सामुदायिक वनमा ९० प्रतिशभन्दा बढी डढेलो मानव सिर्जित हुने गरेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए । त्यसमध्ये ६४ प्रतिशत डढेलो मानिसले जानाजान लगाउने गरेको रानाभाटले बताए । मानिसले जानीजानी लगाउने डढेलो नियन्त्रण नै अहिलेको प्रमुख चुनौती रहेको उनको भनाइ छ । उनले भने, 'सामुदायिक वनमा यत्तिकै आगो लाग्ने सम्भावना निकै कम छ, मानिसले नयाँ घाँस पलाउँछ भनेर डढेलो लगाइदिने गरेका छन् । यसलाई पूर्ण रूपमा रोक्न सकिएको छैन ।'

रानाभाटका अनुसार चरिणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेबाट १५, शिकारीबाट ७, वनभोज क्याम्पफाइरिङ आउनेहरूबाट ७, बच्चाहरू खेल्दा ६, अवैध काठ कटान गर्नेहरूबाट ५, अतिक्रमणकारीबाट ५, खोरिया फँडानीबाट ५, गोल पोल्नेबाट ४ प्रतिशत र बाँकी जडिबुटी संकलकबाट डढेलो लाग्ने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा ७१ वटा सामुदायिक वनका १ हजार ३२२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो । यस्तै आव २०८१/८२ मा ८४ सामुदायिक वनका ६६२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको रानाभाटले जानकारी दिए । दक्ष जनशक्तिको कमी, आधुनिक उपकरणको अभाव, बजेट कमलगायत कारणले डढेलो नियन्त्रणमा समस्या हुँदै आएको उनले बताए ।

उनले भने, 'वनमा डढेलो लगाउनेलाई नियन्त्रणमा लिएर कारबाही गर्न पनि सकेका छैनौँ, लुकिछिपी डढेलो लगाउँदा पहिचान खुलाउनै गाह्रो भइरहेको अवस्था छ ।' उनका अनुसार जिल्लाभर ६२५ सामुदायिक वन छन् । सामुदायिक वनका उपभोक्तालाई डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम भइरहेका छन् । डिभिजन वन कार्यालय र आठ वटा सवडिभिजन कार्यालयमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार वन डढेलोले कम्तीमा १० प्रतिशत तापक्रम बढाउने गर्दछ ।

डढेलोबाट भुइँमा झरेका रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने, वनमा लागेको आगो नजिकको गाउँघरमा सरी जनधनको क्षति हुनेलगायत जोखिम रहेका वन अधिकृत श्रेष्ठले बताए । गर्मी मौसममा बिडी, चुरोट खाएर जथाभाबी फाल्नाले, वन्यजन्तु भगाउन तथा नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलो झन बढ्दै गएको उनको भनाइ छ ।

## डढेलो नियन्त्रणका लागि र्‍यापिड रेस्पोन्स टिम

वन डढेलो नियन्त्रणलाई प्रभावकारी र द्रुत बनाउन तनहुँमा बहुपक्षीय सहभागितासहित र्‍यापिड रेस्पोन्स टिम (द्रुत प्रतिकार्य टोली) गठन गरिएको छ । डिभिजन वन कार्यालय तनहुँको पहलमा वन, प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा सामुदायिक वन उपभोक्ता महासङ्घका प्रतिनिधिसहित उक्त टोली गठन गरिएको हो । वन अधिकृत श्रेष्ठको संयोजकत्वमा गठित समितिको सदस्यहरूमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी गोपाल पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिव पाठक, सशस्त्र प्रहरी बलका निरीक्षक रामशरण विष्ट, अनुसन्धान अधिकृत रेवन पोखरेल, कालीभञ्जन गण (इ) का सहसेनानी पोखरेन्द्र राना तथा सामुदायिक वन उपभोक्ता महासंघ, तनहुँका अध्यक्ष विष्णुकुमार श्रेष्ठ रहेका छन् ।

टोली गठनसँगै वन डढेलो लाग्ने बित्तिकै तत्कालै घटनास्थलमा पुगेर नियन्त्रण, उद्धार तथा समन्वय कार्यलाई तीव्र बनाउने लक्ष्य राखिएको छ । विशेषगरी सुख्खा मौसममा डढेलोको जोखिम बढ्दै जाने भएकाले पूर्वतयारी स्वरूप यस्तो टोली गठन गरिएको संयोजक श्रेष्ठले बताए । उनले वन डढेलो नियन्त्रणमा ढिलाइ हुँदा ठुलो क्षति हुने भएकाले तत्काल प्रतिक्रिया दिने संयन्त्र आवश्यक भएको बताए । उनले भने, 'डढेलो नियन्त्रणमा समय सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसैले विभिन्न निकायबीच समन्वय गरी छिटो परिचालन हुने गरी रेस्पोन्स टिम गठन गरिएको हो ।'

श्रेष्ठले स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणसँग सहकार्य गरेर सचेतना अभिवृद्धि, निगरानी तथा पूर्वतयारीका कार्यक्रमलाई पनि सँगसँगै अघि बढाइने जानकारी दिए । 'मानवीय लापरबाहीका कारण धेरैजसो डढेलो लाग्ने भएकाले जनचेतना अत्यन्त आवश्यक छ,' उनले भने । सम्बन्धित निकायहरूको संयुक्त प्रयासबाट वन डढेलो न्यूनीकरणमा प्रभावकारी उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ । साथै, टोलीले जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी तथा आकस्मिक अवस्थामा तत्काल परिचालन भई क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको डिभिजन वन कार्यालयका प्रमुख रानाभाटले जानकारी दिए ।


## Badigad Rural Municipality
### Office of the Rural Municipal Executive
Gwalichaur, Baglung,
Gandaki Province

**Invitation for Sealed Quotation**

**Date of publication: 25-03-2026 AD. /2082/12/11 B.S**

1 Badigad Rural Municipality, Baglung invites Sealed Quotations from eligible bidders for the procurement as follows.

| S.N | Contract No./ID | Name of Contract | Bid Document Fee (NRs.) | Bid Security (NRs) | Estimated Amount Including VAT | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/RW/10/2082/83 | Construction of Nayagaun Nigalpani Gangare Motor bato | 1000/- | 25000/- | NRs.9,80,918/- | 45 days |
| 2 | BRM/SQ/GOODS/07/2082/83 | Procurement and Supply of Medicine | 1000/- | 35000/- | NRs. 13,01,180/- (VAT not allowed) | 45 days |
| Deadline for Bid Submission: 09/04/2026 till 12.00 hrs | | | | Bid Opening: 09/04/2026 till 13.00 hrs | | |

2 Eligible bidders may obtain further information and inspect the bidding document at Badigad Rural Municipality, Baglung or may visit PPMO website www.bolpatra.gov.np/egp.

## खप्तड छेडेदह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/११ गते

यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालय द्वारा मिति २०८२/११/०५ बोलपत्र आह्वानका लागि प्रकाशित सूचना अनुसार E-Bid मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा यस कार्यालयको बोलपत्र मुल्याङ्कन समितिबाट देहायका कार्यमा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उफदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | KCRM/NCB/W/05/2082-083 | Mashteshwari School Khelmaidan Nirman (Namuna Programme) at KCRM-05, Dogadi, Bajura. | New Badalek Nirman Sewa, khaptad Chhededaha-07, Bajura. | रु.६०,४७,८२८/२२ (अक्षरुपी साठी लाख सतचालिस हजार आठ सय अट्ठाइस रुपैंया र बाइस पैंसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## Mangalsen Municipality
### Office of Municipal Executive
Mangalsen, Achham
Sudurpaschim Province, Nepal

**Invitation For E-Bids**

**Date of Publication: 2082/12/11**

The Office of Mangalsen Municipality (Mangalsen, Achham) invites Online Bid From Eligible Nepalese Bidders For the procurement of the following works:

| S.N. | Description of works and Contract Identification No. | Estimated Cost in NRs. (Including VAT but excluding of Contingency and PS) | Bid Security Fee in NRs. | Bid Document Fee (NRs.) | Last Date of Bid Submission and Opening | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Procurement, Supply and Delivery of Sanitary pads. (MM/ACH/SQ/04/2082-83) | 10,75,182.57 | 27,000.00 (Validity Period of Bid Security = 75 Validity Period of Bid = 45 days.) | 1000.00 | Last Date of Bid Submission: 2082/12/25 at 12:00 Hrs. Last Date of Bid Opening: 2082/12/25 at 13:00 Hrs | |

Eligible Bidders may obtain futher information from PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.
Swadeshi Multipurpose Co-operative Ltd.
का.म.पा.-१, नक्साल, काठमाडौं
)!-%(!!#*@

**चौथो बार्षिक साधारण सभा बस्ने सम्बन्धि सूचना**

यस संस्थाको मिति २०८२/१२/१० गते बसेको सन्चालक समितिको ७३औ बैठको निर्णय अनुसार यस संस्थाको चौथो वार्षिक साधारणसभा निम्न मिति , समय र स्थानमा तपसिलका विषय उपर छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई जानकारी तथा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति :- २०८३/०१/११ गते शुक्रवार (तद्नुसार 24th APR, 2026)
समय :- विहान १०:०० बजे
स्थान :- लिसारा रिसेप्सन्स को सभाहल, का.म.न.पा-१, नक्साल, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**
१. आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व २०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
४. लाभांश वितरण सम्बन्धमा ।
५. आ.व २०८२/८३ को प्रस्तावित बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।
६. आ.व २०८२/८३ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।
७. आ.व २०८१/८२ को संचालक समिति बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८. निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
९. विविध ।

**संचालक समितिको आज्ञाले**
**सचिव**

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इलाम
इलाम, नेपाल

**क्याटलक सपिङ विधिबाट खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०८२/१२/११**

यस कार्यालयको आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार निम्न अनुसारको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ संशोधन समेतको दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन समेत को नियम ३१ ख(१) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधन विक्री गर्न चाहने उत्पादक वा सोको आधिकारिक विक्रेता तथा प्रतिनिधिले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेसीफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर), सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय संचालनको इजाजतपत्रको प्रतिलिपी संलग्न राखी यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन, (२०८२/१२/२५) गते दिनको १२.०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन जानकारी गराइन्छ, दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको २.०० बजे खोलिने हुँदा सम्बन्धित उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरुको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत प्राविधिक स्पेसिफिकेशनको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सम्पर्कको लागीः- Email: vhlsecilam@gmail.com, फोन नं. ०२७५२३०४३

**सवारी साधनको विवरण**

| Type of Vehicle | General specification |
|---|---|
| 4WD DOUBLE CAB PICKUP | Double Cab 4WD Pick Up, Right Hand Drive model with four wheel/All wheel drive, suitable for driving in Nepal at an altitude upto3000 meter and in ambient temperature -10 to 50 degree centigrade. Gross Vehicle shall not be less than 2700 kg and shall have seating capacity for at least 5 Persons including driver.Water cooled diesel Engine, developing Maximum rated power output not less than 45 KW and maximum torque should not be less than 190 NM at governed RPM. (engine fully equipped with accessories) for efficient full load operation of jeep at operating conditions, shall be equipped with cold starting device, direct electric starting system, heavy duty fuel filter. Manual shift at least five forwards and one reverse, 4WD engaged through control of driver. Color: Standard Color. Ground clearance:- High Ground clearance preferred. Minimum 200 mm.Manufacturer shall provide a minimum of One-year warranty after acceptance. etc . |

अन्य विषयको हकमा स्वीकृत स्पेसिफिकेशन बमोजिम हुनेछ ।

# कोलम्बियामा सैन्य विमान दुर्घटना हुँदा कम्तीमा ६६ जनाको मृत्यु

■ एजेन्सी



बोगोटा । कोलम्बियाको दुर्गम अमेजन क्षेत्र पोर्टो लेगुइजामो नजिकै भएको सैन्य विमान दुर्घटनाले देशलाई गहिरो शोकमा डुबाएको छ । १२८ जना सवार रहेको विमान उडेको केही समयमै दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६६ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने दर्जनौं घाइते भएका छन् ।

कोलम्बियाको सशस्त्र बल प्रमुख ह्युगो अलेजान्द्रो लोपेज ब्यारेटोले दुर्घटनामा ६६ जना सैनिकको ज्यान गएको जानकारी दिए । उनका अनुसार अझै ५ जना सैनिक बेपत्ता रहेका छन् । 'यो अत्यन्त दुःखद् घटना हो, जसले हाम्रो सेनामा ठुलो क्षति पुऱ्याएको छ', उनले भने ।

उनले प्रारम्भिक अनुसन्धानका आधारमा यो घटना कुनै अवैध सशस्त्र समूहको आक्रमणका कारण नभएको भन्दै त्यस्तो कुनै संकेत हालसम्म नदेखिएको स्पष्ट पारे ।

दुर्घटनास्थल पोर्टो लेगुइजामो, पुतुमायो प्रान्तमा पर्छ । यो इक्वेडर र पेरुको सीमासँग जोडिएको दुर्गम अमेजन क्षेत्र हो । स्थानीय उपमेयर कार्लोस क्लारोसले मृतकहरूको शव सानो सहरको शवगृहमा राखिएको र सीमित स्वास्थ्य पूर्वाधारका कारण घाइतेहरूलाई प्राथमिक उपचारपछि ठुला सहरतर्फ पठाइएको बताए । उनले स्थानीय बासिन्दाहरूले उद्धारमा सक्रिय सहयोग गरेको भन्दै आभार व्यक्त गरेका छन् ।

कोलम्बियाका रक्षामन्त्री पेद्रो सान्चेजले दुर्घटनाग्रस्त विमानले पुतुमायोको अर्को क्षेत्रमा सेना लैजाँदै गरेको जानकारी दिए । अमेरिकामा निर्मित उक्त सी-३० हक्यर्सपलज विमानमा ११५ जना सैनिक, ११ जना चालक दलका सदस्य र २ जना राष्ट्रिय प्रहरी सवार थिए । दुर्घटनापछि ५७ जनालाई जीवितै उद्धार गरिएको बताइएको छ ।

दुर्घटनापछि सार्वजनिक भएका तस्बिर र भिडियोहरूमा दुर्घटनास्थलबाट बाक्लो कालो धुवाँ उठिरहेको देखिन्थ्यो भने सैनिकहरू र स्थानीय बासिन्दाहरू उद्धार तथा आगो निभाउने प्रयासमा जुटेको दृश्य देखिन्थ्यो । केही घाइतेहरूलाई मोटरसाइकलमार्फत हतारमा सुरक्षित स्थानतर्फ सारिएको थियो ।

कोलम्बियाको वायु सेनाका कमान्डर कार्लोस फर्नान्डो सिल्भाले दुर्घटनाको कारणबारे अझै स्पष्ट हुन नसकेको बताए । उनका अनुसार विमानमा प्राविधिक समस्या आएको र विमानस्थलबाट करिब २ किलोमिटर टाढा खसेको हो । घाइतेहरूको उद्धारका लागि विशेष विमानमार्फत राजधानी बोगोटा लगायतका अस्पतालहरूमा सारिएको छ ।

दुर्घटनालाई लिएर राष्ट्रपति गुस्ताभो पेट्रोले सैन्य उपकरणको आधुनिकीकरण आवश्यक रहेको पुनः जोड दिए । उनले प्रशासनिक कमजोरी र ढिलासुस्तीका कारण सुधारका प्रयासहरू अवरुद्ध भएको उल्लेख गर्दै जिम्मेवार अधिकारीलाई जबाफदेही बनाउनुपर्ने संकेत गरे । यद्यपि विपक्षीहरूले भने बजेट कटौतीका कारण सैन्य उडान समय घट्दा अनुभवहीन चालक दलका सदस्यहरू बढेको र त्यसले जोखिम बढाएको तर्क गरेका छन् ।

उड्डयन तथा सैन्य विश्लेषक एरिक सौमेथका अनुसार दुर्घटनाग्रस्त 'हकुलुलस सी-१३०' विमान सन् २०२० मा अमेरिकाले कोलम्बियालाई उपलब्ध गराएको थियो र त्यसपछि यसको विस्तृत मर्मतसम्भार पनि गरिएको थियो । उनले विमानमा प्रयोग गरिएका उपकरण वा पाट्र्सको कमीका कारण दुर्घटना भएको सम्भावना कम रहेको बताउँदै इन्जिन किन उडानपछि छिट्टै असफल भयो भन्नेबारे अनुसन्धानले स्पष्ट पार्नुपर्ने उल्लेख गरे । रक्षामन्त्री सान्चेजले पनि दुर्घटनास्थल नजिक सक्रिय विद्रोही समूहको संलग्नताको कुनै प्रमाण नभएको बताए । उनले यस घटनालाई 'राष्ट्रका लागि गहिरो पीडादायी' भन्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरे ।

यो दुर्घटनाले कोलम्बियाको सुरक्षा संयन्त्र, सैन्य तयारी र पूर्वाधारमाथि गम्भीर प्रश्न उठाएको छ भने देशभर शोकको वातावरण सिर्जना गरेको छ ।

# इरानका ग्यास पूर्वाधारमा अमेरिकी-इजरायली आक्रमण, आंशिक क्षति

■ एजेन्सी

तेहरान । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ५ दिनसम्म इरानका ऊर्जा संयन्त्रमा आक्रमण नगर्ने घोषणा गरेको केही घण्टामै भएको इजरायली-अमेरिकी संयुक्त आक्रमणले इरानका २ ग्यास प्लान्ट र पाइपलाइनलाई लक्षित गरेको इरानी मिडियाहरूले जनाएका छन् ।

फार्स समाचार एजेन्सीका अनुसार मंगलबार भएको आक्रमणमा मध्य इरानमा रहेका ग्यास प्रशासन भवन र इस्फहानको काभेह स्ट्रिटमा रहेको ग्यास प्रेसर रेगुलेसन स्टेसन आंशिक रूपमा क्षतिग्रस्त भएको छ । देशको दक्षिणपश्चिममा रहेको खोर्रमसहर पावर प्लान्टको ग्यास पाइपलाइन पनि आक्रमणको निशानामा परेको बताइएको छ । तर स्थानीय गभर्नरले पूर्वाधार सामान्य रूपमा सञ्चालनमा रहेको र ग्यास आपूर्तिमा अवरोध नभएको पुष्टि गरेका छन् । इरानी मिडियाले यो घटनालाई 'जियोनिस्ट र अमेरिकी शत्रुले गरेको जारी आक्रमणको हिस्सा' भनेको फार्सले बताएको छ ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सम्बन्धित ऊर्जा पूर्वाधारमा आक्रमण गर्ने ४८ घण्टे अल्टिमेटम दिएका थिए । तर सोमबार अचानक आफ्नो अडान परिवर्तन गर्दै 'सबै कुरा धेरै राम्रो भइरहेको छ' भन्दै ५ दिनसम्म इरानका ऊर्जा पूर्वाधारमाथि आक्रमण नगर्ने घोषणा गरेका थिए । तर इरानी मिडियाले ट्रम्पले भनेजस्तो युद्ध अन्त्य वा वार्ताको कुनै संकेत नभएको उल्लेख गरेको छ ।

विशेषज्ञहरूले यस घटनालाई क्षेत्रीय तनाव र ऊर्जा सुरक्षा जोखिमको संकेतका रूपमा हेरिरहेका छन् । अमेरिकी-इजरायली कदमले इरानको रणनीतिक ग्यास आपूर्ति र पावर प्लान्टहरूमाथि दबाब कायम गर्ने प्रयास भएको देखिन्छ ।

स्रोतहरूका अनुसार आक्रमणले तत्काल ग्यास आपूर्ति बाधित नगरे पनि आंशिक क्षतिले लामो समयमा मर्मत र निगरानी आवश्यक पर्ने अवस्था सिर्जना गरेको छ ।


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply & Sewerage Management**

## Water Supply and Sewerage Management Office, Biratnagar

## Notice of Intent to Award the Contract

**Date of Publication: March 25, 2026 (2082/12/11)**

This is to notify all concerned bidders that Pursuant to sub clause 27.2 and 27.3 of Public Procurement Act 2063, we intend to award the following contracts in the table below, bid published in January 06, 2026 (2082/09/22 B.S) in Sourya Daily Newspaper as well as PPMO's website www.bolpatra.gov.np/egp. The Bidder's bid price is as follows:

| S.N. | Contract ID | Contract Name | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price in NRs. (Including PS and VAT) |
|---|---|---|---|---|
| 1 | 02/82-83/CFWSP-Beldangi/WSSMO_BRT | Entire Construction of Deep Tubewell, Borehole Platform, Pump House, Pipeline and Etc. for Beldangi Co-Financing Water Supply Project, Damak Municipality-2,3,4 Jhapa | Lal Prasad Sharma & Sons (P.) Ltd., Bhadrapur-08, Jhapa | 2,49,47,034.28 |
| 2 | 03/82-83/CRLWSP-Charali/WSSMO_BRT | Construction of Deep Tubewell, borehole platform, Mechanical treatment Plant and Electromechanical Works for Charali Water Supply Project, Mechinagar Municipality-12, Jhapa | Global Construction And Water Treatment Pvt. Ltd., Koteshwor-32, Kathmandu | 2,18,68,219.02 |

**Office Chief**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**

## Water Supply and Sewerage Management Office

**Bhaktapur**

## Invitation for Bids (IFB)

**First date of publication:-2026/03/25(BS-2082/12/11)**

Water Supply and Sewerage management Office, Bhaktapur invites only electronics bids (www.bolpatra.gov.np/egp) for the following works under National competitive Biddings.Intrested Companies should submit only online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2026/04/24 (BS-2083/01/11) 12:00.

| S.N | Contract NO. | Description of works | Estimated Rate with VAT and PS | Bidding Price NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB/W/10/82-83/ WSSMO/BHKT | Construction of Deep Boring at Chundevi Water Supply Project, Bhaktapur | NRs. 4110945.43 | 3,000.00 | 92,000.00 |

The detail notice can be assessed from www.bolpatra.gov.np/egp

**Office Chief**

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**नुवाकोट, नेपाल**

## बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशय तथा आर्थिक प्रस्ताव खोल्नेबारे सूचना

**प्रकाशित मिति : २०८२।१२।११**

यस कार्यालयको तपशिल बमोजिमको निर्माण कार्यहरु खरिद सम्बन्धी मिति २०८२।१०।२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम E–bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ज) को खण्ड ५ बमोजिम तपसिलमा उल्लेखित योग्यताको सबै आधारमा सफल प्रभावग्राही बोलपत्रदाताहरुको मिति २०८२।१२।१८ गते दिनको ११:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**योजना**: Kagune Aamthang Hudai Tudi Jodne Sadak Meghang Ga.pa Ra Bidur Na.Pa, Nuwakot
Contract ID: IDONUWAKOT/W/NCB/56/2082-83

**प्रविधिक प्रस्ताव मूल्याँकनमा सफल बोलपत्रदाताहरुको नाम, ठेगाना**

1. Siddhartha Nirman Sewa – Singla Construction P. Ltd. JV, Kathmandu
2. Highlander Construction & Engineering Solution P. Ltd. – Shivashree Construction & Suppliers P. Ltd. JV, Kathmandu
3. Deepak And Divya Builders P. Ltd. – Shree Krishna Nirman Sewa JV, Nuwakot
4. Summer Construction – Chokade B.S. Construction P. Ltd. JV, Kathmandu
5. Sony Construction – Krishna & Kaushaliya Nirman Sewa – Abhishek Builders JV, Dhanusha
6. Jaya Jyoti Nirman Sewa Pvt. Ltd., Nuwakot
7. B. S. Dhaulagiri Construction And Housing Pvt. Ltd., Kathmandu
8. Sagarmatha Infrastructure Pvt. Ltd., Makwanpur

**योजना**: Mahadevfat Pul Budhasing Newarpani Jorchauthara Kausini Road (Remaining Section), Tarkeshwor RM, Nuwakot
Contract ID: IDONUWAKOT/W/NCB/57/2082-83

**प्रविधिक प्रस्ताव मूल्याँकनमा सफल बोलपत्रदाताहरुको नाम, ठेगाना**

1. P & D.K. Builders P. Ltd. - Prasai Nirman Sewa JV, Ramechhap
2. Summer Construction P. Ltd. – Thanapati Mahadev Construction JV, Kathmandu
3. Shantideva Nirman Sewa P. Ltd. – Thike Construction P. Ltd. JV, Bhaktapur
4. Ganapati Construction, Nuwakot
5. Jaleshwori R.J Multipurpose P. Ltd. – GhyangDada Devi Nirman Sewa JV, Nuwakot
6. Ba. Su Construction – Ghalan Suppliers and Nirman Sewa P. Ltd. JV, Nuwakot
7. Pokhari Tanbe Construction – Mountain Panda Construction P. Ltd. JV, Ramechhap
8. Ratna Infrastructure P. Ltd., Nuwakot

**कार्यालय प्रमुख**

## Gokarneshwor Municipality

### Office of Municipal Executive

**Bagmati Province, Nepal**
**Jorpati, Kathmandu**

### Electronic Bids for the Procurement of Supply, Delivery and Installation of Oxygen Concentrator for Gokarneshwor Municipality.

## Invitation for Bids

**Date of publication: 2082/12/11**
**Invitation for Bids No: GOMUN/NCB/GOODS/082-83/06**

The Gokarneshwor Municipality invites electronic bids from eligible bidders for the procurement of following items under National competitive bidding – Single Stage Single Envelope procedures specified in public procurement act and regulations.

| Descriptions of Works | Quantity | Minimum Bid security amount ( NRs.) |
|---|---|---|
| Supply, Delivery and Installation of Oxygen Concentrator for Gokarneshwor Municipality. | 30 Units | NRs.78,000.00 |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gokarneshwor Municipality Jorpati, Kathmandu Mailing Address:- gokarneshwor2071@gmail.com_Telephone:- 01-4914114, 01-4914115, or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Electronic Bidding document is available online and can be downloaded on or before 12:00 noon on 2083/01/11 for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders have to download the necessary part of bidding documents, prepare and submit their bids as specified in Instruction to Bidders.The bidder shall be required to deposit the non-refundable fee of NRs.3000.00 In the Revenue (Rajaswa) account as specified below and electronic scanned copy (pdf format) of Bank Deposit voucher shall also be submitted along with the electronic bid files.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Agricultural Development Bank, Jorpati, Kathmandu**
   **Name of Office: Gokarneshwor Municipality**
   **Office Account no.: 0210801146156199**
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2083/01/11. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2083/01/11 at the office of Gokarneshwor Municipality Jorpati, Kathmandu. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 78,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. (i.e. minimum of 120 days). The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   **Name of the Bank: Agricultural Development Bank, Jorpati, Kathmandu.**
   **Name of Office: Gokarneshwor Municipality**
   **Dharauti Account no.: 0210801146156083**
5. Pre-bid meeting shall be held at Gokarneshwor Municipality office of Municipal Executive, Jorpati at 13.00 hours 2082/12/29 .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instruction of Bidder included in the Bid Document. Noncompliance with this instruction will result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

प्रधानमन्त्री कप

# रेकर्ड स्कोरसहित पुलिसको फराकिलो जित, बागमतीको विजयी सुरुआत



■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री कप (पिएम कप) क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लब र बागमती प्रदेशले प्रभावशाली जित दर्ता गरेका छन् । मूलपानी क्रिकेट मैदानमा भएको खेलमा पुलिसले विभागीय टोली एपिएफ क्लबलाई १८५ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित हासिल गरेको हो भने अर्को खेलमा बागमती प्रदेशले गण्डकी प्रदेशलाई १७० रनले हराएको छ । पुलिसको जितमा उत्कृष्ट ब्याटिङ प्रदर्शन निर्णायक बन्यो । पुलिसले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै ३५५ रनको विशाल योगफल खडा गर्‍यो, जुन प्रतियोगिताकै हालसम्मकै उच्च स्कोर हो । टोलीका ४ खेलाडीले अर्धशतक प्रहार गरे ।

दिनेश खरेलले ६० रन बनाउँदै टोलीलाई मजबुत सुरुआत दिलाए भने शंकर राना (६१), आरिफ शेख (५०) र दिलसाद अली (अविजित ५०) ले उत्कृष्ट योगदान दिए । अमित श्रेष्ठले ३९ रन जोड्दा रसिद खानले ४४ रन बनाए । जवाफी ब्याटिङमा एपिएफ ४४ ओभरमा १७० रनमै समेटियो । सुरुआतदेखि नै दबाबमा परेको एपिएफले ६४ रनमै ६ विकेट गुमाएको थियो । नन्दन यादवले अविजित ४४ रन बनाए पनि अन्य ब्याटरहरूले राम्रो प्रदर्शन गर्न सकेनन् । पुलिसका ललित राजवंशीले ३ विकेट लिए भने करण केसी, रसिद खान र दिनेश खरेलले समान २-२ विकेट हात पारे ।

उत्कृष्ट प्रदर्शनका लागि दिनेश खरेल 'प्लेयर अफ द म्याच' घोषित भए । यो जितसँगै पुलिसले २ अंक जोडेको छ भने एपिएफको यो पहिलो हार हो । त्यसैगरी, प्रतियोगिताको अर्को खेलमा बाग्मती प्रदेशले गण्डकी प्रदेशमाथि १७० रनको सहज जित निकाल्यो । टस हारेर पहिले ब्याटिङ गरेको बाग्मतीले ५० ओभरमा ८ विकेट गुमाउँदै २९४ रन बनाएको थियो । ईशान पाण्डेले ७१ रनको उत्कृष्ट पारी खेले भने अशुतोष घिरैयाले ५९ रन जोडे । शुभ कंसाकारले ४४ रन बनाए भने कप्तान सन्दीप लामिछाने २६ रनमा अविजित रहे ।

२९५ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेश ३१.५ ओभरमा मात्र १२४ रनमा अलआउट भयो । अर्जुन कुमालले सर्वाधिक ७४ रन बनाए पनि अन्य खेलाडीले साथ दिन सकेनन् । बलिङतर्फ बाग्मतीका रिजन ढकालले ३ विकेट लिए भने सन्दीप लामिछाने र ईशान पाण्डेले समान २-२ विकेट लिए । दयानन्द मण्डल र सुबास खत्रीले १-१ विकेट लिए । यी नतिजासँगै प्रतियोगितामा पुलिस र बागमती दुवैले आफ्नो दाबेदारी मजबुत बनाएका छन् ।

# तेल भिसाका निर्माता कार्की पक्राउ

■ सौर्य समाचार

काठमाडौं । काठमाडौंमा वैदेशिक रोजगारीका नाममा ठगी गरेको आरोपमा चलचित्र 'तेल भिसा' का निर्माता शिवराज कार्की पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सिन्धुली सुनकोसी गाउँपालिका-७ स्थायी घर भई हाल गोकर्णेश्वर नगरपालिका-४ माकलबारी बस्दै आएका ४४ वर्षीय कार्कीलाई चैत ९ गते स्वयम्भू क्षेत्रबाट नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीका अनुसार कार्कीले विभिन्न व्यक्तिहरूलाई अमेरिका लगायतका देशमा रोजगारीका लागि पठाइदिने प्रलोभन देखाई ठगी गरेको आरोप छ । पासाङ नोर्बु तामाङसहितका पीडितहरूले कार्कीलगायतविरुद्ध जाहेरी दिएका थिए ।

प्रारम्भिक अनुसन्धानमा उनले करिब २५० जनासँग रकम लिएको पाइएको छ, जसमा १०० भन्दा बढी पीडित प्रहरीको सम्पर्कमा आइसकेका छन् । कार्कीले काठमाडौंको चाबहिल क्षेत्रमा 'पी एन्ड एम इन्नोभेटिभ सर्भिस' नामक कन्सल्टेन्सी सञ्चालन गर्दै आएको खुलेको छ । उनीविरुद्ध वैदेशिक रोजगार विभागमा विभिन्न मितिमा मुद्दा दर्ता भइसकेका छन् भने हालसम्म ६ वटा पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ । साथै, गत असार २४ गते बैंकिङ कसुरसम्बन्धी मुद्दा पनि प्रहरी वृत्त लैनचौरमा दर्ता भएको पाइएको छ ।

अनुसन्धानका क्रममा कार्की पछिल्लो ३ महिनादेखि भारतको नयाँ दिल्लीस्थित पहाडगन्ज क्षेत्रमा बसेको र त्यहाँ 'अन्नपूर्ण फास्टफुड' सञ्चालन गर्दै आएको खुलासा भएको छ । उनले भारतीय आधार कार्ड र प्यान कार्डसमेत लिएको तथ्य पनि भेटिएको प्रहरीले जनाएको छ । हाल पक्राउ परेका कार्कीलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको छ ।

# एन्फालाई २४ घन्टाभित्र जबाफ दिन राखेपको पत्र

■ सौर्य समाचार

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई २४ घन्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ । राखेपको निर्देशन एन्फाले प्रचलित कानुनविपरीत साधारणसभा र निर्वाचन अघि बढाएको आरोपका कारण आएको हो । परिषद्ले पठाएको पत्रमा एन्फाले आवश्यक समन्वय नगरी तथा स्वीकृति नलिई निर्वाचन तालिका सार्वजनिक गरेको उल्लेख गरिएको छ । यसअघि फागुन २५ मा पनि राखेपले कानुनी प्रक्रिया पूरा नभएसम्म साधारणसभा र निर्वाचन स्थगित गर्न भनेको थियो ।

राखेपले युवा तथा खेलकुद मन्त्रालयको राय र मन्त्रीस्तरीय निर्णयका आधारमा राष्ट्रिय खेलकुद विकास ऐन २०७७ र नियमावली २०७९ अनुसार एन्फालाई निर्देशन दिएको बताएको छ । तर परिषद्का अनुसार एन्फाले त्यसको पूर्ण पालना गरेको छैन । एन्फाले भने अन्तर्राष्ट्रिय निकाय फिफा र एएफसीको निर्देशनलाई आधार मानेर निर्वाचन स्थगित गर्न नसकिने जबाफ दिएको छ ।

हाल एन्फा तोकिएकै मितिमा निर्वाचन गर्ने तयारीमा रहेको छ र सचिवालय चैत १३ गते बन्द रहने जानकारी पनि प्रकाशित गरेको छ । राखेपको कार्यकारी समितिले ऐनको दफा २९ अनुसार थप प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । साथै, एन्फामाथि कारबाही किन नगर्ने भन्ने विषयमा पनि स्पष्टीकरण मागिएको छ । यसरी सरकार र एन्फाबीच साधारणसभा र निर्वाचनको विषयमा विवाद जारी छ ।

## एन्फाविरुद्धको अनसन स्थगित

यसैबीच, एन्फा र सहिद स्मारक क्लबबीच भएको सम्झौता कार्यान्वयनको माग गर्दै सुरु भएको रिले अनसन नवौं दिनमा स्थगित भएको छ । क्लबहरूले मंगलबार जारी विज्ञप्तिमा चैत २ गतेदेखि सुरु भएको रिले अनसन स्थगित गरिएको जानकारी दिएका हुन् । अनसन स्थगित गर्नुको कारण एन्फाले राष्ट्रिय लिग र सहिद स्मारक महिला लिग स्थगित गरेपछि सहभागी खेलाडीको व्यवस्थापन, विदाई तथा क्लबहरूले भोगिरहेको आर्थिक क्षतिको व्यवस्थापनमा पदाधिकारीहरू व्यस्त हुनु परेको हो ।

क्लबहरूले भविष्यमा एन्फासँगको 'होम एन्ड अवे' प्रणालीसम्बन्धी सम्झौता पूर्ण रूपमा कार्यान्वयन गराउन सशक्त प्रयास गर्ने प्रतिबद्धता पनि जनाएका छन् । यस अनसनमा 'ए' डिभिजनका ८, 'बी' डिभिजनका ११ र 'सी' डिभिजनका ३ गरी कुल २२ क्लब सहभागी थिए । अनसनका बेला एन्फा नेतृत्व भने निर्वाचनको अन्तिम तयारीमा लागिरहेको थियो ।

# एसिया यू-१२ का लागि टेनिस खेलाडी छनोट

■ सौर्य समाचार

काठमाडौं । आइटिएफ एसिया यू-१२ टिम कम्पिटिसन (दक्षिण एसियाली क्षेत्रीय छनोट) का लागि नेपालबाट समान ३-३ ब्वाइज/गर्ल्स गरी ६ खेलाडी मंगलबार छनोट भएका छन् । नेपाल टेनिस संघको आयोजनामा सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको छनोट प्रतियोगिताबाट खेलाडी छनोट भएका हुन् ।

ब्वाइजमा आरित मल्ल, सभ्यजंग कार्की र सहंश बस्नेत छनोट भए । गर्ल्समा सारा पन्त, आर्या पौडेल र नायरा सि घले छानिए ।

ब्वाइजमा ७ तथा गर्ल्समा ६ खेलाडी छनोटमा सहभागी थिए । प्रतियोगिता अप्रिल १३ देखि १७ तारिखसम्म सातदोबाटोस्थित टेनिस कम्प्लेक्समै हुने नेपाल टेनिस संघका कार्यालय सचिव प्रवीण देवकोटाले जनाएका छन् ।

## Diprung Chuichumma Rural Municipality
## Office of the Rural Municipal Executive
**Yangsolatar, Khotang**
**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**First Date of publication: 2082/12/11 (25 March, 2026)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:-

| Contract Identification Number | Work Description/ Name of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| DCRM/WORKS/ NCB-04/2082/083 | Khotang Jilla Diprung Chuichumma Ga.Pa. Ma Bolpa-Pichakub Sadak Staronnati | NRs. 25,18,042.93 | NRs.65,000 | 120 days | NRs.3,000.0 |
| DCRM/GOODS/ NCB-01/2082/083 | Procurement and Supply of HDPE Pipe of various sizes | - | NRs. 1,20,000 | 120 days | NRs.3,000.0 |

2. Bidding Document is available online and can be downloaded from e-GP: http://www.bolpatra.gov.np/egp. Interested bidder should register in the e-GP system and deposit the required amounts in the following specified bank account: -
   Name of Bank: Sanima Bank, Diprung Branch
   A/C No:071010040000014 (Diprung Chuichumma Ga.Pa.Ga.1.1 Antarik Rajashwo Khata) for bid document fee.
   A/C No:071010020000020 (Diprung Chuichumma Ga.Pa.Ga.3.1 Sthaniya Taha Dharouti Khata) for bid security fee.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before 12:00 PM on 2083/01/11. The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at 2083/01/11 at 1:00 pm.
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**




**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
## आयुर्वेद चिकित्सालय
**नरदेवी, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकासित मिति: २०८२/१२/११**

यस चिकित्सालयको लागि आवश्यक पर्ने Anesthesia Work Station, OT Table and OT Light खरिदको लागि मिति २०८२/१०/२२ गते प्रकाशित सूचना (IFB. No. NAHKTM/G/NCB/03-2082/83) मार्फत बिद्युतीय बोलपत्र आव्हान गरिएकोमा रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८२/१२/०६ गते खोली सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८० बमोजिम मूल्याँकन गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशील बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम छनौट भएकोले सोही ऐनको दफा २७(२) बमोजिम उक्त बोलपत्र स्वीकृत हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| सि.नं. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| 1 | NAHKTM/G/NCB/ 03-2082/83 | The Procurement of Supply, Delivery and Installation of Anaesthesia Work Station, OT Table and OT Light | हार्मोनी मेडिकल सिस्टम प्रा.लि., काठमाण्डौं। | रु. ७३,४५,०००/- (अक्षेरुपी त्रिहत्तर लाख पैंतालिस हजार रुपैंया मात्र मू.अ.कर सहित ) |

## कोटहीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मझगावा, रुपन्देही**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८२/१२/११**

यस गाउँपालिकाको आ. ब २०८२ र ०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८२/११/०३ मा प्रकाशित सूचना बमोजिम e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल अनुसारका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिइ स्वीकृतीको लागि छनोट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि एनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S. N. | Contract ID | Name of Project | Name of Supplier and Adress | Amount NRs. (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | 02/W/NCB/ KRM/082/083 | Katfarwa Irrigation Canal Structures and Agricultural Road Construction Ward 4, 5, 6, 7 | Yadav Nirman Sewa, Kotahimai -7 | 11455545.57 |

**प्रमुख प्रशासकीय अधिकृत**

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी